Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३२ २०८१ पूर्णाङ्क ३२

राष्ट्रिय अभिलेखालय

रामशाहपथ, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अभिलेख
ABHILEKHA

वर्ष ३२ ✿ २०७१ ✿ पूर्णाङ्क ३२

प्रधान सम्पादक
प्रकाश दर्नाल

सम्पादक
राजु रिमाल
मनिता न्यौपाने
रज्जु हाडा

दुई शब्द

राष्ट्रिय अभिलेखालय राष्ट्रका अभिलेख सम्बन्धी महत्वपूर्ण आधिकारिक संस्था रही आएको छ। प्राचीनकालदेखि नै यस हिमवत्खण्डमा ज्ञानको सिर्जना, खोज र रचना हुँदै आएको हामी पाउँछौं। पुर्खाहरूले सिर्जिएका र सँगालेर राखेका सिर्जनाहरूको संकलन निकै लोभलाग्दो छ। घर घरमा रहेका ग्रन्थहरू तथा दरबारमा पुगेका संकलनहरू वीर पुस्तकालय हुँदै २०२४ सालमा राष्ट्रिय अभिलेखालयमा आइपुगेको देखिन्छ। विभिन्न ग्रन्थहरू, ऐतिहासिक कागजपत्र तथा महत्वपूर्ण अभिलेखहरूको संग्रह निरन्तर भइरहेको छ, यसले गर्दा थप भएका करिब २ हजार हस्तलिखित ग्रन्थहरूको थप नयाँ लगत तयार गर्नु पर्ने आवश्यकता देखिएको छ। दक्ष प्राविधिक तथा जनशक्ति नहुँदा एकातिर व्यवस्थापनमा कठिनाई परिरहेको छ भने अर्कोतिर सेवाग्राहीलाई सर्वसुलभ तरिकाले सेवा पुऱ्याउने उद्देश्यमा चुनौति देखिएको छ। रसायन प्रयोगशालामा लामो समयदेखि प्राविधिक रिक्तताले ग्रन्थहरूको संरक्षणमा बाधा परिरहेको छ भने वाइन्डिङ्ग कार्य सुचारू रूपले संचालन नहुँदा गोरखापत्र, राजपत्र, राइजिङ्ग नेपाल तथा पुस्तकहरूको संरक्षण र सम्वर्द्धनमा व्यवधान उत्पन्न भएको छ।

अभिलेखालयको संकलनमा विभिन्न लिपि र भाषाका ग्रन्थहरू छन्। यसको प्रमुख कार्यहरू मध्ये लिप्यन्तर गरी सेवाग्राहीलाई सुविधा दिनु पनि एउटा महत्वपूर्ण कार्य हो। तर भएको अनुभवी विशेषज्ञहरूको अवकाश पश्चात् रिक्त हुन आएको पदको समयमा परिपूर्ति नहुँदा पनि अभिलेखालयलाई यसको उद्देश्य प्राप्तिको दिशामा अघि बढ्न अप्ठ्यारो परिरहेको देखिन्छ।

देशभरीको ग्रन्थहरूको संकलन १९७० देखि २००० सम्म नेपाल जर्मन हस्तलिखित ग्रन्थ संरक्षण परियोजना अन्तर्गत गरिएको थियो। यसले गर्दा अभिलेखालयमा लाखौ ग्रन्थहरू १० हजार रिलमा अटाएको थियो। तर प्रविधिको त्रुटीले केही रिलमा खरावी आएको हुँदा ती ग्रन्थलाई वचाउने चुनौती पनि थपिएको छ। मूल ग्रन्थ ३०।३२ हजारको त आवश्यक परे फेरि माइक्रोफिल्म वा डिजिटाइजेशन गर्न सकिन्छ तर जुन संकलन गरेर ल्याइएको छ, त्यसको लगत पुनः खोज्न धेरै गाह्रो छ। तसर्थ त्यस्ता खराब भएका माइक्रोफिल्मका ग्रन्थहरू वचाउन डिजिटल स्क्यान खरिद गर्ने लक्ष्यमा सम्वन्धित सवैको सकारात्मक सोचले सफल हुन्छौं भन्ने लागेको छ।

उच्च भूकम्पीय जोखिम भएको हाम्रो देशमा आएको १९९०, २०४५ र २०६८ सालको भूईचालो हामीले विर्सेका छैनौ। राष्ट्रिय अभिलेखालयको भवन ८।९ रेक्टर स्केलसम्मको भूकम्प आए पनि नभत्कने गरी भूकम्पनिरोधक प्रविधियुक्त भएकोले र खासगरी अभिलेखात्मक सामग्रीहरूको भण्डारण गर्ने प्रयोजनले नै निर्माण गरिएको सन्दर्भमा र दक्षिण पूर्वी एसियामै महत्वपूर्ण भनी ख्याति प्राप्त गरेको अभिलेख भण्डारण लाई अन्यत्र सार्नु कुनै हालतमा उपयुक्त नहुने तथ्य अवगत गराउन चाहन्छु। नारायणहिटी दरवारमा यसलाई स्थानान्तर गर्ने निर्णय उचित थिएन। गिलगिट लिपिको छैठौं शताब्दीदेखिका सद्धर्मपुण्डरिक लगायत अन्य कैयौं अमूल्य ग्रन्थहरू यहाँ सुरक्षित छन्। ती यताउति भएमा देशलाई मात्र हैन विश्वलाई अपूरणीय क्षति हुन्छ। त्यसैले जब सम्म यसको व्यवस्थित र सुहाउँदो भवन तयार हुँदैन तव सम्म अभिलेखालयलाई अन्यत्र सार्न कुनै पनि दृष्टिकोणले उपयुक्त हुँदैन।

परराष्ट्र मन्त्रालयवाट करिव १२०० पोका डकुमेन्टस् आएको पनि ५ वर्ष हुन लागि सक्यो, यस वीचमा परराष्ट्र सचिव नै ४ वटा परिवर्तन भइसके तर कसैलाई ती डकुमेन्टस् राष्ट्रिय अभिलेखालयमा हस्तान्तरण गर्ने चासो नभएको देख्दा यसमा गहिरो चासो राख्ने अनुसन्धाताहरू र मित्रहरू चकित परेका छन्। तर अभिलेखालयले आफ्नो हातमा साँचो लिने प्रयास जारी नै राखेको छ।

अझै पनि नेपालमा व्यक्तिगत संग्रहमा थुप्रै ग्रन्थहरू रहेको छ। ती ग्रन्थहरू दर्ता गरेर व्यवस्थित तवरले नेपालमै रहनु पर्ने र त्यस्ता सम्पदा कुनै पनि हालतमा बाहिर जान नहुनेमा सबै सरोकारवाला पक्षहरू सजग हुनु पर्ने देखिन्छ।

देशको कुनाकाप्चावाट अभिलेखालय प्रति विश्वास देखाई आफ्नो कागजपत्र, ग्रन्थ, पुस्तकहरू दर्ता गराउनु हुने महानुभावहरू प्रति धन्यवाद प्रकट गर्दै डकुमेन्टेशन देशमा जहाँ गरे पनि गर्ने पर्नेमा जोड दिई अभिलेख पत्रिकालाई आफ्नो अमूल्य रचना उपलब्ध गराई सहयोग गर्नु हुने सवै लेखकहरूलाई धन्यवाद दिन चाहन्छु।

प्रकाश दर्नाल
प्रमुख
राष्ट्रिय अभिलेखालय

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

प्रकाशक : राष्ट्रिय अभिलेखालय
फोन नं. : ४२६४३५३
Website : nationalarchives.gov.np
प्रकाशन मिति : २०७१ साल, चैत्र
प्रकाशित प्रति : ५००
मूल्य रू. : २५/-
मुद्रक : कोशी प्रिन्टिङ्ग प्रेस, बबरमहल, काठमाडौं
फोन नं. : ४२२५६९६, ४२५१८३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विषय-सूची

विषय	लेखक	पृष्ठ संख्या
अधिराजमहाराजराजगुरुवंशावलीमा पाँडे गुरुज्यूहरू	- डा. महेशराज पन्त	५
नेपालको एकीकरणपछि अर्घाकोट कालिकामा गरिएको स्थितिबन्देज	- प्रा. डा. राजाराम उपाध्याय सुवेदी "त्र्यम्वक"	२१
नेपालमा अफिम उत्पादन तथा व्यापारमा सुधार प्रयास	- डा. भवेश्वर पंगेनी	२८
घरजग्गा बिर्तासम्बन्धी प्रतापसिंह शाहको लालमोहर	- डा. गोपाल धौबन्जार	३६
यौटा परित्यक्त अभिलेख	- डा. पुरूषोत्तमलोचन श्रेष्ठ	४४
एकीकृत नेपालको मुद्रा तिब्बतमा प्रचलनः ऐतिहासिक विवेचनाको नवीन धार	- देविचन्द्र श्रेष्ठ	४८
पशुपतिमा कीलित नेसं ५७३ को नेवाभाषाको तम्बशासन	- काशीनाथ तमोट	५३
महायोगी मिलारेपाको काठमाडौं उपत्यकाको यात्रा	- कल्पना पराजुली	६१
नेपालराष्ट्रियाभिलेखालयस्थाया गतिसूत्रमीमांसाख्यपाण्डुलिप्या अनुशीलनम्	- सहप्रा. भीमप्रसादकण्डेल	६६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Pañjikā of Gīrvāṇa Ratnāvalī:
A Text Composed by King Gīrvāṇa of Nepal
- Prof. Shaṅker Thāpā ________ ८२

An Official Letter of the Sa skya Hierarch Kun dga' blo gros kept in the National Archives, Kathmandu
- Christoph Cüppers ________ ९३

Six 19th-20th Century Documents on Elephants from the National Archives of Nepal
- Manik Bajracharya, Rajan Khatiwoda and Axel Michaels ________ ९६

Conservation of Palm Leaf Manuscripts (PLMs) in Nepal
- Griha Man Singh ________ १०६

Struts from the Tāriṇī Devī Temple *- Roshani Shrestha* ________ १११

कौसी तोषाखानाबाट प्राप्त लालमोहर १२४

राष्ट्रिय अभिलेखालयको मूललगतको पानाबाट १३३

आर्थिक वर्ष २०७०/७१ को वार्षिक गतिविधि १३६

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अधिराजमहाराजराजगुरुवंशावलीमा पाँडे गुरुज्यूहरू

- डा. महेशराज पन्त*

१. अधिराजमहाराजराजगुरुवंशावली भनी राष्ट्रिय अभिलेखालयको ढड्डामा चढेको एउटा वंशावलीको मूलको फ्याक्सिमिलि र मूलपाठ आफ्नो छोटो वक्तव्यसहित अभिलेख पत्रिकाको यसभन्दा २ अङ्कअगाडि छपाएको थिएँ ।[१] यस वंशावलीमा **अधिराज** शब्दले श्री ५, **महाराज** शब्दले श्री ३ र **राजगुरु** शब्दले पाँडे गुरुज्यूलाई बुझाएको छ । श्री ३ जङ्गबहादुरको सम्बन्धमा यस वंशावलीमा भएका ५ थरी विषयवस्तुमध्ये ३ थरीको विषयमा डेढ वर्ष जतिअगाडि राजधानी दैनिकमा छोटो लेख छपाएँ ।[२] यसपछि अभिलेखको यसभन्दा अघिल्लो अङ्कमा चाहिँ त्यही वंशावलीमा र अरू अरू वंशावलीमा दिइएको, श्री ५ को पुस्तेवारीको विषयमा लेखेको थिएँ ।[३] अभिलेखको यस अङ्कमा चाहिँ त्यही वंशावलीमा परेको, पाँडे गुरुज्यूहरूको विषयलाई लिएर लेख्दैछु ।

२. यस वंशावलीमा १७४ पद्यसम्म शाहवंश र राणावंशको कुरा आउँछ । त्यसपछि जङ्गबहादुरका ६ जना छोराहरू र नाति युद्धप्रतापजङ्गसम्मको कुरा लेखिएको गद्यवाक्य आउँछ । त्यसपछि फेरि १ श्लोकबाट राजगुरुको वंशावली उठाई त्यो १५ श्लोकमा टुङ्ग्याइएको छ ।[४] जङ्गबहादुरको उदयसँगै राजगुरु भएका विजयराजको र उनका वंशधरहरूको कुरा राजगुरुहरूको मात्र कुरा परेका यी १५ पद्यमा मात्र नभई माथि अरू अरू प्रसङ्गमा पनि छ ।[५]

---

* संशोधन मण्डलसँग आबद्ध हुनुहुन्छ ।

१. महेशराज पन्त २०६९ ।

२. ऐजन २०७० ।

३. ऐजन २०७० क ।

४. यस विषयमा बढी खुलाएर ऐजन २०६९: ६ मा §§ ४-५ मा लेखिएको छ ।

५. ऐजनः २२-२५ पृष्ठमा १०७+,[①] १११, ११४-११५, ११५+-१२० श्लोक, २८ पृष्ठमा १५३ श्लोक, २९ पृष्ठमा १५८-१६१ श्लोक ।

---

①. पद्यको सङ्ख्यापछि आउने गद्यवाक्यलाई धनचिह्न + ले यहाँ बुझाइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri

३. सबभन्दा पहिले यस वंशावलीअनुसार पाँडे गुरुज्यूहरूको पुस्तेवारी दिइन्छ–

१)	श्रीकृष्ण (३)[६]	
२)	अर्जुन (४)	
३)	लक्ष्मण (४)	
४)	गौरीश्वर (५)	
५)	जगन्निवास (६)	
६)	नारायण (७)	
७)	नागेश्वर (७)	
८)	विजयराज (७-९) + पद्मकुमारी (१५३)	विजयराज (७-९)
९)	नगेन्द्रराज (१०-११)	द्विजराज[७] (१२)
१०)	लोकराज (१३)	चन्द्रराज (१२)
११)	हेरम्बराज (१४)	

४. ११ वर्ष जतिअगाडि छापिएको, काश्यपगोत्रीय पाण्डे (बडाखोला)को वंशावली (आइन्दा बडाखोलावंशावली)बाट अब पाँडे गुरुज्यूहरूको पुस्तेवारी दिइन्छ। बडाखोलावंशावलीमा अहिलेसम्मको पुस्तेवारी भए पनि आदिपुरुष धर्मानन्ददेखि अधिराजमहाराजराजगुरुवंशावलीमा नाउँ परेका हेरम्बराजसम्मको मात्र पुस्तेवारी तल दिइन्छ–

---

६. यहाँ दशस्थानीसम्मका अङ्कले राजगुरुहरूको मात्र कुरा परेको यस वंशावलीको खण्डको र शतस्थानी अङ्कले चाहिँ यस वंशावलीको अघिल्लो खण्डको श्लोकसङ्ख्या बुझाउँछ।

७. यस वंशावलीको राजगुरुको वंशावली भएको खण्डमा नगेन्द्रराजका भाइ द्विजराज भनी लेखिएको छ (१०-१२ श्लोक)। विजयराजबाट पद्मकुमारीले नगेन्द्रराजलाई पाइन् भनी माथि (१५३ श्लोक)मा लेखिएको छ। यताबाट नगेन्द्रराज र द्विजराजको आमा एउटै भएको वा भिन्नै भएको स्पष्ट नभए पनि नगेन्द्रराजका जनाति ऐतिहासिक प्रकाश ए. राज २०५३: ४ ले यस्तो **विजयराजका तीन पत्नी थिए। जेठी पत्नी नगेन्द्रराजकी आमा थिइन् र शायद उनको देहान्त १८९० कै दशकमा भएको थियो। उनकी दोस्री पत्नीबाट पत्र द्विजराज र वेदराज र दुइ पुत्रीको जन्म भयो** लेखेका छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१) धर्मानन्द
|
२) ज्ञानकर
|
३) विश्वनाथ
|
४) विशालाक्ष
|
५) विश्वम्भर
|
६) नारायण
|
७) केशरी
|
८) श्रीधर
|
९) राधानन्द
|
१०) कमलानिधि
|
११) गङ्गाधर
|
१२) उमाकान्त
|
१३) रमानन्द
|
१४) केशव
|
१५) चिन्तामणि
|
१६) हरि
|
१७) अर्जुन
|

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१८) कृष्णानन्द

१९) लक्ष्मण माधव रुद्रदेव

२०) गौरीश्वर

२१) गोकुलविलास पुण्डरीकाक्ष जगन्निवास चन्द्रचूड यज्ञेश्वर राजीवलोचन रमाराम

२२) नारायण

२३) श्रीकृष्ण वेणीप्रसाद नागेश्वर

२४) विजयराज

२५) नगेन्द्रराज द्विजराज वेदराज

२६) लोकराज ज्ञानराज तर्कराज चन्द्रराज भीमराज कुवलयराज

२७) हेरम्बराज हेमराज विश्वराज

(१ क, १ ग, ८ क पृष्ठबाट)

५. बडाखोलावंशावलीमा आदिपुरुष धर्मानन्दको सोह्रौँ पुस्तामा जन्मेका हरिका छोरा अर्जुन, अर्जुनका छोरा कृष्णानन्द, कृष्णानन्दका जेठा छोरा लक्ष्मण, लक्ष्मणका छोरा गौरीश्वर भएकोमा अधिराजमहाराजराजगुरुवंशावलीको राजगुरुको कुरा मात्र परेको खण्ड (आइन्दा राजगुरुवंशावली)अनुसार श्रीकृष्णका छोरा अर्जुन, अर्जुनका छोरा लक्ष्मण, लक्ष्मणका छोरा गौरीश्वर हुन्छन् । यसरी गौरीश्वर बडाखोलावंशावलीअनुसार अर्जुनका पनाति भएकोमा राजगुरुवंशावलीअनुसार उनी अर्जुनका नाति हुन्छन् । यसै गरी बडाखोलावंशावलीअनुसार लक्ष्मणका बाजे अर्जुन भएकोमा राजगुरुवंशावलीअनुसार चाहिँ लक्ष्मणका बाबु अर्जुन हुन्छन् ।

५.१. राजीवलोचन पाँडेले आफूले बनाएको रामप्रबन्धमा आफ्नो वंशावली दिँदा उनले आफ्ना वृद्धप्रपितामह अर्थात् बाजेका बाजे अर्जुन; उनका छोरा, आफ्ना प्रपितामह अर्थात् बराजु कृष्ण; उनका छोरा लक्ष्मण; उनका छोरा, आफ्ना बाबु गौरीश्वर भनी लेखेका छन् ।[८] बडाखोलावंशावलीमा र रामप्रबन्धमा दिइएको पुस्तेवारी मिलेको यताबाट देखिएको छ । यसरी मिल्नुमा बडाखोलावंशावली बनाउनेहरूले रामप्रबन्धको उपयोग प्रशस्तिरत्नावलिको उपोद्घातमा

८. नयनाथ पौडेल २०२२: १८-१९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छापिएअनुसार गरेको देखिएको[९]ले वंशावलीको यस अंशमा बडाखोलावंशावलीको आकर रामप्रबन्ध नै हुनु धेरै सम्भव छ । यसरी राजगुरुवंशावलीमा एक पुस्ता घटी हुन गएको छ ।

६. यस वंशावलीमा राजगुरु विजयराजको, उनका पुर्खाको तथा उनका छोरा, नाति र पनातिको कुरा आएकोले अब यस विषयको चर्चा गरिन्छ र पुराना कागजात र लेखसँग यस वंशावलीको भनाइ दाँज्ने काम पनि यथासम्भव गरिन्छ ।

६.१. यस वंशावलीमा कोतपर्वको कुरा लेख्दा जङ्गबहादुरका सहायकका रूपमा उनका सहोदर भाइ बमबहादुर, कृष्णबहादुर, बदरीनरसिंह, रणोद्दीपसिंह, जगत्शमशेर, धीरशमशेर तथा भाइ पर्ने बखतजङ्ग[१०]को नाउँपछि विजयराजको नाउँ लिइएको छ । त्यहाँ विजयराजमा **काश्यपकुलावतंसकूर्माचलीय नागेश्वरसूरिसुनु** अर्थात् **काश्यपकुलका गहना** = **काश्यपगोत्रमा श्रेष्ठ, कुमाई, नागेश्वर सूरि** अर्थात् **विद्वान्का छोरा; षट्शास्त्रपारगामी** अर्थात् **६ वटै शास्त्रको पार पुगेका; मन्त्रतन्त्राद्यनेकानवद्यविद्याविनोदवान्** अर्थात् **मन्त्रतन्त्र आदि अनेकन् निर्दोष विद्याले मन बहलाउने; गीर्वाणगुरुगीष्पतिरिव राजनीतिविद्** अर्थात् **देवताहरूका गुरु बृहस्पति जस्तै राजनीति जान्ने; पण्डितमण्डलाखण्डल** अर्थात् **पण्डितमण्डलीमा इन्द्र** = **मुख्य** भन्ने विशेषण लगाइएका छन् र **विजयराजशर्मणा च दृढकवचेनेव संरक्षितराज्यसप्ताङ्गः** अर्थात् **बलियो कवच जस्ता विजयराज शर्माद्वारा राज्यका सातै अङ्गको रक्षा गरिएका** भनी जङ्गबहादुरलाई भनिएको छ (१०७ श्लोक +) ।

कोतपर्वको प्रसङ्गमा यस वंशावलीमा यस्तो लेखिएको देख्दा कोतपर्व भएको ५ महीना नपुग्दै[११] वि.सं. १९०३ फाल्गुनकृष्णतृतीया (माघ २३ गते) मङ्गलवारको धर्मपत्रको सम्झना हुन्छ । आफू; विजयराज; आफ्ना दाजु भक्तवीर; भाइहरू बमबहादुर, रणोद्दीपसिंह, बदरीनरसिंह, जगत्शमशेर र धीरशमशेर; काका रेवन्तका छोरा भाइ बखतजङ्ग र कृष्णध्वज तथा अरू २ जना जङ्गी अधिकारीसमेतको नाउँ हाली जङ्गबहादुरले लेखेको यस धर्मपत्रमा यस्तो

हामी सबैका सल्लाहाले मारकाट लेनदेन राजकाज गद्दिमा राज गराउनु सब कुरामा हामि सबको सल्लाह छ. राजकाज गद्दिमा राज गराउन्या कुरामा मेरो सल्लाह छैन भनि मैले भन्या मेरा भाइ गैन्हले भन्या सो झुट्या. जसले छैनौ भन्ला. सो दुई बाबुले जन्मायाका भनि लेखिदिञा.[१२]

लेखिएकोले जङ्गबहादुरका आप्ततममध्ये विजयराज पनि परेको स्पष्ट हुन्छ । यस कारण आफ्ना भाइहरू र विजयराजद्वारा **बलियो कवच जस्ता विजयराज शर्माद्वारा राज्यका सातै अङ्गको रक्षा गरिएका** भनी जङ्गबहादुरलाईयसवंशावलीमाभनेकोकुराकोअर्थलाग्छ।

६.२. श्री ५ राजेन्द्रविक्रमका कान्छा बडामहारानी राजलक्ष्मीदेवीको भाषाको, वि.सं. १९०३ आश्विनशुक्लप्रतिपदा (असोज ७ गते) सोमवारको पत्रमा यस्तो

---

९. काश्यपगोत्रीय पाण्डे (बडाखोला) समाजको परिचय एक पृ. ।

१०. मूलमा जङ्गबहादुरका सहोदर भाइहरूको नाउँ लिइसकेपछि **अन्यैश्च बखत्जङ्गप्रभृतिभिर्भ्रातृभिरभियुतः** अर्थात् **बखतजङ्ग आदि अरू भाइहरूले युक्त** भनी लेखिएको छ । बखतजङ्ग जङ्गबहादुरका माहिला बाबु रेवन्तका छोरा (फलेन्द्र विक्रम राणा २०१४: २२) भएकाले मूलमा **भाइ** भनिएको र मैले माथि **भाइ पर्ने** भनी लेखेको हुँ ।

११. वि.सं. १९०३ आश्विनकृष्णनवमीउप्रान्त दशमी (भाद्र ३१ गते) सोमवारको दिन कोतपर्व भएको हो (नयराज पन्त २०३५: १६२) ।

१२. प्रकाश ए. राज २०५३: ४४ मा मूलको फ्याक्सिमिलि,[①] दिनेशराज पन्त २०६८: ३९ पृ.मा ३६ सङ्ख्यामा पाठ ।

① पत्रहरूको पाठ उद्धृत गर्दा फ्याक्सिमिलिसँग रुजू गरेर दिने गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आगे विजयराज पण्डितके. तिमिहरु अधिका पनि हाम्रा गुरुघर हौ. तसर्थ हाम्रा श्रीसाझिला नानि श्रीसाझिला दुलहि बुहारिको दीक्षागुरु पदवीको मोहर गरि तिमिलाई बक्स्यौ. हामिहरुको जय मनाई गुरुले गर्न्या शुभचिन्तना गरि रहु.[१३]

लेखिएकोले साहिँला राजकुमार अर्थात् कान्छा बडामहारानीतर्फका जेठा छोरा रणेन्द्रविक्रम र उनकी दुलहीको दीक्षागुरुको पदवी विजयराजले पाएको बुझिन्छ। कोतपर्व भएको पर्सिपल्टै मुख्तियार भएका[१४] जङ्गबहादुरले आफ्नो पक्षका विजयराजलाई कोतपर्वकी कारयित्री कान्छा बडामहारानीमार्फत कोतपर्व भएको १ हप्ता पनि नपुग्दै ठूलो अनुग्रह गरेको यताबाट देखिएको छ।

६.३. कोतपर्व भएको १ महीना पनि नपुग्दै वि.सं. १९०३ कार्तिककृष्णप्रतिपदा (असोज २१ गते) सोमवारको लालमोहरमा यस्तो

आगे धर्माधिकार विजयराज पंडितके. १९०३ साल आश्विनवदि ९ रोज २ का दिन हंगामा हूल हुदा हाम्रा गातका रक्षानिमित्त बढिया बिन्ति पारि भित्र चलाउदा तेस रीझमा तिमिहरु हाम्रा दर्बारका अधिदेषिका १ घर हुनाले स्वदेसि पर्देसि पंडित ज्योतिषि वैदिक सास्त्रि गैन्हलाइ हाम्रा हजुरमा आसिर्वाद चढाउन आउन्या औ बिदा भै देस जान्याहरु र अरु सामान्य ब्राह्मणहरुलाइ तिमिले कम्यांडर इन चिफसंग साधि हाम्रा हजुरमा बिन्ति पारि निकासिपैसारिको बिंति पार्नु. तिमिबाहिक् अरु कसैले बिन्ति नगर्नु भंन्या बंदेज बाधि आजदेषि तिमिलाइ राजपंडितको षिताबसमेत बक्स्यौं. येस बन्देजमा नरहि जो बिन्ति पार्नामा पसला. सो अप्सरिया होला. आफ्ना षातिरज्मासँग परिआयाका काजकाममा हाजीर रुजु रहि हाम्रो जय मनाई निमकको सोझो चिताई काजकाम गर.[१५]

लेखिएकोले कोतपर्वको हूलहालमा श्री ५ राजेन्द्रलाई कोतबाट दरबारभित्र लगेको रीझबापत धर्माधिकार विजयराजलाई **राजपण्डित**को खिताब दिई स्वेदशी परदेशी सबै पण्डित उनीमार्फत मात्र राजाको अगाडि पर्न पाउने व्यवस्था गरिएको थाहा हुन्छ। **पण्डितराज** रङ्गनाथ पौडेलको तेजोवध गर्न विजयराजलाई **राजपण्डित**को पदवीले विभूषित गरिएको भए पनि बहुश्रुत विद्वान् रङ्गनाथको हाराहारीमा विद्याबाट नाउँ चलेको नसुनिएका विजयराजलाई **पण्डितराज** पदवी दिइहाल्न अप्ठेरो परेकोले उनलाई **राजपण्डित** पदवी दिइएको हो कि जस्तो मलाई लाग्छ। यसो भए पनि वि.सं. १९०३ कार्तिककृष्णसप्तमी (असोज २७ गते) आदित्यवारको एउटा पत्रमा **श्रीराजपंडीत धर्माधिकार विजयराज पंडीतके**[१६] भनी लेखिएकोले **राजपण्डित** खिताब ठूलो रहेछ भन्ने स्पष्ट हुन्छ। यो पत्र विजयराजलाई दिइएको, सरदारी खानगीको तिर्जासम्बन्धी भएकोले जङ्गबहादुरले आफ्ना सहयोगी विजयराजलाई सरदारी मानले पनि विभूषित गरेको देखिएको छ।

६.४. कोतपर्वपछि श्री ५ राजेन्द्रविक्रमको मनसुवा बनारस जाने भयो, छोरालाई राज्याभिषेक दिनुपर्छ, मैले बियाँलो गर्नु हुँदैन भनी उनले आफ्ना मुख्य मुख्य मन्त्रीलाई भने (१०९ श्लोक), **खराब मन्त्रीहरूको सङ्गतले चित्तवृत्ति मोहित भएका राजा आफ्नो राज्यभूमिमा नहुँदा तिनका छोरालाई मन्त्री जङ्गबहादुरले राजसिंहासनमा राखे** (११० श्लोक),

---

१३. दिनेशराज पन्त २०६८: फ्याक्सिमिलिखण्ड १५० पृ., पाठखण्ड ३४ पृ.मा ३२ सङ्ख्या।

१४. जङ्गबहादुर वि.सं. १९०३ असोज २ गते आश्विनकृष्णएकादशीको दिन मुख्तियार भएका हुन् (नयराज पन्त २०३५: १७८)।

१५. दिनेशराज पन्त २०६८: फ्याक्सिमिलिखण्ड १५५ पृ., पाठखण्ड ३४-३५ पृ.मा ३३ सङ्ख्या।

१६. भवेश्वर पंगेनी २०६६: ४१२। लक्ष्मीपति-नयराजसङ्ग्रहको पात्रोबाट गते हालिएको हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शत्रुहरूले यस राज्याभिषेकलाई बिगार्न गरेको कोशिश मन्त्री जङ्गबहादुरको कामले र विजयराजको नीतिले भताभुङ्ग भयो (१११ श्लोक) भनी यहाँ लेखिएकोले श्री ५ राजेन्द्रलाई हटाई श्री ५ सुरेन्द्रलाई राजा बनाउने काममा जङ्गबहादुरलाई विजयराजले निकै भरथेग गरेको देखिएको छ ।

यसको पुष्टि विजयराजलाई राजगुरुको पदवी दिई वि.सं. १९०४ प्रथमज्येष्ठशुक्लद्वादशी (जेठ १४ गते) बृहस्पतिवार[१७] गरिदिएको लालमोहरबाट हुन्छ–

> **आगे श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यूप्रति. तपाञीले हाम्रा गाथसंबंधि हुदामा मिहिनेत गरि गाथ बचाइ गद्दिमा राज गराइ राज्यभिसेष गराउदाका रीझमध्ये तपाइका सन्तानले सोझो गरंजिसम्म हाम्रा सकल संतानले तपाञिका संतानसित मन्त्र लिनु भनि गुरुपदवीको मोहर गरिबक्स्यौ. यस बन्देजमा जो रहोइन. तपाञिका संतानले रहेनन् भन्या पनि हाम्रा सकल संतानले रहेनन् भन्या पनि पंचमहापातक लागला. जसले यो बन्देजमा रहला. उसलाइ श्रीनारायणले भलो गरुन् भनि धर्मपूर्वक गुरुपदवीको लालमोहर गरिबक्स्यौं. आफ्ना षातिरज्मासित रहनुहवस्.**[१८]

६.५. **जङ्गबहादुरको बहादुरी देखेर खुशी भएका राजाले नीतिमा सिपालु असल मन्त्री तिनलाई महाराजको पदवी दिए** (११३ श्लोक); **तन्त्रमन्त्र, हित गर्ने वचन र व्यवहारद्वारा विजयराजसँग राजा खुशी भएकाले उनले आफ्नो कुलका गुरु अर्थात् श्रेष्ठ गौरीश्वरको कुलमा जन्मेका विद्वान् विजयराजलाई राजाले गुरुको पद दिए** (११४ श्लोक); **आफ्ना प्रतिस्पर्धी, विद्या नीति र धन भएका, राजगुरु श्रीरङ्गनाथ आदि र अरू श्रीगजराज मिश्र विद्वान्लाई श्रीजङ्गबहादुरको दयारूपी हावाले बढेको, षट्शास्त्ररूपी अग्निको हतियारद्वारा विजयराजले ग्रस्त पारे** (११५ श्लोक) भनी यहाँ लेखिएको छ ।

भण्डारखालपर्व भएको[१९] ३ महीना नाघेपछि तथा कान्छा बडामहारानी र उनीतर्फका २ छोरासाथ काशी जान भनी श्री ५ राजेन्द्र हिँडेको ३ महीना पुग्न पुग्न लाग्दा[२०] आफ्नो अनुकूलको एउटा पत्र विजयराजको हातमा पऱ्यो । खुलाएर भन्दा युवराज सुरेन्द्रविक्रमका साहिँला बडामहारानी[२१] सुरराजलक्ष्मीदेवीको भाषाको, वि.सं. १९०३ फाल्गुनकृष्णचतुर्थी (माघ २४ गते)को मिति भएको धर्मपत्रमा यस्तो

> **आगे श्रीगुरुराज पण्डित धर्माधिकार विजयराज पंडितके. तिमिसित मैले दिक्षाका निमित्त वरण गरिबक्स्याको छ. सो पनि साएत आयेपछि लिइबक्सौला. अत्तोतर पनि मेरा संतान भयापछि तिम्रा संतानलाइ मबाट कृतसक्य गरि श्रीगुरु गराइबक्सौला. श्री ५ महाराजाधिराजका सोझो र हाम्रो सोझो गरिंज्यालसम्म तिमिलाइ कसैले बिगार्न लाग्या बिगार्न बक्सन्याछैन भनि धर्मपत्र लेषि श्रीदक्षिणकालिकाका स्थानमा बक्स्या. एस धर्मपत्रमा रहिन भन्या मेरो भलो नहवस्. एस धर्मपत्रमा रह्या भन्या मेरो भलो हवस्.**[२२]

१७. पात्रोअनुसार यस दिन बुधवार हुन्छ (दिनेशराज पन्त २०६८: ५४ पृ.मा ५० नं.को टिप्पणी) ।
१८. दिनेशराज पन्त २०६८: फ्याक्सिमिलिखण्ड १५१-१५२ पृ., पाठखण्ड ५३-५४ पृ.मा ४८ सङ्ख्या ।
१९. वि.सं. १९०३ कार्तिक १७ गते भण्डारखालपर्व भएको हो (नयराज पन्त २०३५: १६५) ।
२०. श्री ५ राजेन्द्र वि.सं. १९०३ कार्तिक २६ गते सोमवार काशीतर्फ हिँडे (ऐजन: १६७) ।
२१. प्रकाश ए. राज २०५४: ३० ।
२२. दिनेशराज पन्त २०६८: फ्याक्सिमिलिखण्ड १५० पृ., पाठखण्ड ४०-४१ पृ.मा ३८ सङ्ख्या । ऐजन: ४१ पृ.मा ४१ नं.को टिप्पणीमा पात्रोबाट मिति दिँदा भ्रमवश **फाल्गुन १० गते** भनी लेखिन गएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

लेखिएको छ । आफूले विजयराजबाट दीक्षा लिने र आफ्ना सन्तान भएपछि विजयराजका सन्तानबाट मन्त्र सुन्ने भनी खुद युवराजकी रानीको भाषामा पत्र लेखिएकोले युवराज सुरेन्द्रको विपक्ष नेपाल छोडी गएपछि उनलाई राजगुरु बनाउने उपक्रम गरिएको देखिएको छ ।

युवराज सुरेन्द्रविक्रमका सहोदर भाइ उपेन्द्रविक्रमको माथिकै मितिको, झण्डै झण्डै माथिकै जस्तो बेहोरा भएको रुक्का पाइएको छ । त्यहाँ विजयराजका छोराबाट आफ्नी रानीले दीक्षा लिने र आफ्ना सन्तानले विजयराजका सन्तानबाट मात्र मन्त्र सुन्ने भनी लेखिएको छ । भाउज्यूको भाषामा लेखिएको धर्मपत्रमा भन्दा देवरको यस धर्मपत्रमा विजयराजको पक्षपोषण अझ बढी भएको छ–

> **आगे श्रीगुरुराज पंडित विजयराज पंडितज्यूके. तिमिसित आफना इक्षाले गुरुको वरण गरिबक्स्याको छ. मेरा रानिलाइ पनि तिम्रा छोराबाट दिक्षा दिलाउला भनि हुकुम बक्स्याको छ. सो कुरो सायेत आयापछि गरिबक्सौला. अतोतर पनि मेरा सन्तानलाई पनि तिम्रा संतानदेखिन् बाहेक अर्कालाइ गुरु गराई मबाट बक्स्याछैन भनि श्रीस्वेष्टदेवतास्थानमा धर्मपत्र गरिबक्स्या. एस धर्ममा चलीन भन्या श्रीदक्षिणकालीको मलाइ कुदृष्टि हवस्. एस धर्ममा चल्या भन्या श्रीदक्षिणकालीले सुदृष्टि गरि मेरो भलो गरुन् भनि स्याहामोहर गरिबक्स्या.**[२३]

युवराज सुरेन्द्रका साहिँला बडामहारानीले विजयराजलाई **मबाट कृतसक्य गरि श्रीगुरु गराइबक्सौला** भनी लेखेको १ हप्तामै जारी गरिएको, वि.सं. १९०३ फाल्गुनकृष्णदशमी (फागुन १ गते) बुधवारको लालमोहरमा यस्तो

> **आगे श्रीराजगुरु विजयराज पंडितज्यूके. श्रीहनुमानढोकादेषि बाहिर हाम्रा परिआयाका प्रतिष्य शांति स्वस्त्ययनहरु श्रीगुरुराज पंडितराज श्रीरंगनाथ पंडितज्यूबाट गर्नु भनी मोहर गरिबक्स्याको हो. अबउप्रान्त श्रीहनुमानढोकादेषि बाहिर परिआयाको प्रतिष्य शांति स्वस्त्ययन गैन्ह तपाञिबाट गर्नु भनि श्रीगुरुराज पंडितराज श्रीरंगनाथ पंडितज्यूका नाउमा भयाको मोहोर हानि मोहर गरिबक्स्यौं. आफना षातिरज्मासँग श्रीहनुमानढोकादेषि बाहिर परिआयाका प्रतिष्य शांति स्वस्त्ययन गैन्ह कामकाज गरि हाम्रो जय मनाउन्या काम गर्नु.**[२४]

लेखिएकोले पौडेल गुरुज्यूबाट काम क्रमशः झिक्न थालिएको देखिन्छ ।

विजयराज राजगुरु भएको झण्डै १ वर्षपछिको भए पनि, श्री ५ महाराजाधिराज सुरेन्द्र[२५]का जेठा बडामहारानी[२६] त्रैलोक्यराज्यलक्ष्मीदेवीको भाषामा लेखिएको, वि.सं. १९०५ ज्येष्ठकृष्णद्वितीया (जेठ ९ गते) शनिवारको धर्मपत्रको पनि यस प्रसङ्गमा चर्चा गर्नुपरेको छ । त्यस धर्मपत्रमा यस्तो

> **आगे श्रीगुरुराज पंडित धर्माधिकार श्रीविजयराज पंडितज्यूके. हाम्रा साहेबज्यादा श्रीयुवराजधिराज श्रीत्रैलोकवीरविक्रम साहबहादुर संसेरजङ्ग साह र अरु साहेबज्यादाहरु सबै जनालाइ हाम्रा गाथ गादि ढुंगाको सोझो चिताउदासम्म तपाइलाइ**

---

२३. ऐजनः फ्याक्सिमिलिखण्ड १५१ पृ., पाठखण्ड ४१-४२ पृ.मा ३९ सङ्ख्या ।

२४. ऐजनः फ्याक्सिमिलिखण्ड १५६ पृ., पाठखण्ड ३९-४० पृ.मा ३७ सङ्ख्या ।

२५. वि.सं. १९०४ वैशाख ३१ गते बुधवार श्री ५ सुरेन्द्रको सिंहासनारोहण भएको हो (नयराज पन्त २०३५: १७०) ।

२६. पुरुषोत्तम शमशेर ज.ब.रा. २०४७: ३३-३४ ।
प्रकाश ए. राज २०५४: २९ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

र तपाइका सन्तानलाइ गायत्रि र दीक्षाका गुरुपदवीको स्याहामोहरको धर्मपत्र गरिबक्स्यौं. सो जानि हाम्रो जय मनाइरहनुहवस्.[२७]

लेखिएकोले ६ महीना पनि नपुगेका[२८] युवराज त्रैलोक्य र उनीपछि जन्मने भाइहरूको गायत्री र दीक्षा सुनाउने अभिभारा विजयराजलाई दिइएको स्पष्ट हुन्छ । संयोग भनूँ कि के भनूँ, जङ्गबहादुरको नाउँमा पनि यही दिन श्री ५ सुरेन्द्रको भाखामा जङ्गबहादुरहरूको पदवी **श्रीमद्राजकुमारकुमारात्मज राणाजी** भन्न र उनीहरूले **रजपूतहरूसँग बिहावारी** गर्न पाउने[२९] गरी धर्मपत्र गरी दिइएको थियो ।

हुन त पौडेल गुरुज्यूहरूको अधिकार क्रमशः झिक्ने कामको शुरूवात वि.सं. १९०२ को आधाआधीदेखि नै भइसकेको थियो भन्ने कुरा पण्डितराज जनार्दन पण्डितले खाइपाई आएको धर्माधिकारको पगरी वि.सं. १९०२ कार्तिककृष्णप्रतिपदादेखि वि.सं. १९०३ आश्विनशुक्लप्रतिपदासम्मको १ वर्षको लागि विजयराजलाई दिएको कुरा वि.सं. १९०२ कार्तिककृष्णपञ्चमी (कार्तिक ६ गते) सोमवारका २ वटा लालमोहरबाट थाहा हुन्छ ।[३०]

पौडेल गुरुज्यू र मिश्र गुरुज्यूलाई हटाई विजयराज पाँडेलाई किन गुरुज्यू बनाइयो भन्ने कुरा वि.सं. १९२० द्वितीयश्रावणशुक्लदशमी (भदौ १० गते) सोमवारको, श्री ५ सुरेन्द्रको धर्मपत्रमा यसरी लेखिएको छ–

आगे श्रीगुरुराज पंडित विजयराज पंडितज्यूप्रति. अघि तपाईका बाज्या श्रीगुरु गौरेश्वर पंडितज्यूबाट गुरु हुनुहुदा हाम्रा बाज्याज्यूहरूको सोझो गरिरह्याको हुनाले र पौड्याल गुरु हुदा हाम्रा मैञा बिगाऱ्याको ६२ सालमा ब्राह्मणको बिर्ता गुठ गैन्ह जफत हुन्या कुरामा सल्लाह दियाको घुस रोसवत पछि लागी राजकाजमा वजीरहरुको अदलीबदली गराउन्या खेलखालपछि लाग्याको सुन्दा देषता र मिश्रहरूले पनि पाडेसँग मिलि ३६ वर्ष मुषतियारि गरि हाम्रो सोझो गर्न्या वजीर जनरल भीमसेन थापालाइ र अरु भैभारदारहरुलाइ स्मेत् जाल गरि बिगाऱ्याको र घुस रोसवत पछि लागी हाम्रो बिगाऱ्याको सुन्दा पौड्याल मिश्रहरुलाई षारेज गरि तपाइलाई गुरु मान्याको हो.[३१]

६.६. **आफ्नो उदय हुने समयमा ठूलो मदत हुने काम गरेका, पहाडिया राजाहरूको ताँतीको मुकुटले ढोगिएका विजयराज शर्मालाई नेपालका राजाका प्रधानमन्त्री महाराज जङ्गबहादुरले जबसम्म मेरा सन्तान पशुपति र गुह्यकालीको पाठको निगाहबाट नेपालका राजाहरूले दिएको प्रधानमन्त्रीको पद पाउँछन्, तबसम्म तपाईँका छोरानातिपनातिहरूले राजगुरुको र धर्माधिकारको वार्षिक जागीर र सिंहशार्दूलजङ्गको आधिपत्य पाउनेछन् भनी किरिया खाई आफ्ना ५ जना भाइसहित जङ्गबहादुरले सही गरेको सनद पाए** (११५ श्लोक +) भनी यस वंशावलीमा लेखिएको छ ।

यही कुरा श्री ३ जङ्गबहादुर र कम्याण्डर-इन-चीफ बमबहादुरले आफ्ना भाइहरूको र काकाका छोराहरूको सहमतिमा वि.सं. १९११ वैशाखकृष्णदशमी (वैशाख १२ गते) लेखेको धर्मपत्रमा यसरी व्यक्त छ–

आगे श्रीगुरुराज वीजयराज पंडितज्यूलाइ हाम्रो मुषत्यारि भयामा श्री५ सर्कारको गुरुपद्मी गुरुपदवीको षानकी श्रीधर्माधिकार श्रीसिंहसार्दूर्जङ्कंपनि

२७. दिनेशराज पन्त २०६८: फ्याक्सिमिलिखण्ड १५०-१५१ पृ., पाठखण्ड ५८-५९ पृ.मा ५३ सङ्ख्या ।
२८. त्रैलोक्यको जन्म वि.सं. १९०४ मार्गकृष्णअष्टमीउप्रान्त नवमी मङ्गलवारको दिन भएको हो (ऐजन २०५५: २३) ।
२९. नयराज पन्त २०३५: १७८ ।
३०. दिनेशराज पन्त २०६८: ३०-३२ पृ.मा २९-३० सङ्ख्या ।
३१. ऐजन: फ्याक्सिमिलिखण्ड १५२-१५४ पृ., पाठखण्ड १२८-१२९ पृ.मा १०१ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

दियाको छ. तपसीलबमोजीमका तिन बाबुका सन्तानले आफ्ना आफ्ना घरपिछेको जना १ को बाहेक् गुरुपदवी आफना घरको दियाको छ. षोस्मोस् हुन्याछैन. तपाञिपछि पनि तपाञीका छोरा नाति सन्तानपर्य्यन्त पनि यो मानमर्यादा श्री ५ सर्कारको गुरुपदवी गुरुपदवीको षानकी श्रीधर्माधिकार श्रीसिंहसार्दूर्जङ्कंपनि हाम्रा घरको जना १ को बाहेक् गुरुपदवी षोस्मोस् नगर्नु भनि श्रीधर्मको दस्कत गरिदिज्यू. तपाञिले र तपाञिका छोरानातिले हाम्रा जीयको रोटिको बेगार नगरिंज्यालसम्म यो दस्कतबमोजीम रोल भयाका तिन बाबुका संतानले पनि थामनु. जस्ले थामैन. उस्लाइ पंचमहापातक् लाग्ला.[३२]

६.७. **घर, स्वास्नी, हात्ती, घोडा आदि विषयसुखको उपभोग धेरै कालसम्म नेपालमा गरी राजगुरु विजयराज शर्मा आफ्ना छोरा नगेन्द्रराज शर्मालाई आफूले गरेर आएको राजकाजको सबै भारसहित त्यो सनद बुझाएर काशी गए** (११५ श्लोक +) भनी वि.सं. १९०४ को लालमोहरलाई सङ्केत गरेको देखिन्छ ।

विजयराजका खनाति प्रकाश ए. राज (२०५३: १९)अनुसार विजयराज वि.सं. १९२१ मा पदबाट राजीनामा दिई काशीवास गएका हुन् । विजयराजसँग सम्बद्ध पत्रहरूको सङ्ग्रह (दिनेशराज पन्त २०६८)मा वि.सं. १९२० द्वितीयश्रावणशुक्लदशमी (भदौ १० गते) सोमवारसम्म विजयराजलाई सम्बोधन गरी राजकीय पत्रहरू लेखिएकाले[३३] र त्यसको ४ दिनपछिको अर्थात् द्वितीयश्रावणपूर्णिमा शुक्रवारदेखिका पत्र[३४]मा विजयराजका जेठा छोरा नगेन्द्रराजलाई **गुरुराज धर्माधिकार** पदवीले विभूषित गरी सम्बोधन गरी लेखिएकाले विजयराजले वि.सं. १९२० श्रावणमै राजगुरुको पद त्यागिसकेको देखिन्छ ।

६.८. आफूले राजगुरुको पद छोडी आफ्ना जेठा छोरा नगेन्द्रराजलाई त्यस पदमा विजयराजले आसीन गराइसकेपछि भाइहरू रणोद्दीपसिंह, जगत्शमशेर र धीरशमशेर तथा छोरा जगत्जङ्ग र जितजङ्गद्वारा समर्थन गराई वि.सं. १९२१ मार्गकृष्णएकादशी (मङ्सीर ११ गते) बृहस्पतिवारको दिन नगेन्द्रराज र उनका भाइहरू द्विजराज र वेदराजलाई सम्बोधन गरी श्री ३ जङ्गबहादुरले जारी गरेको रुक्कामा यस्तो

> **ञाहाबाट धपायाका र आफै गयाका गुरुषलक र अरु ब्राह्मण गैन्हलाई नेपालषाल्डामा ल्याउना नल्याउनाको हजुरहरु ३ को अषत्यारि गरिदियाको छ. कदाचित् इनहरुलाइ नेपालषाल्डामा ल्याञ्यूं भन्या गुरुद्रोहि गऱ्याको पाप हामिहरुलाइ लाग्ला भनि रुक्का दस्षत् गरिबक्स्यौं.**[३५]

लेखिएकोले विजयराज र उनका सन्तानको दबावमा पौडेल र मिश्र गुरुज्यूलाई नेपालखाल्डोभित्र आउन पूरै हटक गरेको देखिएकोले **राजगुरु श्रीरङ्गनाथ आदि र गजराज मिश्रलाई श्रीजङ्गबहादुरको दयारूपी हावाले बढेको, षट्शास्त्ररूपी अग्निको हतियारद्वारा विजयराजले ग्रस्त पारे** (११५ श्लोक) भनी यस वंशावलीमा लेखिएको कुराको अर्थ लाग्छ ।

६.९. राजगुरु पद छोडेर काशी गएपछि विजयराजले **कहीँ जीर्णोद्धार गर्ने, कहीँ नयाँ मन्दिर बनाउने, कहीँ तलाउ आदि बनाउने, कहीँ ब्राह्मणलाई सत्कार गर्ने, कहीँ अन्नको सत्रदान गर्ने, कहीँ उपकार गर्ने जस्ता काम गरी समय बिताइरहनुभएको छ** (११६ श्लोक) भनी यस वंशावलीमा लेखिएको छ ।

---

३२. ऐजनः फ्याक्सिमिलिखण्ड १७६-१७७ पृ., पाठखण्ड ८५-८६ पृ.मा ७५ सङ्ख्या ।

३३. ऐजनः १६-१२९ मा १७-१०१ सङ्ख्या ।

३४. ऐजनः १३० मा १०२ सङ्ख्या ।

३५. ऐजनः फ्याक्सिमिलिखण्ड १५७-१५८ पृ., पाठखण्ड १३४ पृ.मा १०७ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आफ्ना बाबुबाजेले काशीमा स्थापना गरेका मन्दिरहरूमा दैनिक पूजाको लागि, प्रतिदिन सदावर्त बाँड्नको लागि, काशीवासीहरूलाई वर्षाशनको लागि, सदावर्त र कारिन्दाको तलबको लागि विजयराजले आफू राजगुरु पदमा बहाल रहँदै वि.सं. १९१२ शुद्धआषाढशुक्लएकादशी बुधवारको दिन ताहाचलमा खेत गूठी राखेका थिए । त्यसको लालमोहर वि.सं. १९१३ वैशाखकृष्णचतुर्थी बृहस्पतिवारको दिन भएको कुराको सम्भना यस प्रसङ्गमा हुन्छ ।[३६]

६.१०. **नेपालका राजाका मन्त्रीहरूप्रति अङ्ग्रेज शासकको जुन ठूलो वैमनस्य थियो, त्यो हटाउने काम त्रिशक्तिले युक्त जङ्गबहादुरले र सज्जन विजयराजले गरे** (१२० श्लोक) भनी यस वंशावलीमा लेखिएकोले अङ्ग्रेजसँग सम्बन्ध बढाउनेमा पनि विजयराजको हात भएको अनुमान हुन्छ ।

६.११. **श्री ५ सुरेन्द्रका दीक्षागुरु विजयराज र पद्मकुमारीका छोरा, धर्माध्यक्ष, षट्शास्त्र जान्नेहरूले ढोगिएका नगेन्द्रराज हुनुभयो** (१५३ श्लोक), **युवराज त्रैलोक्यका गायत्रीगुरु विद्वान् द्विजराज** (विजयराजका कान्छा छोरा) **हुनुभयो** (१५८ श्लोक) भनी यहाँ लेखिएकोले दाज्यू नगेन्द्रराजले बाबु श्री ५ सुरेन्द्रलाई दीक्षामन्त्र र भाइ द्विजराजले छोरा युवराज त्रैलोक्यलाई गायत्रीमन्त्र सुनाएको थाहा हुन्छ ।

६.१२. **आफ्नो घरको भार बुद्धिमान्, विद्वान्, अतिप्यारा छोरा, राजगुरु द्विजराज शर्मालाई सुम्पेर निश्चिन्त भई विजयराज काशीमा आनन्दसँग सुतेर बसिरहनुभएको छ** (१५९ श्लोक) भनी यहाँ लेखेको देख्दा जङ्गबहादुर र उनका ३ भाइ अर्थात् रणोद्दीपसिंह, कृष्णबहादुर र धीरशमशेरले लेखिदिएको, तल उद्धरण गरिएको पत्रको सम्भना हुन्छ–

स्वस्ति श्रीगुरुराज विजयराज पंडितज्यूको आफुलाइ आफना छोरालाइ १८ सालसम्म दियाको षाइपाइ आयाको तैनाथ दियाको षाइ घर बसि आनन्दसंग सुती आनन्दसंग उठि आनन्दसँग षाइ राजा वजीर भरभारादार दुनिञा रैयत प्रजा कसैको षुसामत् आसा नगरि आनन्दपूर्वक आफ्ना राजीषुसिसँग १९१८ सालसम्म षाइपाइ आयाको षाइ आनन्दपूर्वकसँग आफ्नु षुसि गरि षानुहवस् भनि हाम्रा औलादक षत्यारभर तपाञिका जींदगीभर आफना घरमा मनोग्य गरि कसैलाइ यक रौम जती नमानि भोग्य गर्नुहवस्. तपाञिले दुनिञामा अंन्याय गऱ्याका कुरामा अन्याय गर्न दिन्याछैन. अंन्याय गऱ्याका कुरामा डंड गर्न्याछैन. कसैलाइ तपाञिका हातले षुन गर्नुभया षुन गऱ्याका बातमा तपाइलाइ राज्यमा राषन्याछैनौ. तेस कुरामा डंड जरिवाना गर्न्याछैनौ. हाम्रा ५ भाइका ज्यूमा धनमा रोटिमा मानमा लाग्नुभइ बिगार्नामा तत्पर भै जालसाजी गरि हवस् जालसाजी नगरि हवस् मैले गऱ्याको हु भनि तपाञिले कायेलनामा लेषनुभया पनि तपाञिलाइ गरिदियाको धर्मपत्रबमोजीम हामि ५ भाइले तपाञिलाइ र तपाञिका औलादलाइ बेइजत् डंड जरिवाना तपाञिका गुरुपदवी धन ज्यू इजत् मान्मा मुषले तुछे वचन बोलन्याछैनौ. केहि कुराको हाम्रा ५ भाइमाथि लाग्याका कुरामा सुनि यो गरिदियाको धर्मपत्र उच्युत् गऱ्यौं भन्या श्रीबालनरसिंको संतान् होइनौ. कोटि जन्म नर्कवास् होला. लेषियाबमोजीम हामिले धर्म थाम्यौ भन्या हामिहरुको वैकुंठवास होला. तपाञिले गुन गऱ्याको बदला होला.[३७]

---

३६. ऐजनः ९२-९७ पृ.मा ७९ सङ्ख्या । **बुधवार तृतीया २८ घडी १२ पलाउप्रान्त चतुर्थीमा यो पत्र लेखिएको देखिन्छ** (ऐजनः ९७ पृ.मा ९० नं.को टिप्पणी) ।

३७. ऐजनः फ्याक्सिमिलिखण्ड १५८-१५९ पृ., पाठखण्ड १२४-१२५ पृ.मा ९७ सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

६.१३. यस वंशावलीमा विजयराजका नाति, नगेन्द्रराजका छोरा लोकराजको विषयमा २ श्लोक लेखिएको छ। ती श्लोकमा खास गरी उनको वैदुष्यको प्रशंसा छ। **शास्त्ररूपी समुद्रलाई अँजुलीभरि पानी जस्तो गरी उहाँले पिउनुभएका, बहस गर्न आउनेलाई विमुख पार्नुभएका, लोकराज श्री ५ त्रैलोक्यका दीक्षागुरु हुनुहुन्छ** (१६० श्लोक); **गुरु लोकराज तर्क** अर्थात् **न्यायमा गौतम, जैमिनिनय** अर्थात् **मीमांसामा जैमिनि, कापिल** अर्थात् **साङ्ख्यमा साक्षात् पञ्चशिख, पतञ्जलिको कृति** अर्थात् **योगमा गोनर्ददेशोद्भव** अर्थात् **पतञ्जलि, वेदान्तमा शुकदेव, तन्त्रमा सहज, साहित्यका सागर हुनुहुन्छ** (१६१ श्लोक) भनी यहाँ लेखिएको छ।

आफ्ना नाति अर्थात् जगत्जङ्गका छोरा, ६ वर्ष पनि नपुगेका[३८] युद्धप्रतापजङ्ग र उनका ३ पुस्तालाई गायत्री मन्त्र सुनाउन जङ्गबहादुरले आफ्ना २ भाइ अर्थात् जगत्शमशेर र धीरशमशेरसमेत भई लोकराजलाई वि.सं. १९२८ मा जिम्मा लाएका थिए।[३९]

७. मूल वंशावलीमा पाँडे गुरुज्यूहरूको विषयमा यति लेखिसकेपछि भिन्नै श्लोकसङ्ख्या दिई उनीहरूको विषयमा लेखिएको, १५ पद्य भएको खण्डमा पनि खालि पुस्तेवारी मात्र नदिई उनीहरूसम्बन्धी केही कुरा लेखिएको छ। **काश्यप गोत्रमा जन्मेका, ब्राह्मणहरूमा श्रेष्ठ, गुरु श्रीविजयराजको जन्म जुन कुलमा भयो, त्यस वंशको विषयमा पनि राजाको वंशावलीको प्रसङ्गमा केही लेखिन्छ** भनी यस खण्डमा मङ्गलाचरणको लगत्तै लेखिएको छ (२ श्लोक)।

७.१. वंशावलीको यस खण्डमा सबभन्दा पहिले श्रीकृष्णको (३ श्लोक) र त्यसपछि उनका छोरा अर्जुनको (४ श्लोक) नाउँ दिइएको छ। अनि लक्ष्मणको नाउँ लिई उनलाई अर्जुनका छोरा भनिएको छ र लक्ष्मणलाई सिद्धको रूपमा बयान गरिएको छ (४-५ श्लोक)। त्यसपछि लक्ष्मणका छोरा गौरीश्वरको नाउँ लिई गौरीश्वरले नरभूपाल शाहलाई मन्त्र सुनाएको कुरा त्यहाँ परेको छ (५-६ श्लोक)। अनि गौरीश्वरपछिका जगन्निवास, नारायण र नागेश्वरसम्म ३ पुस्ताको नाउँ लिइएको छ (६-७ श्लोक)। त्यसपछि नागेश्वरका छोरा विजयराजको विषयमा यहाँ ३ श्लोक लेखिएका छन् (७-९ श्लोक)। **जङ्गबहादुरको कृपादृष्टि पाएर शत्रुको समूहलाई जितेका विजयराजले नेपालको राजवंशको धर्माधिकार र गुरु पद पाए** (९ श्लोक) भनी तिनमध्ये एउटामा लेखिएको छ।

७.२. त्यसपछिका २ श्लोक (१०-११ श्लोक) मा विजयराजका छोरा नगेन्द्रराजको बयान गरिएको छ। उनलाई **शास्त्रेषु सर्वेषु सुशिक्षितः** (११ श्लोक) अर्थात् **सबै शास्त्रमा राम्रो शिक्षा पाएका** भनी लेखेको देख्दा पछि राजगुरु र धर्माधिकार भइसकेपछि उनले काशीबाट प्रमाणपत्र लिएको कुराको सम्झना हुन्छ।[४०] त्यस प्रमाणपत्रअनुसार उनले व्याकरणमा सिद्धान्तकौमुदी, मनोरमा, शब्दरत्न, परिभाषेन्दुशेखर र महाभाष्य; काव्य र साहित्यमा रघुवंश, माघ, किरातार्जुनीय, नैषध र कुवलयानन्द; धर्मशास्त्रमा मनुस्मृति र मिताक्षराको दायभाग; न्यायमा कारिकावली, मुक्तावली, व्याप्तिपञ्चक, व्यधिकरणधर्मावच्छिन्नाभाव र सिद्धान्तलक्षणी राम्रोसँग पढेको कुरा बापूदेव शास्त्री, राजाराम शास्त्री र बाल

---

३८. जुद्धप्रतापजङ्गको जन्म वि.सं. १९२२ मार्गशुक्लद्वितीया (मङ्सीर ७ गते) भएको हो (महेशराज पन्त २०६९: ७)।

३९. दिनेशराज पन्त २०६८: १४४ पृ.मा १२१ सङ्ख्या। यससम्बन्धी पत्रको नकलमा मिति दिँदा **इति सम्वत् १९२८ साल मिति ज्येष्टवदि**पछि तिथिको ठाउँमा केही ठाउँ छोडी अनि **रोज ६ शुभ्म्** लेखिएको छ।

४०. प्रकाश ए. राज २०३५: २५।
महेशराज पन्त २०६७: ७२-७३ मा § २.२।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

शास्त्रीले प्रमाणित गरेका छन् । तर त्यस प्रमाणपत्रमा काशिकराजकीयसंस्कृतपाठशालाको चर्चै छैन, कहिले उनले पढ्न थालेका हुन्, त्यो कुरा पनि त्यहाँ खुलाइएको छैन र त्यसमा मिति पनि छैन ।

७.३. त्यसपछि नगेन्द्रराजका भाइ द्विजराजको विषयमा एउटा श्लोक खर्चिएको छ (१२ श्लोक) । त्यसमा उनलाई राजगुरु र चन्द्रराज आदि विद्वान्का बाबु भनी प्रशंसा गरिएको छ । त्यसपछि नगेन्द्रराजका छोरा लोकराजको बयान गर्दा **ब्रह्माद्वारा सृष्टि भएका, पृथ्वीमा रहेका सबै कलामा मग्न भएका** भनी उनको तारीफ गरिएको छ (१३ श्लोक) । लोकराजका छोरा हेरम्बराजसँगै गुरुज्यूहरूको पुस्तेवारी टुङ्ग्याउँदा हेरम्बराजले नेपालका राजाको कानमा चाँडै मन्त्र सुनाउनुहुनेछ भनी यहाँ लेखिएको छ (१४ श्लोक) ।

८. यी बडाखोला पाँडेहरू चौबीसी राज्यहरूमा राज गर्ने केही राजाहरूका गुरु बनेका थिए । आफ्ना प्रपितामह अर्थात् बराजु कृष्णलाई राजीवलोचन पाँडेले कल्याणमालका प्रिय तथा आफ्ना बाबु गौरीश्वर छोरा पाएपछि नरसिंहगुफामा पसेको र साह मल्ल उनको शिष्य भएको कुरा राजीवलोचन पाँडेले आफ्नो रामप्रबन्धमा लेखेका छन् ।[४१] यी साह मल्ल पर्वतका राजा हुन् ।[४२]

८.१. सेन राजाका पनि गुरु बनेका यी पाँडेहरू तनहुँ राज्यका खानदानी राजगुरु थिए । गोरखाली राजा पृथ्वीपति शाह जीवित हुँदै उनका जेठा छोरा युवराज वीरभद्र शाह परलोक भए । उनका ४ रानीमध्ये एक तनहुँका राजा दामोदर सेनकी छोरी लोग्ने बित्दा गर्भवती थिइन् र उनी घरमा ठाकठुक पर्दा अगावै माइत गएर बसेकी थिइन् । त्यहीँ गर्भेटुहुराको रूपमा नरभूपाल शाहको जन्म भयो ।[४३] पछि उनलाई गोरखा ल्याइयो । उनको व्रतबन्ध हुँदा गोरखाली राजाहरूका गुरु मिश्र र अर्ज्याल हुँदा हुँदै पनि नरभूपाल शाहलाई मावलीपट्टिका गुरु गौरीश्वर पाँडेले मन्त्र सुनाए भनी गोर्खावंशावलिमा लेखिएको छ ।[४४] यही अधिराजमहाराजराजगुरुवंशावलीमा पनि गौरीश्वर पाँडेले नरभूपाल शाहलाई मन्त्र सुनाएको कुरा परेको छ ।[४५] यसरी नरभूपाल शाहको पालादेखि पाँडेहरू पनि गोरखाली राजगुरु हुन गए ।

८.२. पछि गौरीश्वरका जेठा छोरा गोकुलविलासले नरभूपाल शाहलाई भगवतीको मन्त्र सुनाएको, नरभूपाल शाहको पुत्रलाभको लागि देवीपाटनमा भगवतीको आराधना गरेको कुरा पृथ्वीनारायण शाहका दरबारिया कवि ललितावल्लभले आफ्नो पृथ्वीन्द्रवर्णोदय (२।१२-१४)मा लेखेका छन् ।[४६] नरभूपाल शाहलाई नेपालखाल्डोको भोग होओस् भनी उनै गोकुलविलासले गुह्येश्वरी, दक्षिणकाली र साँखु वज्रयोगिनीमा अनुष्ठान गरेको कुरा गोर्खावंशावलिमा लेखिएको छ ।[४७]

८.३. पालपाका राजा द्वितीय मुकुन्द सेनले गौरीश्वरका साहिँला छोरा जगन्निवासलाई जग्गा दिएका थिए । त्यो जग्गा मुकुन्द सेनका नाति पृथ्वीपाल

---

४१. नयनाथ पौडेल २०२२: १८-१९ ।

४२. टेकबहादुर श्रेष्ठ २०५९: ४८-५० ।

४३. दिनेशराज पन्त २०४१: १६५-१६७, १६९ ।
अधिराजमहाराजराजगुरुवंशावली ६२-७३ श्लोक = महेशराज पन्त २०६९: १७-१८ ।

४४. वंशावली: ६३०-६३१ ।

४५ अधिराजमहाराजराजगुरुवंशावली ७४ श्लोक = महेशराज पन्त २०६९: १८ ।
राजगुरुवंशावली ६ श्लोक = महेशराज पन्त २०६९: ३२-३३ ।

४६. पृथ्वीन्द्रवर्णोदय: ४३८-४३९ ।

४७. वंशावली: ६३८ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सेनले जगन्निवासका नाति नागेश्वरलाई सन् १२०८ (१२०८+६४९ = १८५७ वि.सं.) ज्येष्ठकृष्णनवमी बुधवारको दिन थामिदिएका थिए ।[४८]

८.४. जगन्निवासका छोरा, तनहुँमा बसिरहेका नारायण पण्डितलाई

> **उप्रान्त तिमि भन्यका हाम्रा गुरु हौ. दुवै घरका शुभचिंतक हौ. हिजो पनि तनहुं गोर्खा बाधि काज चल्हावन्या तिमि हौ. बिचमाहा एक दुझ्का गर्दा डांडो पनि गयो. दोचित्त पनि पऱ्यो. आजसंम त्यसो पऱ्यो तपनि आयन्दा बनाया बन्दछ.**

इत्यादि लेखी वि.सं. १८१० आश्विनकृष्णषष्ठी मङ्गलवारको दिन पृथ्वीनारायण शाहले लेखेको पत्र पाइएको छ ।[४९]

८.५. श्री ५ रणबहादुर शाहले वि.सं. १८४९ आश्विनअमावस्या आदित्यवारको दिन नारायण पण्डितका छोरा नागेश्वर पण्डितलाई पठाएको पत्रमा

> **उप्रान्त तपाञिका भाई आफ्नु घर जानि आउनुभयेथ्यो. हामिले तपाञिका भाइको द्वार गरि खातीरजामापूर्वक सर्व भाईको बनाइबक्स्यौं. तपाञि पनि विद्यावान् हुनुहुन्छ भनि गुणकिति सुन्यौ. तसर्थ यो घर भन्याको आफ्नै हो. मोहर देषत पाउ लाग्नुहवस्.[५०]**

भनी लेखिएकोले नागेश्वरका भाइ अघिबाटै यहाँ आएका र नागेश्वर भने अझै नआएकाले उनलाई यहाँ ल्याउन कोशिश गरिएको देखिएको छ । नागेश्वर बडाखोलावंशावली[५१] अनुसार नारायण पण्डितका कान्छा छोरा र उनका २ जना दाजु श्रीकृष्ण र वेणीप्रसाद भएको कुरा यहाँनिर भन्नुपर्छ ।

काठमाडौँ चिकंमुगलटोलका एक जना बाँडाको अपुताली परी सरकार लागेको घर प्रतापसिंह शाहको बर्खीमा नारायण पण्डित अर्थात् राजगुरु व्रजनाथ पौडेलका कान्छा छोरा[५२]लाई दिइएको रहेछ । नारायण पण्डितलाई पछि बात लाग्दा सरकार लागेको त्यो घर दान गरी यिनै नागेश्वरलाई वि.सं. १८६१ फाल्गुनशुक्लचतुर्दशी (चैत ४ गते) बृहस्पतिवारको दिन दिइएको थियो ।[५३]

नागेश्वरको, पालपाको जग्गामा कर माफी गरिदिएको, वि.सं. १८६१ पौषकृष्णएकादशी (पूस १५ गते) बृहस्पतिवारको रुक्का पाइएको छ ।[५४]

सल्ल्यान राज्य नह्मासिँदै नागेश्वरले त्यस राज्यबाट पाएको बिर्ता वि.सं. १८६२ मा थामिएको थियो । त्यही बिर्तालाई वि.सं. १९०१ द्वितीयश्रावणकृष्णसप्तमी (साउन २३ गते) सोमवारको दिन विजयराजको नाउँमा सर्वाङ्कमाफ बिर्ताको रूपमा परिणत गरिएको थियो ।[५५]

श्री ५ रणबहादुर शाह जोगी भई काशी जाँदा नागेश्वर पण्डितले उनलाई रिझाउने मौका पाएका थिए । पालपाली राजा द्वितीय मुकुन्द सेनले उनका बाबु नारायण पण्डितलाई दिएको जग्गा त्यस रीझबापत वि.सं. १८६३ श्रावणशुक्लअष्टमी (भदौ ८ गते) बृहस्पतिवारको दिन नागेश्वरको नाउँमा थामिएको थियो ।[५६]

---

४८. दिनेशराज पन्त २०६८ः ३ पृ.मा ४ सङ्ख्या ।
४९. बाबुराम आचार्य २०६१ः २२३-२२४ पृ. ।
५०. ऐजनः फ्याक्सिमिलिखण्ड १८६-१८७ पृ., पाठखण्ड १ पृ.मा १ सङ्ख्या ।
५१. यसै लेखमा माथि दिइएको, बडाखोलावंशावलीअनुसारको पुस्तेवारी हेर्नू ।
५२. टीकाराम शर्मा अधिकारी २०५२ः १५१ ।
५३. दिनेशराज पन्त २०६८ः ७ पृ.मा ८ सङ्ख्या ।
५४. ऐजनः ६ पृ.मा ७ सङ्ख्या ।
५५. ऐजनः ३० पृ.मा २८ सङ्ख्या । लक्ष्मीपति-नयराजसङ्ग्रहको पात्रोबाट गते हालिएको हो ।
५६. दिनेशराज पन्त २०६८ः ७-८ मा १० सङ्ख्या ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

९.५ पुस्तादेखि गोरखाली दरबारसँग सम्बन्ध गाँसिएका विजयराज वि.सं. १९०२ मा धर्माधिकारमा नियुक्त हुनुभन्दा अगाडिदेखि दरबारबाट उनलाई अनुग्रह गर्ने गरिएको थियो भन्ने कुरा तात्कालिक कागजातबाट थाहा हुन्छ । यसको उदाहरणको लागि युवराज सुरेन्द्रको जन्मोत्सवमा उनलाई जग्गा दान दिई वि.सं. १८९६ मार्गशुक्लद्वादशी (पूस ४ गते) मङ्गलवार गरिदिएको पत्र,[५७] त्यसताकाका पुरोहित विश्वनाथ अर्ज्यालले खाइपाई आएको पुरोहित्याइँको आधा उनलाई दिई वि.सं. १८९७ मार्गशुक्लद्वितीया (मङ्सीर १३ गते) बृहस्पतिवार गरिदिएको पत्र,[५८] युवराज सुरेन्द्रको व्रतबन्ध र विवाह हुँदा उनलाई जग्गा दान दिई वि.सं. १८९८ भाद्रकृष्णद्वादशी (साउन ३२ गते) शनिवार गरिदिएको पत्र,[५९] युवराज सुरेन्द्रले रामायण लगाउँदा त्यसको साङ्गेमा उनलाई जग्गा दान दिई वि.सं. १८९८ मार्गशुक्लपञ्चमी (पूस ६ गते) शनिवार गरिदिएको पत्र,[६०] चप्रास कम्पनीमा दस्तूर बुझाउने गरी उनलाई जग्गा भोग गर्न दिइएको वि.सं. १८९९ माघशुक्लचतुर्थी (माघ २२ गते) शुक्रवारको पत्र,[६१] श्री ५ राजेन्द्रका जेठा बडामहारानी साम्राज्यलक्ष्मीको वर्षदिनमा उनलाई जग्गा दान दिई वि.सं. १९०० आषाढकृष्णएकादशी (असार ११ गते) शुक्रवार गरिदिएको पत्र,[६२] पुराणको साङ्गेमा उनलाई जग्गा दान दिई वि.सं. १९०१ ज्येष्ठकृष्णदशमी (जेठ १ गते) आइतवार गरिदिएको पत्र[६३] र युवराज सुरेन्द्रको विवाहमा उनलाई जग्गा दान दिई गरिदिएको यही मितिको पत्र[६४]तर्फ औँल्याउन सकिन्छ ।

---

५७. ऐजनः १६-१७ मा १७ सङ्ख्या ।
५८. ऐजनः २० मा २० सङ्ख्या ।
५९. ऐजनः २१-२२ मा २१ सङ्ख्या ।
६०. ऐजनः २२-२४ मा २२ सङ्ख्या ।
६१. ऐजनः २४ मा २३ सङ्ख्या ।
६२. ऐजनः २५-२६ मा २४ सङ्ख्या ।
६३. ऐजनः २७-२८ मा २६ सङ्ख्या ।
६४. ऐजनः २९-३० मा २७ सङ्ख्या ।

यो लेख लेख्दा काम लिइएका साधनको तालिका

काश्यपगोत्रीय पाण्डे (बडाखोला)को वंशावली २०६०
= वि.सं. २०६० मा काठमाडौँबाट काश्यपगोत्रीय (बडाखोला) समाजद्वारा प्रकाशित काश्यपगोत्रीय पाण्डे (बडाखोला)को वंशावली ।

काश्यपगोत्रीय पाण्डे (बडाखोला) समाजको परिचय
= वि.सं. २०६० मा काठमाडौँबाट काश्यपगोत्रीय (बडाखोला) समाजद्वारा प्रकाशित काश्यपगोत्रीय पाण्डे (बडाखोला)को वंशावलीका एक-बारह पृष्ठमा छापिएको काश्यपगोत्रीय पाण्डे (बडाखोला) समाजको परिचय ।

गोर्खावंशावलि
= वंशावलीमा हेर्नू ।

टीकाराम शर्मा अधिकारी २०५२
= वि.सं. २०५२ मा महेन्द्रसंस्कृतविश्वविद्यालयमा पीएच्.डी.को लागि टीकाराम शर्मा अधिकारीले पेश गरेको पण्डितराजरङ्गनाथ पौड्यालयस्य व्यक्तित्वकृतीनां समीक्षात्मकमध्ययनम् (नैपालकसंस्कृतरचनापरम्परापृष्ठभूमिवंशवृत्तसहितम्) (पण्डितराज रङ्गनाथ पौड्यालको व्यक्तित्व र कृतिको समीक्षात्मक परिशीलन (नेपाली संस्कृत रचनाको परम्परा, पृष्ठभूमि र वंशको वर्णनसहित)) ।

टेक बहादुर श्रेष्ठ २०५९
= वि.सं. २०५९ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, टेक बहादुर श्रेष्ठको पर्वत राज्यको ऐतिहासिक रूपरेखा ।

दिनेशराज पन्त २०४१
= वि.सं. २०४१ मा काठमाडौँबाट दिनेशराज पन्तद्वारा प्रकाशित, उनैको गोरखाको इतिहास १ भाग ।

दिनेशराज पन्त २०५५
= वि.सं. २०५५ मा ललितपुरबाट संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा ९३ पूर्णाङ्कका १-५० पृष्ठमा छापिएको, दिनेशराज पन्तको कुण्डलीसङ्ग्रह ।

दिनेशराज पन्त २०६८
= वि.सं. २०६८ मा काठमाडौँबाट खिलशर्म-राजीवलोचनजोशीस्मारकप्रतिष्ठानद्वारा प्रकाशित, दिनेशराज पन्तको बडागुरुज्यू विजयराजसँग सम्बद्ध पत्रहरू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नयनाथ पौडेल २०२२

= वि.सं. २०२२ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षामन्त्रालय पुरातत्त्वविभाग नेपाल राष्ट्रिय पुस्तकालयद्वारा प्रकाशित, नयनाथ पौडेलद्वारा सम्पादित र अनूदित प्रशस्ति-रत्नावलिमा उनैको उपोद्घात (१३-४२ पृष्ठ) ।

नयराज पन्त २०३५

= वि.सं. २०३५ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा ४० पूर्णाङ्कका १५६-२७६ पृष्ठमा छापिएको, नयराज पन्तको श्री ३ महाराज पद्मशमशेरका कुरा ।

पुरुषोत्तम शमशेर ज.ब.रा. २०४७

= वि.सं. २०४७ मा बनारसबाट परमवीर शमशेर ज.ब. राणाद्वारा प्रकाशित, पुरुषोत्तम शमशेर ज.ब.रा.को श्री ३ हरूको तथ्य वृत्तान्त १ भाग ।

पृथ्वीन्द्रवर्णोदय

= ललितावल्लभमा हेर्नू ।

प्रकाश ए. राज २०५३

= वि.सं. २०५३ मा काठमाडौँबाट नवीन पब्लिकेशन्सद्वारा प्रकाशित, प्रकाश ए. राजको विजयराज पण्डित (१८६२-१९३५) जीवनी ।

प्रकाश ए. राज २०५४

= ई.सं. १९९७ (वि.सं. २०५४) मा काठमाडौँबाट नबीन पब्लिकेशन्ज़्द्वारा प्रकाशित, प्रकाश ए. राजको क्वीन्ज़् अफ् द शाह डिन्यासृटि इन् नेपाल् (नेपालको शाहवंशका रानीहरू) ।

प्रशस्ति-रत्नावलिको उपोद्घात

= नयनाथ पौडेल २०२२ हेर्नू ।

फलेन्द्र विक्रम राणा २०१४

= वि.सं. २०१४ मा प्रकाशित, फलेन्द्र विक्रम राणाको नेपाली राणा-घरानाको संक्षिप्त वंशावली ।

बाबुराम आचार्य २०६१

= वि.सं. २०६१ मा काठमाडौँबाट श्री ५ महाराजाधिराजका प्रमुख संवादसचिवालयद्वारा प्रकाशित, बाबुराम आचार्यको श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी (इ.सं. १७२३-७५) २ आवृत्ति ।

भवेश्वर पंगेनी २०६६

= वि.सं. २०६६ मा ललितपुरबाट मदनपुरस्कारगूठीद्वारा प्रकाशित नेपाली (त्रैमासिक) २०० पूर्णाङ्कका ३९८-४१२ पृष्ठमा छापिएको, भवेश्वर पंगेनीको सन्दर्भः 'षुवाको वाहाली गर्न्या तिर्जा, चर्चाः जङ्गबहादुर कुँवर र विजयराज पण्डित ।

महेशराज पन्त २०६७

= वि.सं. २०६७ मा काठमाडौँबाट संशोधन-मण्डलद्वारा प्रकाशित पूर्णिमा १३३ पूर्णाङ्कका ७०-७९ पृष्ठमा छापिएको, महेशराज पन्तको काशिकराजकीयसंस्कृतपाठशालाको पुरानो खालको प्रमाणपत्रको विषयमा ।

महेशराज पन्त २०६९

= वि.सं. २०६९ मा काठमाडौँबाट नेपालसरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित अभिलेख ३० पूर्णाङ्कका ५-४७ पृष्ठमा छापिएको, महेशराज पन्तको अधिराजमहाराजराजगुरुवंशावली ।

महेशराज पन्त २०७०

= वि.सं. २०७०।६।१।३ मा ललितपुरबाट राजधानी न्यूज पब्लिकेशनद्वारा प्रकाशित राजधानी १३ वर्ष १८५ अङ्को ७ पृष्ठमा प्रकाशित, महेशराज पन्तको महाराजवंशावलीमा श्री ३ जङ्गबहादुर ।

महेशराज पन्त २०७० क

= वि.सं. २०७० मा काठमाडौँबाट नेपालसरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रालय, पुरातत्त्वविभाग, राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित अभिलेख ३१ पूर्णाङ्कका ५-४७ पृष्ठमा छापिएको, महेशराज पन्तको अधिराजवंशावलीमा र अरू वंशावलीमा शाहवंशको पुस्तेवारी ।

ललितावल्लभ पृथ्वीन्द्रवर्णोदय

= वि.सं. २०२५ मा ललितपुरबाट जगदम्बा-प्रकाशनद्वारा प्रकाशित; नयराज पन्त, देवीप्रसाद भण्डारी, गौतमवज्र वज्राचार्य र दिनेशराज पन्तको श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ४३४-४७६ पृष्ठमा छापिएको पृथ्वीन्द्रवर्णोदय ।

वंशावली

= वि.सं. २०२५ मा प्रकाशित श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ५४४-९२६ पृष्ठमा छापिएको वंशावली ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालको एकीकरणपछि अर्घाकोट कालिकामा गरिएको स्थितिबन्देज

- प्रा.डा. राजाराम उपाध्याय सुवेदी "त्र्यम्वक"*

पृष्ठभूमि : विश्वविद्यालय अनुदान आयोगको लघुपरियोजना अन्तर्गत अर्घाखाँचीको इतिहास अन्वेषणका क्रममा उपाध्यक्षको मौखिक आश्वासनले स्थलगत भ्रमणमा गएर काम सम्पन्न गरी फर्कंदा विभागाध्यक्षले गएलखारिज गर्ने दाउ गर्दा जागिर धरमरमा पऱ्यो । यू.जि.सि. ले पत्र दिन मानेन तापनि पाणिनीक्याम्पसको परीक्षामा पर्यवेक्षक भई गएको पत्रले जागिरको घिटकिसो बँच्यो । ५७५ पृष्ठको अर्घाखाँचीको इतिहास तयार गरी उत्सव प्रकाशनमा प्रकाशनार्थ दिएको हुन्चप्रसाद भयो, काम भएन । बागबजारस्थित एशिया पव्लिकेशनमा गोपाल खनाललाई प्रकाशनार्थ दिएको मेघाबैंक र कलेज खोल्न व्यस्त व्यवस्थापकबाट त्यो प्रति राखेको फिर्ता भएको पनि छैन । त्यसै कृतिको परिशिष्टबाट झिकी यहाँ यो लेख उद्धरण गरिएको हो ।

नेपालको एकीकरणपूर्व गण्डकी प्रस्रवणक्षेत्रमा चौवीसी राज्यहरु थिए । ती राज्यमा पर्वत, गलकोट, धूर्कोट, अर्घा, खाँची, गुल्मीचारपाला, वल्लोमुसीकोट, पाल्पा, तनहुँ, बुटवल, रिसिङ, घिरिङ, भीरकोट, दर्छा, इश्मा, प्यूठान, ढोर, गह्रौं, पैयूँ, नुवाकोट, कास्की, लमजुङ, गोरखा, सतहुँ, मुस्ताङ, बलिहाङ, गजरकोट, गाँडाकोट, दर्छा, सराङ्कोट, मनाङ, झरिखण्ड र बाम्रुक जस्ता राज्यहरु पर्दथे । तीमध्ये बलिहाङसम्मका राज्यको सामान्य परिचय पाइन्छ, अरुको खोजी गर्ने काम भइरहेको छ ।

चौवीसी राज्यमा अर्घा पनि पर्दथ्यो । यस राज्यमा ५००० धूरीकुयि भएका र यसको स्थापना वि.सं. १४९० मा भएको बुझिन्छ । अर्घाका राजा सूर्यवंशी, काश्यप गोत्र, शाहीथर, चितौरिया खानदानका मानिन्थे । यस राज्यको पूर्व सन्धिखर्कको समथर भाग सबै, खाँच राज्य, पश्चिममा गुल्मीराज्य र प्यूठानको सौतामारेधूरोसीन पुग्दथ्यो । उत्तरतिर अर्घातोष र दक्षिणतिर पत्थरकोटबाट ८ कोश दक्षिणसम्म पर्दथ्यो । दक्षिणी भागलाई आठकोशे लालझाडी भन्ने चलन पछिसम्म थियो । अर्घाखाँची जिल्ला निर्माण गर्दा २ राज्यलार्य एकै ठाउँमा मिलाई तराईबाट अलग्गै पारियो । अर्घाका राजा क्रमशः शिवरामशाह १४९०, धर्मराजशाह १५०५, जयन्तराज शाह १५२५, अनन्तराज शाह १५५०, हटिराज शाह १५७५, अहिवर्षा शाह १६००, वयामवर्ण शाह १६२५, धनराज शाह १६५०, भूपतिराज शाह १७००, नरदेवशाह १७३५, वीरकुमार शाह १८१० र खाँचीमा महेन्द्र शाह १७३७, विक्रम शाह १७५५,

* प्राध्यापक, कीर्तिपुर क्याम्पस ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

आलम शाह १७७३, दल शाह १७८५, वीर भद्र शाही १८००, दुर्गाभञ्जन शाह १८४०, महादत्त सेन १८४३, पृथ्वीपाल सेन १८५१-१७६० सम्म राजाहरुले राज्य गरे।

पाल्पा राज्यले वरिपरिका ६ वटा राज्यहरु नेपालसँग सहकार्य गरे वापत प्राप्त गरेको थियो। वि.सं. १८६३ बाट पाल्पा पनि नेपालमा मिलेपछि पाल्पालाई पश्चिमको गौंडा मानियो । राणाकालमा आएर नेपाल भोट युद्ध पर्दा पहिले विलयमा परेका राज्य पनि थामिए। थमौतिमा नपरेका राज्यमा केन्द्रले जङ्गी पदाधिकारी पठाई निजामति कार्य गर्न थाले । अर्घाराज्यको ठाडामा पनि राज्यस्तरीय अड्डा स्थापना गरिएको पाइन्छ ।

प्रस्तुत दस्तावेजमा मेजर जनरल ललित जङ्ग बहादुर राणाले अर्घाका मुखिया, जिम्मावाल, थरी, भलाम्दीहरुलाई सम्वोधन गरी पत्र कोटका छन् । तत्कालीन स्थानीय जनप्रतिनिधिमा माथिका पदहरु पर्दथे । उनीहरुलार्य काटिएको पत्रमा परापूर्वकालदेखि भूसालका पुर्खाहरुले अर्घाकालिका कोटमा पूजा गरी आएका थिए । त्यसका निम्ति पूजा गुठीको व्यवस्था गरिएको थियो । नित्यपूजाका साथै त्यहाँ चैतेदशैं र वडादशैंमा विशेष पूजा गरिदै आऐ र त्यसको पुरोहितहरुमा आचार्य थर भएका उपाध्याय ब्राह्मणहरु थिए । अर्घाकालिका कोटको पूजाआजा भूसाल गुठियारहरुले नेपालको एकीकरणकालसम्म थामी आएकामा आचार्य पूजारीहरुलाई दिइएको गुठी चनौटेको ।५० मुरी खेत छुट्याइएको थियो । त्यसको सारा तजविज भूसालहरुबाट हुन्थ्यो र नेपाल एकीकरणपछि पनि सो गुठी थामिएको थियो । त्यसको तजविज खरदार नितै जोशी, हेम्नत, नाथु, पारेश्वर आचार्यहरुबाट भई आएको थियो । मन्दिरमा फूलपातीको बन्दोबस्त र फूलको गादी (डोली) बोक्ने, पानी घडि थाप्ने, व्यक्तिहरुका नाउमा नेपाल सरकारले लालमोहर गरिदिएको थियो। पहिलेको लालमोहर शिके भन्ने व्यक्तिका नाउमा भइ आएकोमा पछि नित्यानन्द पुरोहितका नाउमा सारियो र त्यसको सहकार्य तुलसी आचार्य, नौरथे वीरभद्र, वेलपाते परिजोशी समेत सात जनालाइ चार वर्षको एक वर्षमा पालोफेरो आउने गरी प्रदान गरियो । उनीहरुलाई फेराको पूजा गर्ने जिम्मा समेत दिइएको पाइन्छ ।

लालमोहरिया नित्यानन्दका भतिजा विश्वेश्वरका नाउमा भएको लालमोहरको व्यहोरामा अर्घाकालिकाको नित्य नैमित्यिक विधिपूर्वक पूजा गरी श्री ५ सरकारको जय मनाइ बाँकी शेष रहेको भोग गर्नु भन्ने व्यहोरा पारिएको थियो । मन्दिर परिसरमा रहेका र बाहिर रहेका दानपत्र, शिलापत्र, तारपत्र, लालमोहर, पञ्जील(पञ्जापत्र), सनदमा उल्लेख भए अनुसार अघिदेखि चलिआएको रीति नियम अनुसारको स्थिति थामी त्यसमा पूजा गर्ने गुठी खेत ।२ का उब्जनीबाट र भक्तहरुका सिदा दक्षिणा सरजामबाट अघिदेखि दरिचली आएको दैदस्तूरले चलाउनु भन्ने रुका भएको थियो । अर्घाकोटमा १२ मौजाका मुखियाहरुले र अमालीहरुले गाउँगाउँको सम्भाव्यता रहेका वस्तुहरु जम्मा गराई पुर्‍याउने चलन रहे बमोजिम दुईवटा दशै.को पूजा चलीआएको थियो । गुठीमा दरिएको मौलाबोट र शेराखेत दुइ ठाउँको उब्जनीबाट परापूर्वदेखिको विधानसँग वलि पूजा, वेद, चण्डी, दुर्गाकवज, रुद्री, हवन, पञ्चोपचार, दशोपचार, षोडशोपचार विधानले देवीको पूजा चलाई शेष रहेको भोग गर्नु भन्ने कुरा रुक्कामा उल्लेख गरिएको थियो । उक्त रुक्कामा तोकिएको गुठमा लाग्ने राजस्व, मालपोत, कसारत बुझाई वर्षेनी कायममा राख्नु पर्ने हुन्थ्यो ।

अर्घाकालिकामा वडादशैं र चैतेदशैं लगायतका पर्वहरुमा चाहिने वलिका सरजाम र वलिका लागि चाहिने राँगा बोकाको बन्दोबस्त अर्घाकै थरी, भलाद्मी, रैतीहरुले दिनुपर्ने स्थिति बसाली उनीहरुलाई कर, राजश्व माफ गरिएको हुन्थ्यो। वलि चढाउने राँगा र बोका छान्न कटुवालेलाई पठाएर धाप मार्न (वलिका लागि छान्न) पठाइन्थ्यो र कूत मोलाइका हिसाबले (साविक दर कम परे पनि) भुक्तानी दिइन्थ्यो ।

लालमोहरमा राँगा बोकाको वलिका लागि छुट्याइएको रकम न्यूनतम हुन्थ्यो । तापनि देवीको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूजामा आफ्नो बोका राँगा परेमा खासै गुनासो गर्ने गरिन्नथ्यो । पछि आएर पर्व नजिक पर्दा असली राँगा र बोकाहरु धेरैमा बाँधेर राख्ने चलन आयो । घरमा पसेर कटुवालेले धाप मार्न पाउन्नथ्यो । चर्न गएका पशुलाई मात्र वलिका लागि धाप मार्न सक्ने हुनाले त्यसो पनि गर्ने चलन यदाकदा थियो ।

अर्घाकोट कालिकामा बाघको छालाबाट आलन, झण्डा, ध्वजा बनाउनु पर्ने परम्परा थियो । त्यसका निम्ति अर्घाकै राइखनिया गाउँका बासिन्दाका घर १० लाई अरु जमीनको झारा, वेठ, बेगार जसता स्थानीय करदस्तूर नलगाई माफ दिएर थारपाइललिकको गौंडोछेडो परेको ठाउँमा अघिदेखि थापी आए अनुसार बाघलाई छोप्ने खोर बनाइ्ृ बाघ बल्झाउनु भन्ने आदेश गरिएको थियो । बाघ बल्झाउनलाई ढुंगे सुरुङ्ग भित्र (खोरभित्र) पस्थ्यो । बाघले निश्चित ठाउँमा टेकेपछि सो सुरुङ खोरको ढोका बन्द हुने गरी मिलाइएको हुन्थ्यो र बाघ थुनिन जान्थ्यो । रातभर बाघले खोरमा कराएको पाठो खाई अघाएर त्यही सुत्थ्यो । विहान भएपछि थारपाइलाका छेडामा राइखनिया गाउाका १० घरका मानिस जम्मा भएर बाघ मार्न खोर थापेका ठाउँमा पुगी र लौराले थिच्ने, घोच्ने गरेर बाघ मार्दथे । मरेको बाघको छाला (खाल) उतारिन्थ्यो । त्यही छालाको श्रि अर्घाकाली भगवतीको ध्वजा, आलन, पर्गला, झण्डा बनाएर लिङ्गमा (काँकड) झुण्ड्याइन्थ्यो । प्रत्येक वडादशैं र चैतेदशैंमा गरी वर्षका २ वटा बाघ (बघिनी पनि हुन सक्थ्यो) बल्झाएर मारिन्थ्यो । प्रत्येक वर्ष बाघ बल्झाउने खोर पूजा गर्ने र बाघलाई पाशोमा पार्ने पाठो किन्ने रकम खोरलाई दरिएका (तोकिएका) १० घरलार्य पञ्चखत बाहेक (गोहत्या, ब्रह्महत्या, स्त्रीहत्या, बालहत्या र पातकी=हाडनाताकरणी) अस्मानी, डण्ड, कुण्ड, लिकतन, घन्तन, बाली, जगात, मालपोत, झारा, बेठ, बेगार माफ गरी त्यसैबाट जुटाउने व्यवस्था गरिएको पाइन्छ । पछि पछि बाघको संख्या घटेर पनि होला खोरपाशोमा बाघ बल्झिन पनि छोड्यो । बाघ नबल्झे पनि अर्घाकालिका भगवतीको पूजाविधि रोक्न नहुने हुँदा पुरानै छालालाई सुरक्षितसाथ राखी अर्को दशैंमा पनि सोही छालाको ध्वजा बनाउने परम्पराको विकास भयो । आजकल पनि सानो छालाको टुक्राालई छोटो लिङ्गामा बाँधेर बाघको छालाको ध्वजा बनाई पूजामा निर्वाह गरिदैछ ।

अर्घाकोट कालिका भगवतीको पूजा कालिकातन्त्रविधिबाट गर्नुपर्छ । त्यस्तो विधि काठमाडौं हनुमानढोकामा पनि गरिन्छ । ती दुवै विधिको तुलनात्मक अध्ययन गर्नुपर्ने विषय छ । अर्घाकोटमा दशैं आउन थालेपछि बाह्रै मुखिया, अमाली, थरी, ४००० अर्घाका जम्मा भएर आवश्यक सामान लिएर कोट मौलामा शास्त्रोक्त विधिले पूजा गर्नुपर्ने चलन थियो । जुन झुत्ताका मुखियाले सो पूजामा कुनै वास्ता नगरेमा, पूजाको सरजाम र अन्य कार्य गर्ने हर्कत गरेमा त्यस्ता मुखियालाई प्रचलित कानून बमोजिम सजायँ गर्ने कुरा पनि लालमोहर रुक्कामा उल्लेख रहेको छ। मौलाको पूजा गर्न जाने सबै घरका मानिसहरुले श्री अर्घाकालिकाको स्थान मन्दिर, पर्खाल, डवली, पौवा, पाटी, नौलो, उपासु बस्ने, पूजारी, पुरोहित बस्ने रहने खण्ड भत्के बिग्रेको भए बिग्रेको तत्कालै बनाउनु र त्यसरी बनाउने रैतिका कुरियाहरुलाई अन्य ठाउँमा लाग्ने झारा, बेठ, बेगार जस्ता स्थानीय करहरु माफ गरिएका थिए । त्यसरी झारा लगायतका स्थानीय करमाफ पाएका कुरियाका रैतीहरुले बाटा, घाटा, पँधेरा बनाउनु, फलफूलका वृक्ष नकाट्नु, पानीधारा कुवा सुक्नबाट बचाउनु भन्ने निर्देशन लालमोहर रुक्कामा गरिएको पाइन्छ ।

अर्घाकोट कालिकाको मौलामा (क्षेत्रमा) नेवार हरुको बसोबास थियो । ती नेवारहरुले मन्दिरमा बाल्ने बत्ति काल्ने, पुस्तकका बासा, ब्राह्मणका धोतीकछाड बुन्ने, ऐंठे खाडी बुन्ने, तानजोत्ले, कपडा बुन्ने, धागो काल्ने, कपास लगाउने, चर्खाउइंटा चलाउने, साँझ विहान श्रीकालिकाको स्थानमा बत्ति पुऱ्याउने, भजन गर्ने, जात्रा गर्ने, मेला भर्ने, हटिया चलाउने कार्य गरि आएका थिए । त्यसो गरे वापत उनीहरुलाई चौधरीले घर गनेर लगाउने गरेको रकम मिनाहा गरिएको थियो । अर्घाकालिकाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पूजाका समयमा गाउँगाउँका थरी मुखिया जम्मा भएर आपसमा सल्लाह साउँती गरी मौलाको काम गर्नुपर्ने र लालमोहर रुक्का उल्लेख भए अनुसारको काम नगर्ने थरी मुखियालाई ऐन कानून बमोजिम सजायँ गर्नु भन्ने कुरा स्पष्ट पारिएको थियो । अर्घार जस्थल श्रीकालिकाको मन्दिर उच्च पहाडी टाकुरीमा भएकोले त्यस मन्दिर वरपर घना बस्ती थियो । वरपर गाउँका बासिन्दाहरु त्यहीं बाटो पत्थर अर्घाढुंगोको बाटो चुत्रावेंशी, सन्धिर्कतिर जाने आउने गर्दथे । तसर्थ गर्मीका समयमा अर्घाकोटमा पानीका स्रोतहरु सुक्दै जाने हुँदा भारि बोकेर उकालो चढ्ने बटुवालाई, हटारुलाई सुविस्ता पुगोस् भनी नेटानेटामा राम्रा बिसौनी, चौतारी, फलैंचा, पेटी बनाउने र चौतारीमा वर, पिपल, स्वामी, कदम, बेलका वृक्षहरु लगाउने चलन थियो । गर्मीयाममा बटुवालार्य तिर्खा लागेमा पिउने पानी राख्ने चलन थियो जसलाई धर्मपानी राख्ने भनिन्थ्यो । धर्मपानी फागुपूर्णिमादेखि शुरु भई अक्षय तृतीयासम्म राखिन्थ्यो । अक्षय तृतीयाको दिन मरिच, खूदो घोलेको सर्वत र जौको भूटेको सातू बाँडिन्थ्यो । विशेष गरी पति परदेश गएका, सन्तान नभएका, आफ्नो आँट पुरा नभएका, धर्ममा चित्त भएकाले धर्मपानी राख्दथे । धर्मपानी राख्दा २ वटा माटाका घडा चौतारीमा खाल्टो बनाई गाडिन्थ्यो र मुखमात्र बाहिर राखी काठका पिर्का वा स्लेटको ढक्कनले ढाकी पानी भिक्ने र २ वटा बाँसका ढुंग्रा राखिन्थ्यो । बटुवाले तिनै ढुंग्राले पानी घडाबाट भिकी अलक्क ठाडो घाँटी लगाई पिउने गर्थे । त्यस धर्मशालामा प्रत्येक विहान भक्तहरु, स्थापनाकर्ताले पानी खेप्थे । अर्घाको धर्मपानीमा सरकारले नै धर्मपानी राख्नु पर्ने उर्दी गरे अनुसार ठाउँको नामै रहेको पनि छ ।

लालमोहर र रुक्कापत्र पाउने गुठियारले श्री ५ सरकारको जय मनाउने र देवानन्द आचार्यको रुक्का दस्तखतमा खेतमुरी ।५० जागिरस्वरुप भोगचलन गरी साँझ विहान श्रीअर्घाकालिका भगवतीाके पूजा चलाउने काम गर्नु भन्ने आदेश दिएर प्राचीनकालीन शाक्त परम्परालाई यथावत थमौती गरिएको पाइन्छ । मन्दिरमा पूजा आरती गर्दा बानादार नगर्ची, नगरकोटीलाई ढोल, नगरा, बाँसुरी, मुरली, काहाल, नसिंङ्गो, कर्नाल, भोंक्कर जस्ता बाजाहरु बजाई चारदिशी (चारैदिशातिर सुनिने गरी) बढाई गर्ने परम्परालाई पनि कायम गरिएको पाइन्छ । त्यसरी बाजा बजाई बेलाबखतको ठीक संकेत दिने बानादारलाई पनि सनद गरी गुठी र नेगभाग छुट्याइएको पाइन्छ । त्यस सनदमा बानादारले टाउका, घाँटी, ह्याकुलो, फिलो, धड यति यति लिनु, खानु, पाउनु भन्ने पर्ना तोकिएको थियो । त्यस्तो कुरा उल्लेख परेको सद अन्त नभएको र जेठो भाग दिनु खानु भन्ने कुरा पनि उल्लेख नुहँदा श्री ५ सरकारबाट सनद दिने बेला जजसलाई जे जे दिनु भनेको छ तदनुसार गर्नुपर्ने हुन्थ्यो । सनदमा उल्लेख नभएको कुरा पनि वि.सं. १९४१ सालमा अमाली सुवेदार अमरध्वज रायमाभी क्षत्रीले ठाडा श्री र्घाकालिकादेवीका गुठियार सात जनाले भने आ-आफ्ना भाग दिएकै थिए । ४ वर्षको १ वर्ष काम गर्ने एउटा त्यस बापतको भाग खाने अर्कै भएको हुनाले जसले काम गरे उसैले खान पाउनु पर्ने हो भन्ने दलिल पनि पेश गरिएको पाइन्छ । त्यस भागमा पूजारी दण्ड आचार्यको भगडा पर्न गएकोमा थुनुवा पुर्जि पठाइयो र त्यस कुरामा नियम बिग्रन गयो । त्यसो गर्दा कोही पनि नियममा चल्न सक्ने नहुँदा श्रीअर्घाकालिकाको कालरात्री र नवमीपूजा गरी ६ वटा राँगा मामुलियतमा चढ्दछन् । ती राँगालाई वलि गरेपछि नेगी गएर आ-आफ्नो नेगभाग बुझाउनु पर्नेमा सिंगा राँगा १० वटा खान पाउने हुँ भनी नेगीहरु कुर्लेका थिए ।

श्रीअर्घाकालिकाको दशैं पूजामा वरण गरिएका ब्राह्मणहरुलाई समजोरै लुगा र जुत्ता दिनु पर्ने रीति र नेपाल एकीकरण भएपछि कन्या पूजा गरी चूराधागो र कन्याकपडा दिने प्रचलन शुरु गरिएकोमा राणकालमा त्यो थिति पनि रोकिन गयो । गुठीयारले नदिएपछि उपाशु र कर्ताका घरघरानाबाट दिने कुरा पनि मिल्ने भएन । घरघरानाबाट बुझाउने वा कति रकम ती वस्तुको बुझाउने भन्ने सनदमा पनि स्पष्ट उल्लेख गरिएको थिएन । तर त्यो प्रचलन सनातनबाटै

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चलिआएको कुरा थियो । त्यस विषयमा र पूजाको भेटिघाटी, दैदस्तूर, सिधादक्षिणा दिनु भन्ने कुरा पनि नयाँ बन्ने सनदमा समावेश गराउनु पर्ने सुझाव गरिएको पाइन्छ । त्यसप्रकारको सनद छँदाछँदै अन्य व्यक्तिबाट भेटिघाटी मुडी थुनाउन पाउनै हुन्नथ्यो भन्ने जिकीर पनि थियो । पूजारीले दिएका ७ वषरामध्ये १ वषरामात्र रोकेर मुडिभेटीघाटी जसलाइ दिनु पर्ने हो बुझ्न दिनु भन्ने र जिम्मावाल थरी अमालीका नाउमा र गुठियार पुरोहित पूजारीको नाउमा सनद र सनातनकालदेखि चलिआएको दशैंको कामकाज तुरुन्त गराई दिनु पर्ने हुन्थ्यो । त्यसरी सबै दस्तूर मिलाएपछि मामुलियतका महिषवलि ६ वटाले जो पुग्छ त्यसै अनुसार बाँडी दिए हुने कुरा निवेदन गरिएको थियो ।

गुठीयारले दिनुपर्ने दस्तूर उठाई बाँकी कसर सरकारलाई बुझाइदिनु भन्ने सनद गरेमा श्री ५ को जय मनाई सुविधासँग दशैं मनाउन सहज हुने उल्लेख छ । अर्घा रजस्थल बस्ने गुठियार राइटर देवीदास भूसालले १९४१ साल आश्विन कृष्णापक्ष १३ त्रयोदशी मंगलबाजरमा माथिको व्यहोरा विन्तिपत्रमा पारेका कुरमा साँचो ठहरेमा श्री अर्घाकालिकाको स्थानमा जति राँगा पर्दछन् उति नै नेगीहरुलाई दिलाइदिनु भन्ने उल्लेख गरिएको छ । बढ्ता नपरेका राँगाको विना सनद कर लिन पाइन्न भन्ने पनि उल्लेख पारिएको पाइन्छ । ब्राह्मणहरुलाई दिने जुत्ता र श्री ५ सरकारका तर्फबाट पूजा गर्ने कन्याहरुलार्य दिइने चूरा पनि जजसले पाउने हुन् उनैलाई दिनु भन्ने व्यहोरा उल्लेख गरिएको छ । सनदमा उल्लेख भए भन्दा बढ्ता यत्रतत्र वेथिति गर्न पनि नदिनका लागि अर्घाभरका मुखिया जिम्मावाल थरी थानीका नाउमा सनातन बमोजिम जनरलको दस्तखत गर्नका लागि ठाडा खदालतका हाकिमा कासिन्दाहरुले विन्ति पारेका थिए । त्यसको कार्वाही गर्ने क्रममा जनरलले उक्त व्यहोरा साँचो भएको भए श्रीअर्घाकालिकाको मन्दिरमा जति राँगा वलि चढ्छन् उती नेगीहरुलाई दिलाउनु, वलि नचढेका राँगाको विना सनद कर अशूल गर्न नपाइने ठहर गरियो । ब्राह्मणहरुलाई दिइने जुत्ता र कन्या भोजनपछि दिइने चूरा साविक बमोजिम दिलाइदिनु भन्ने आदेशको सनद गरियो । सनद मिची यत्रतत्र गर्नेलाइ दण्डसजायँ गर्नु र सनदको निर्देशनलाई मिच्न नदिनु भन्ने निर्णय गरिएको पाइन्छ ।

वर्तमान नेपाल यस पत्र प्रसारणकाल भत्दा धेरै परिवर्तित भएको छ । नेपाललाई जवर जस्ती धर्मनिरपेक्ष राष्ट्रका रुपमा घुचेटा लगाइएको छ । संसारमा ७५ भन्दा बढी इसाइयत धर्ममूलका, ५० भन्दा बढी इस्लामियतमूलका गणराज्यहरु हुन हुने विश्वमा एक मात्र सानो हिन्दू राज्यलाई बलान् धर्मनिरपेक्ष बनाइएको अन्याय छ । यसो भन्नुको तात्पर्य राज्यले मनाई आएका चाडपर्व, मेला, पूजा, संस्कार, परम्परा, समाज, सामाजिक नीति नियम, कानून, प्राचीन धरोहरहरुको संरक्षण, विश्व सम्पदामा पर्न सक्ने नेपाली वस्तुहरु, नेपाली मौलिक कला, शिक्षा, सामाजिक मर्यादा, मूल्य, मान्यता, सामाजिक संस्कृतिको अब के हविगत हुने हो ? यो कुरा राजनीति गर्ने दलहरुको ठेक्का लिनेहरुले बुझ्नु पर्ने हो की होइन ? हाम्रा परम्परा जरैदेखि रुढीबादी, अन्धविश्वास त्याज्य घोषित गर्ने, बाह्य संस्कृति, धर्म, शिक्षा, परम्परालाई भित्र्याउन केही रकम र परियोजनाको लोभमा पर्नु नेपालीपनको विलय गराउनु बाहेक के नै हुन सक्छ ? त्यस्ता कुरालाई सांकेतिकरुपमा प्रस्तुत अभिलेख र त्यसैको व्याख्याले नेपालीत्व, नेपाली अस्मिता के मा अडिएको थियो भन्ने संकेत स्वरुप यो लेखले जन्म लिएको हो । विज्ञ पाठकहरुले हिन्दू परम्परागत धरोहरको मर्म बुझ्नु भएकै छ । बढी जान्ने सुन्ने र अहंकार व्यक्त गरेको होइन । किनभने अब अर्घाखाँची जिल्लास्थित श्रीअर्घाकालिकाको पूजा, आराधना, वलि, सराएं, चारदिशी, वेलासारिणी, सूचना, पाठ, अर्चना, उपाशु, सामाजिक कर्तव्य, नैतिक दायित्वको सनातनबाट चलेको रीतिलाई कसरी जिवन्त राख्ने भन्ने चुनौतीपूर्ण प्रश्न यस पत्रले, अभिलेख, दस्तावेजले बोलेको कुरालाई यहाँ यथाप्रसंग उठाइएको मात्र हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालको एकीकरणपछि अर्घाकोट कालिकामा गरिएको स्थिति बन्देज : मूल दस्तावेज

श्री

श्रीमहाकालीदेवी श्री ५ सर्कार

स्वस्तिश्रीभद्राजकुमार कुमारात्मज श्रीमेजरनजरल ललितजङ्ग वहादुर राणाकस्येपत्रम्

आगे अर्घाका मुषियाजिम्मावाल थरिभलाद्मीहरुके येथोचित उप्रान्त अर्घारजस्थलकोटका १ को अघिपरापूर्वदेषिमेरापुर्षाहरुले नित्यनैमित्यिकपूजागुठी १ र चैत्यादशै पर्वपर्वकापूजा गुठी १ चलाई आयेकारहेछं प्रोहितआचार्ज्यजन ४ ले वडादशैंमा १ कास्थानमा प्रोहित्यत्री चलाईआयाकारह्याछन् र गोर्षा २ को प्रवेशसम्म थाम्यापछि सो आचार्ज्यको षायल अर्घाको प्रोहित्यात्री र मानाचामल चनौटे षेतमुरी ।५० षान्गीगरीबक्स्यौं भन्या मेराबाज्याषरिदार नितैजोशी हेमन्तनिकै नाथुपारेश्वर आचार्ज्य बेलपत्रबोकन्या घडिवालस्मेतका नाउभयाको लालमोहोर १ सिकेका नाउको मोहोरहानिबक्स्यौं आफुलाइलाग्याकोटहलमा रुजुरही प्रोहित्यात्रीपूजाहारिजानि चलनगरभन्या प्रोहितनित्यानंद तिलनारीभन्यातुलसी आचार्ज्य पूजाहारि नित्यान्नद नौरथे विरभद्र बेलपाते पिरैजोशीस्मेत ७ जनाकानाउको लालमोहोर १ अर्घाका १ का पुरोहित्यात्री र फेरास्मेतको पुरोहित्यात्री चारवर्षको १ वर्ष हामीबाट बक्स्यौं भन्या निजैको भतिजा विश्वेश्वरकानाउको लालमोहोर १ नित्यनैमित्ये विधिपूर्वकपूजा गरी हाम्रोजयेमनाई बाकिशेषरह्याकोषानुभन्या षेतमुरि ।६० र षरक १ स्मेतको निजमेरा बाज्यानित्यानंद जैशीकानाउकोलालमोहोर १ भयाकाछं . ३० सालदेषि १ का गुठीमा लाग्याको कसरतिर्नुपर्दैन गुठीजगाको चलंगरी सो जगाकाउब्जनीले र १ कामंदिरमाआयाका भेटघाट देदस्तुर सिदादक्षिणानेगली हाम्रोजयेमनाइशेषरह्याकोषानु भन्या १ र दानपत्रशिलापत्र तामापत्र तारपत्र लालमोहोरपञ्जीलगैह्र सनदबमोजिं र अघिदेषि दरिचलिआयाबमोजिंका वडादशैंचैत्यादशैंपर्वपर्वका पूजागुठिषेत । २ का उवजनिगैह्रले र अघिदेषि दरिचलिआयाका हदस्तुरले चलाउनु भन्या रुक्का १ साविकबमोजिं १ कास्थानमा अमालिबाट आउन्यासरजामाले चैतेदशैं गर्नु गुठरह्याको मौलाबोटसेराषेत २ का उपजनिले र अघिदेषिदरिचलिआयाका वैदस्तुरले वडादशें र पर्वपर्वकानित्यनैमित्यिकपूजा गर्नू अघिपरापूर्वदेषिचलिआयाबमोजिंको विधिविधानसंगवलिपूजा पाठगरी शेषरह्याको षानू साविकचलिआयाका श्रेस्तासँग काजकाममाचहियाको सरजाम रागा र बोका अर्घाकाथरीभल्द्मीरैतिहरुले दिनू काममा लाग्याकामालमोल साविकदेषिचलिआयाबमोजिं लिनू राइषनियागाउकारैरितघर १० लाई अरुजगाको भाराबेठबेगार माफगरी थरपाइलाकोडामा अघिदेषिथापीआयाबमोजिं षोरथापी बाघबल्भाउनु तेसैबाघकाछालाले १ कास्थानमा ध्वोजाबनाउनु षोरलाईदरिआयाका घर १० को पंचषतबाहेक अस्मानिपरिआयाको भन्या तेसैआम्दानीले षोरपूजागर्नु सो मौलामासाविकबमोजिं अर्घाजिल्लाभरचारहजारका थरि मुषियासामेल भै चाहिन्यासरजाम ती मौलामाविधिपूर्वक दशैं गर्नू जसमुषियाले दशैंको काम हर्कतगर्ला अैनवमोजिं सजात्र लेला मौलामाबस्न्याकुरियाले १ को स्थानभत्क्योबिग्र्योको बनाउनु अरु भारटंटा नलाउनू बाटा धारापँदेराका रुष फल्नेवृक्ष नकाट्नु बाटोपंधेरो बनाउनु सो मौलामा बस्ने नेवारले बत्तिलाईधागो साजबेहान १ कास्थानमापुर्‍याउनु भजनगर्नु इन्हेरुलाई चौधरीलेघरगनी नलाउनु थरिमुषियामौलामासामेलमै सल्लाहासँगमौलाको काम नगर्नु योलेषियाका बन्देजमा जो होइन तेसलाइअैनवमोजिं सजात्रहोलाभन्या १ स्मेतमेरानाउमा ३ रुक्कादस्कतभयाकाछं षेतमुरी ।१५ षाई धरंपानीराषनु हाम्रोजयेमनाउनु भन्या देवानंद अर्जाका नाउको रुक्कादस्कतषेत मुरि ।५० जागिरषाई साजसवेरहर्कतनगरि बाजाबजाउनु भन्या बानादारहरुको नाउको सनद १ भयाको रहेछ मडिभेटिघांटीयेतीषानु भन्या र दिनु भन्यासनद अरुकुनैका छैनन् जेठो भागदिनुषानुभंन्यापनिसनद छैनन् २ बाट सनदवक्सदा जस्जसलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

ज्याज्याबक्स्याको छ सो सनदवमोजिंमात्र गर्नुपन्या सनददेषिबढता गर्नुनहुन्याहो यो सालमा आफ्ना सनदमा नभयाकोजेठो भाग र कोठाको भाग मुडी भेटिघाटी २ भागको १ भागथु निविक्रिपारिदिन भन्य अमालीसुवेदारअमर धोजमाझी क्षेत्रीकानाउमा येसअडाको थुनुवापुजिंलगी भुडीभेटिघाटि पनि थुवाया हामी ७ भाइले आफ्ना आफ्ना भाग दिंदै छौं४ बषराको १ बषराकाम गर्ने भाग षाने अर्कै हुदा जसले काम गऱ्यो उसैले षांछ सो भाग भाइंडुअचार्ज्यको र देवानीदअचार्ज्यको झगर पर्दामा थुनुवापूजिं हुंदा र विवंजदेजगर्दा सवैले विवंदेज गर्छन् २ काज पनि भित्र कालरात्री नवमीगरी ६ राँगामामलियनका चढदाछं सोराँगाले नेगीगैह्र बुझाउनु पर्न्यामा सिंगाराँगा १० षान्याहुँ भनेनेगी देषिंछ ब्राह्मणहरुले जुनाचूरापायेनन् भनी घंछं मेराघरघरानाबाट पुन्य उलान न्याकवोलपनिछैन यतिलिनु भंन्या सनद पनि छैन सनत न साविक ५ यस्मा भेटिघाटी दैदस्तूरसिदादक्षिणा दिनु भंन्यामेरा नाउमा सनद भयापछि अरुले भेटिघाटिमुडि थुनाउन पाउन्याहोइनं पुजाहारिलेदियाको ७ वषरामध्ये ४ वर्षराको १ वषरामात्ररोकीदिनु मुडिभेटि घाटीयिनजैलाई बुझ्नदिनुभन्या अमालीसमरधोजमाझी क्षेत्रीका नाउमा फुकुवापूर्जि १ र जिम्मावालथरि अमालिकानाउमा गुठियारप्रोहितपूजाहरिको नाउमा सनद भयामा सनद र सनातनबझुी दशैंकोकांतुरुंत गराइदिनुपरेनन् भने मामलियतका राँग ५ लेजो पुग्छ बांडिदिनु गुठियारको दस्तूरली बुझाइदिनु भन्या सनदवक्स्याहजूरकोजयमनाई सुविस्तासंग दशैंगर्दा हूँ प्रभूजोमर्जिभनी अर्घारजस्थलबस्न्यागुठियार राइटरदेवीदासभूसालले ९१ सालआश्विनवदि १३ रोज ३ मा विंतिपारेकामुद्दामा वेहोरायेहीसांचोहो भन्या १ कास्या नमा जतिराँगापर्दछन्उति नेगिहरुलाईदिलाइदिनु बढतानपरेकाराँगाको विनासनदकर लाउन पाउदेनन् बाहुनहरुलाई दिन ल्याउनेजुत्ता र १ का मंदिरमा चढ्न्या २ का निमित्त भोजन गरायाकाकन्याहरुले पाउन्याचूरामासाविकदेषि जस्लेज्याज्यापाइआयाछं उनैउनैलाई वहिकुरादिलाइदिनु सनदसाविकछोडि जत्रतत्रगर्ननदिनु भंन्यावेहोराको अर्घाकामुषि जिम्मावालथरिमुषियाका नाउमा लालमोहोररुक्कादस्कत सनातन वमोजिं हजूर्कादस्कत गरिवस्कनु पर्न्या ठहराञ्यूजोमर्जि भनि ठाडाअदालतकाहाकिंकारिंदाले हाम्राहजूरमाविंतिपार्दा जाहेर भयो तसर्थ सोठहरायाबमोजिं बेहोरायेहीसाँचो हो भन्या १ का मंदिरमाजति राँगापर्छन् उतिराँगानेगिहरुलाई दिलाइदिनु नपरेकाराँगाको विवासनद करलाउनपाउदैनन् बाहुनहरुलाई दिन ल्याउन्याजुत्ता र १ कामंदिरमा चढन्या २ का जयनिमित्त भोजन गरायाकाकन्याहेरुले पाउन्याचूरासाविकदेषि जस्लेजेजेपाइआयाकाछं उनैउनैलाईवही कुरा दिलाईदिनु सनदसाविकछोडिजत्रतत्र गर्ननदिनु भंन्याबेहोराको लालमोहोररुक्कादस्तदरसाविकसनातनबमोजिं दस्तखतगरि बक्स्यौं इतिसम्वत् १९४१४ सालमिति आश्विनसुदि १५ रोज १ शुभम् .... ।

स्रोत : अर्घाजस्थलनिवासी लेखनाथ भूसालका संग्रहमा रहेको संकलन प्रमाणबाट उतार । शंकरमान राजवंशी, "अर्घामा प्राप्त" प्राचीन नेपाल ७ (वैशाख २०२६) पृष्ठ २५-३७ ।

सन्दर्भ

(१) राजाराज सुवेदी, नेपालको तथ्य इतिहास(काठमाडौं: साझा प्रकाशन २०६१), पृष्ठ १२६-१३८ ।

(२) राजाराज सुवेदी, अर्घाखाँचीको मध्यकालीन चिनारी, चिनारी २ (२०६१) अ.खानं. सदन, पृष्ठ ४८-५८ ।

(३) मन्दिर र घरघरमा शुभकार्य गर्दा समय निर्धारण पानी घडिबाट गर्ने गरिन्थ्यो ।

(४) शंकरमान राजवंशी, "अर्घामा प्राप्त" प्राचीन नेपाल ७ (वैशाख २०२६), पृष्ठ २५-३७ ।

(५) राजाराम सुवेदी, अर्घाखाँचीको इतिहास (काठमाडौं : अप्रकाशित) पृष्ठ १५८-१७५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपालमा अफिम उत्पादन तथा व्यापारमा सुधार प्रयास

- डा. भवेश्वर पंगेनी*

परिचय

राणाकालको थालनीमा सरकारी ठेक्काबाट व्यापार गर्न गरिने वस्तुहरुमा अफिम पनि एउटा थियो । प्राय: तराई क्षेत्रमा गरिने अफिम खेती सङ्कलन गर्न सरकारले 'अफिम महाल' नामको एउटा छुट्टै अड्डा (कार्यालय) खडा गरिएको थियो । वि.सं. १९१८ तिर मोरङ, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन जिल्लामा त्यस्ता अड्डा खडा गरिएका थिए जहाँबाट सरकारले तोकेको दरमा ठेकेदारले अफिम खरिद र विक्री गर्दथे । त्यस्ता अड्डामा सरकारले निश्चित कर्मचारी तैनाथ गर्दथ्यो जसले ठेकेदारको निर्देशनमा काम गर्नु पर्दथ्यो । यहाँ उल्लेख्य के पनि छ भने अफिम व्यापारको ठेक्का लिनेले सम्बन्धित किसान तथा अफिम जम्मा गर्ने व्यक्तिलाई पेस्की रकम समेत दिने गरेको पाइन्छ । प्रस्तुत लेखमा १९१८ सालमा अफिम खरिद र विक्री गर्न दिइएको ठेक्का सम्बन्धी अख्तियारीका साथै अफिम उत्पादन तथा व्यापारमा सुधार प्रयास विषयलाई 'नेपालमा अफिम उत्पादन तथा व्यापारमा सुधार प्रयास' शीर्षकमा चर्चा गरिएको छ ।

अफिम खरिद र बिक्रीको ठेक्का

राणाकालको थालनीतिर १९१८ सालमा सरकारले अफिमको ठेकेदारलाई बर्दियादेखि पूर्व, मेचीदेखि पश्चिम, मोरङ, सप्तरी, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, चितवन जिल्लामा रहेका अफिम माहालको अफिम खरिद र बिक्री एकहट्टी जमानत गर्ने अख्तियारी दिइएको पाइन्छ । अफिम महालको व्यवस्थापन गरी खरिद तथा बिक्री गर्न सरकारले यस प्रकार दायित्व दिएको देखिन्छ;[१]

अफिम खरिद

अफिम खरिद गर्नका लागि ठेकेदारले किसानलाई पहिले नै पेस्की रकम दिने प्रचलन रहेको पाइन्छ । यसरी पेस्की दिने तथा सोहीअनुसार अफिम तयार भएपछि पेस्की लिने किसानहरुबाट अफिम खरिद गर्ने सम्बन्धमा पनि सरकारले देहायअनुसारको नियम बनाएको देखिन्छ;

किसानको अफिम खेतीका आधार (अवल, दोयम, सिम र चाहार) उनीहरूलाई पहिले नै दादनी

* प्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

१ देवीप्रसाद शर्मा, ट्रेड एन्ड इन्डस्ट्रि अफ नेपाल ड्युरिङ द राणा पिरियड, काठमाडौँ: रत्नपुस्तक भण्डार, ई.सं. २००९, पृ. ३५३-३५६ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

(दादनी-पछि बुझाउने गरेर पहिले बाटै लिएको पेस्की)[२] दिने गरिन्थ्यो । पेस्की दिँदा सम्बन्धित जिल्लामा आर्थिक हैसियत भएको तथा इमानदार मानिसलाई फौजदार नियुक्त गर्नु पर्ने थियो । यसरी नियुक्त फौजदारको जिम्मामा पेस्की रकम दिइने र निजले 'वंसुवार' मार्फत् अफिम खेती गर्ने किसानलाई पेस्की रकम दिने गर्दथे ।

पेस्की लिएको रुपैयाँअनुसार कुनै रैती, वंसुवार तथा फौजदारले अफिम पुऱ्याउन नसकी रकम फिर्ता गर्नु पर्ने भएमा निजसँग १९१६ सालसम्म चलिआएको दरले दिन गन्ती व्याजसमेत हिसाबगरी साँवा र व्याज रकम लिनु पर्दथ्यो । यदी यसरी फिर्ता गर्न चाहेको रकम अर्को वर्षको अफिमका लागि पेस्की दिने भए तापनि सोही दरको हिसाबअनुसार गरिन्थ्यो । सर्वसाधारणले पेस्की लिएको रुपैयाँको अफिम दाखिल गर्न नसकेमा, अफिम दाखिल नगर्दै मृत्यु भएमा वा भागेर अन्यत्र गएको खण्डमा वंसुवारलाई निजको जायेदात लिलाम गरी रकम असुल गर्ने अख्तियारी दिइएको थियो । यसरी जायेदात लिलाम गरी प्राप्त रकममध्ये पेस्की लिएको साँवा तथा व्याजको रकम सम्बन्धित वंसुवारले ठेकेदारलाई बुझाउनु पर्ने थियो । अफिम बिक्री गर्नका लागि पेस्की रकम लिएका रैतिको जायेदात लिलाम गर्दा लिएको पेस्की रकम भन्दा बढी प्राप्त हुन आएमा भने सो बढी भएको रकम वंसुवारले लिन पाउने भए । त्यसो त कथंकदाचित् वंसुवारले सम्बन्धित रैतिको जायेदात लिलाम गर्दा पेस्की लिएको रकम नपुग भएका खण्डमा भने सो नपुग रकम निजले नै ठेकेदारलाई बुझाउनु पर्दथ्यो । त्यस्तै वंसुवारमार्फत् बुझाउनु पर्ने अफिम अपुग भएमा वा वंसुवारको मृत्यू भएमा वा वंसुवार भागेका खण्डमा निजको जायेदातगरी रकम असुल गर्ने अख्तियारी फौजदारलाई दिइएको थियो । यसरी उठाइएको रकम पेस्की दिने ठेकेदारलाई बुझाउनु पर्दथ्यो । फौजदारको नै मृत्यु भयो, भाग्यो वा कबोल गरेको अफिम पुऱ्याउन सकेन भने जिल्लाको अमला, मुखिया, चौधरीहरूलाई साक्षी राखी निज फौजदारको जायेदात लिलाम गरी असुल गरिन्थ्यो । यसबाट पनि पेस्की लिएको रकम असुल नभएको खण्डमा जिल्लाका अमला, मुखिया, चौधरी, कानुगोयका सहीछाप बमोजिम सरकारले ठेकेदारलाई दिने व्यवस्था मिलाइएको थियो ।

राणाकालको पूर्वार्द्धमा गुणस्तरका आधारमा अफिमलाई विभिन्न सात भागमा विभाजन गरिने रहेछ । तिनमा अबल, दोयम, सिम, चाहार, खुर्चन, घोही र रसी थिए । सबैभन्दा राम्रो गुणस्तरको 'अबल' को दाँजोमा सबै भन्दा कमसल 'रसी' को मुल्य एक सय प्रतिशत कम हुने गर्दथ्यो । उत्पादक किसानले अफिम बिक्रीका लागि पेस्की लिएका खण्डमा निजले केही बढी अफिम बुझाउनु पर्दथ्यो । जस्तो नगदमा अवल अफिम बिक्रीका लागि तौल १० गंडा दिनु पर्दथ्यो भने त्यसका लागि पहिले नै रकम पेस्की लिएको खण्डमा १०.५० तौल गंडा दिनु पर्ने देखियो । अर्थात् लाठसाही रु. १ पेस्की लिएका खण्डमा १०.५ गंडा बुझाउनु पर्ने थियो भने नगद रकममा भने १० गंडामात्र दिए पुग्दथ्यो ।

जहाँसम्म वंसुवारको जागिरको सन्दर्भ छ, सम्बन्धित रैतिले गोदाममा अफिम तौल गराएपछि तौल गरिएको अफिम एक मनको कम्पनी रुपैयाँ १/- (रुपैयाँ एक) पाउँथे ।

१९१४ सालसम्म किसानले बिक्रीका क्रममा अफिम तौलाइसकेपछि स्थानीय सिपाही तथा आउने जानेले मागेमा माल राखी ल्याइएको भाँडा खुर्केर त्यसमा टाँसिएको अफिम लिने रित रहेको देखिन्छ । १९१८ सालमा भने त्यसरी अन्य व्यक्तिलाई भाँडा खुर्कन नदिने र खुर्केर आएको अफिमको पनि तौलअनुसार सम्बन्धित व्यक्तिलाई नै सो को मूल्य रकम दिनु पर्ने गराइयो ।

---

[२] कृष्णप्रसाद पराजुली (सम्पा.), नेपाली बृहद् शब्दकोश, काठमाडौंः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि.सं. २०४०, पृ. ६४३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

१९१४ सालसम्म सरकारले वंसुवारहरूसँग जनही रुपैयाँ १/- (एक रुपैयाँ) सलामी लिँदै आए पनि सो रकम भने ठेकदारले खाने गरेको देखिन्छ । १९१८ सालमा उक्त रकम तथा अन्य कारिन्दाको जनही दर्सनी, सलामी फिस रुपैयाँ १/- (रुपैयाँ एक) लिएर ठेकेदारले सरकारी स्याहामा चढाउनु पर्ने भयो ।

अफिम सङ्कलन तथा बिक्रीका लागि तोकिएको एउटा केन्द्र अर्थात् 'हट्टी' को अफिम चोरी, ढाँटी, छली कसैले सरकारी ठेकेदारलाई बिक्री नगरी अरु महाजन, व्यापारीलाई बिक्री गरेको फेला परेमा वा मोगलाना (भारत) तर्फ बिक्री गर्न लैजान लाग्दा सिमाना भित्र नै फेला परेमा वा मोगलानामा गई बिक्रीगरी फर्केपछि फेला परेको माल लिलामगरी लिई स्याहामा आम्दानी बाँधी सरकारमा दाखिल गर्नु पर्ने थियो । त्यस्तै अफिम भारतमा बिक्रीगरी ल्याएको रकम फेला परे त्यसलाई पनि सरकारमा दाखिल गर्नुपर्ने भयो ।

रैतिको खेतको अफिम कसैले गाई, भैंसी, घोडा, खसी, बाखालाई खुवाइदिएको उजुर परेमा त्यसको निराकरण गर्नु पर्दथ्यो । यदी यो उजुर साँचो ठहरेमा चौपायालाई अफिम खुवाउनेबाट नोक्सानीको बिगो भराइदिनु पर्दथ्यो । यसका अतिरिक्त एउटा गाईलाई रु. ।५० पैसा, एउटा भैंसींलाई रु. १।-, एउटा घोडालाई रु. १।५० र एउटा खसी/बाखालाई ।२५ (पच्चीस पैसा) का दरले जरिवाना गर्ने व्यवस्था गरियो । जरिवानाबाट आएको रकम स्याहामा आम्दानी बाँधी सरकारमा दाखिल गर्नुपर्ने भयो ।

अफिम खरिद गर्नका लागि ठेकेदारलाई सरकारले आवश्यक रकम उपलब्ध गराउने व्यवस्था थियो । अफिम खरिद गर्न ठेकेदारले पहिले नै यसको खेती गर्ने रैतिलाई पेस्की दिनु परेका खण्डमा पनि सो बमोजिमको रकम पाउने भए । त्यस्तै नगदै खरिद गर्नु पर्ने भए पनि सरकारले आवश्यक रकम उपलब्ध गराउँदथ्यो । अफिम खरिद गर्नका लागि आवश्यक रकम ठेकेदारले कौसितोसाखानाबाट आवश्यक रकम लिएर लेखिएबमोजिमको दरबन्दीबाट खरिद गरी गोदाममा जम्मा गर्नु पर्दथ्यो । यसरी अफिम खरिदका लागि लिएको रकम भने अफिम जम्मा भए बमोजिम स्वीकृत गरिन्थ्यो ।

धन तथा धान भएका असामीबाट जति गर्दा पनि पेस्की दिइएको रकमअनुसारको अफिम असुल भएन भने आफ्नो कार्यकालभरको फरफारख आफूले गरी जो बाँकी रहन्छ, बाँकी राख्ने रैतिबाट वंसुवारले तमसुक गराई दिनु पर्दथ्यो । वंसुवारबाट फौजदारलाई तमसुक गराई फौजदारका नामको तमसुक लेखाई लिई फौजदारसँगको बाँकी गोदामका डिट्ठ्राले असुल गर्नु पर्ने थियो । साल तमाम भएपछि पनि बाँकी असुल नभएमा, फौजदार भागी मोगलान गएमा, उसको मृत्यु भई अपुताली परेमा जिल्लाका अमाली, मुखिया, चौधरी, कानुगोयहरूलाई साक्षी राखी त्यस फौजदारको जायेदात लिलाम गरी डिट्ठ्राले श्री ५ सरकारको बाँकी असुल गर्नु पर्दथ्यो । त्यति गर्दा पनि रकम बाँकी रहन गयो भने निजसँगको कायमी बाँकीको टिपोट, तमसुक सबै हालका डिट्ठ्रालाई बुझाएर भरपाई-रसिद लिनु पर्ने भयो । यसै भरपाई-रसिदअनुसार दफदरखाना श्री कुमारीचोकबाट मोजरा गरिने व्यवस्था गरियो ।

अफिम राख्ने हंडा, ढकनी, मुख बाँध्ने कपडा, सुतरी, अफिम चलान गर्दाको ज्याला/मजुरी खैवा (खेवा-व्यापार आदिका मालसामान एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउने काम; नाउ वा डुङ्गाबाट नदी पार गर्दा लिइने महसुल)[३] खर्चलगायत विभिन्न काममा लागेको खर्च मुनासिब जाँची मिन्हा हुन्थ्यो ।

अफिम महाल (मालसामान राखिने कुनै ठाउँ, जस्तो काठमहाल)[४] बरबन्दोवस्त गर्दा र अफिम

---

[३] ऐजन, पृ. ३०८ ।
[४] ऐजन, पृ. १०६१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

खरिद-बिक्री गर्दा कसैसँग घुस, रिसवत खाई निर्धारित मूल्यमा घटीबढी गरी चोरी खाई सरकारको नोक्सान हुने काम नगर्नका लागि लिखतमा ठेकेदारलाई निर्देशन दिइएको थियो । यसै सन्दर्भमा कसैसँग कर लगाई सरसलामी नलिने तर कसैले आफूखुसी दिएका खण्डमा भने त्यस्तो रकम लिएर स्याहामा लेखी सदर मुलुकिखानामा दाखिल गर्नु पर्ने थियो । घुस लिएर चोरी खाई रैति/वंसुवार पिराउने, सरकारको नोक्सान पार्ने तथा जोरजबरजस्ती सरसलामी लिने एवम् फिस बढी लिई सरकारमा घटी दाखिला गरेका खण्डमा भने ऐनअनुसार जरिवाना गरिने कुरा सरकारबाट स्पष्ट पारियो ।

उल्लिखित कार्यका लागि आवश्यक पर्ने कामदार एवम् कारिन्दामध्ये श्री बटुकदल पल्टनका जवानको तलब सरकारले दिने भएको थियो । उनीहरू बाहेक अरुलाई भने सोही अफिम बिक्रीको आम्दानीमध्ये तलव दर्माहा खाने बंडागरी असुल तहसिल गर्नु पर्ने भयो ।

अफिम बिक्री

राणाकालको थालनीतिर नेपालको तराइ क्षेत्रमा खेती गरिने अफिम प्रायः भारतका विभिन्न बजारमा बिक्री गरिएको देखिन्छ । मुलुक भरमा उत्पादन गरिएको अफिम जम्मा गर्ने ठेकेदारलाई नै भारतमा बिक्री गर्ने अख्तियारी दिइन्थ्यो । यसै सन्दर्भमा जम्मा गरिएको अफिम बिक्री गर्ने सिलसिलामा पहिला भारतको पटना तथा मोतिहारीमा प्रचलनमा रहेको दरभाउ बुझी सरकारको सम्बन्धित निकायमा यसको जानकारी गराउनु पर्दथ्यो । सरकारको स्वीकृतिमा मात्र अफिम बिक्री गर्नु पर्ने नियम थियो । अफिम बिक्री गरी जम्मा भएको रुपैयाँ, कबुलियतअनुसार अफिम पुऱ्याउन नसक्नेसँग हिसाब गरी लिएको व्याज रुपैयाँ तथा सरसलामी, दैदस्तुरलगायतको सबै रकम मुलुकिखानामा दाखिल गरी रसिद लिनु पर्ने व्यवस्था गरियो । यसका अतिरिक्त पटना तथा मोतिहारीमा अफिम बिक्री गर्दा आउने सयकडा १ रुपैयाँ टक दस्तुर पनि सरकारलाई बुझाउनु पर्दथ्यो । यस क्रममा फारखतना दस्तुर भने तिर्नु पर्दैनथ्यो ।

राणाकालको थालनीसँगै नेपालमा अफिमको व्यापार बढेको पाइन्छ । प्रधानमन्त्री जङ्गबहादुरले सुब्बा धर्मनारानलाई वि.सं. १९१८ सालमा नयाँ नियम बनाएर अफिम निर्यात गर्ने अख्तियारी दिएका थिए ।[५] अफिम बिक्रीका सन्दर्भमा उल्लेख्य के पनि पाइन्छ भने प्रधानमन्त्री जंगबहादुरले नेपाल सरकारका तर्फबाट वि.सं. १९१४ मा चिनियाँ सम्राटको सम्मानमा पठाउने पञ्चवर्षिय सौगात मिसनका साथमा चीन जाँदा व्यापारीक प्रयोजनका लागि जिन्सि गैह्र मालको १५० भारी लगी बिक्री गर्ने तथा आवश्यक माल खरिदगरी नेपाल ल्याउने सुविधा पनि सरकारले धर्मनारानलाई दिएको थियो । सरकारबाट प्राप्त यो सुविधाअनुसार उनले यो सौगात मिसनका साथ बिक्रीका लागि अफिम समेत पठाएका थिए ।[६] यसबाट सरकारले विश्वासिलो व्यापारीलाई तिब्बतमा पनि अफिम बिक्री गर्ने अख्तियारी दिने गरेको तथा तिब्बत-चीनमा नेपालबाट अफिम बिक्रीका लागि पठाइने देखिन्छ ।

---

५ क. महेश सि. रेग्मी, एन इकोनोमिक हिस्ट्रि अफ नेपाल १८४६-१९०१, वाराणसीः नाथ पब्लिसिङ हाउस, ई.सं. १९८५, पृ. २४४ ।

ख. सुब्बा धर्मनारानलाई अफिम खरिद/बिक्रीको अख्तियारी दिइएको बारे विस्तृत जानकारीका लागि भवेश्वर पंगेनी, नेपालको आर्थिक इतिहासः आर्थिक प्रशासनका सन्दर्भमा 'साहु/सुब्बा' धर्मनारान (वि.सं. १९०८-१९२६), काठमाडौंः धर्मनारान अध्ययन प्रतिष्ठान, वि.सं. २०६८, पृ. १०९-११४ ।

६ विजय कुमार मानन्धर, ए कम्प्रिहेन्सिव हिस्ट्रि अफ नेपाल-चाइना रिलेसन्स अप टु १९५५ ए.डी (भोलम-१), न्यूदिल्लीः एड्रोइट पब्लिसर्स, ई.सं. २००४, पृ. २९-३० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अफिम उत्पादन तथा व्यापारमा सुधार प्रयास

वि.सं. १९१८-२० पछि नेपालको अफिमको व्यापारका सम्बन्धमा प्रकाश पार्ने सामग्री फेला परेको छैन यद्यपि १९४० सालतिर पूर्वी तराइमा अफिमको उत्पादन सबैभन्दा बढी ३१ टन सम्म पुगेको देखिन्छ ।[७] यति भए तापनि उनै धर्मनारानको परिवारमा प्राप्त विभिन्न सरकारी ठेक्का एवम् व्यापार सम्बन्धी कारोबारका लिखतमा 'अफिम उत्पादन तथा व्यापारमा सुधार प्रयास' सम्बन्धी लिखत फेला परेको छ । मिति र प्रस्तावकको नाम उल्लेख नगरिएको सो लिखत लामो समयदेखि सरकारी आर्थिक कारोबार गर्दै आएका सुब्बाहरु गणेशदास रत्नदासबाट नै सरकार समक्ष पेश गरिएको हुन सक्दछ । यहाँ सोही लिखतका आधारमा अफिम सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ;[८]

नेपाल सरहदका रैती/दुनियाँले अफिमको खेती गर्न नपाएकाले सरकारलाई र रैती/दुनियाँलाई समेत हानी नोक्सानी हुन गएकाले देहायका तरिकाबाट खेती गरे/गराएमा सरकार तथा दुनियाँलाई फाइदा हुन जाने देखेर सरकारले १० वर्षका लागि खरिद/बिक्री गर्ने ठेक्का दिएका खण्डमा अफिम खेती व्यवस्थित रूपमा गराउने, सो व्यापारबाट सरकारलाई बढी राजस्व पनि आम्दानी हुने र यस काममा लगाएको मेहनतबाट भएको आम्दानीबाट आफुले पनि खान पाउने कुरा पत्रमा उल्लेख गरिएको थियो । बिन्तीपत्रमा अफिम खेतीलाई व्यवस्थित बनाएर सरकार, सम्बन्धित किसान तथा ठेकेदारको आम्दानी बढाउन यस प्रकार सुझाव दिइएको थियो;

- अफिम खेती हुने क्षेत्रमा अन्य खेतीबाट भन्दा अफिम खेतीबाट फाइदा लिन सकिन्थ्यो । त्यस्ता क्षेत्रमा अफिम खेती गर्दा त्यसबाट हुने आम्दानीबाट किसानले समयमा मालपोत तिर्न सक्ने हुन्थ्यो । त्यस्तै अफिमको अमलची अर्थात अम्मलीले पनि भारतमा तथा आफ्नै देशभित्रसमेत लुकी, चोरी महँगोमा किनेर खानु पर्दैनथ्यो । यसबाट मुलुकको पैसा अफिमका लागि भारतमा जान पाउँदैनथ्यो । सरकारले अफिम खेती गर्न नदिएका कारण नेपाल सरहदका मानिसले लुकी, चोरी खरिद गरी जम्मा भएको अफिम अनेक जुक्तिले भारत पुऱ्याई बिक्री गर्नु पर्ने वाध्यात्मक अवस्था रहेको थियो । त्यसरी बिक्री गर्नेमध्ये कतिपय पक्राउमा परी ब्रिटिश सरकारका तर्फबाट सजायको भागी भएका थिए । आफ्ना सरहदका रैती बिरानो मुलुकको झयालखानामा बसीरहेको हेरेर बस्नु परेको अवस्था पनि खराब नै सम्झनु पर्ने थियो । भारतका रैतीले सो खेती गर्न पाउने हुनाले राम्रो बन्दोबस्त मिलाएर नेपालका रैतीलाई पनि अफिम खेती गर्ने काम फुकाइएमा राजा तथा रैती सबैलाई असल हुने,
- विभिन्न जिल्लाका रैती, दुनियाँलाई मनपरी ढङ्गबाट अफिमको खेती गर्न छुट दिनु हुँदैन । यसको खेती गर्न चाहनेले खेती गर्न चाहेको जमिनको परिमाण, त्यसबाट हुने उब्जनी सम्बन्धित ठेकेदार बाहेक अन्यत्र एक मासा/लालसम्म पनि बिक्री नगर्ने कबुलियत गराएर मात्र इच्छुक रैतीलाई खेती गर्ने पुर्जी दिने,
- अफिम खानेले पनि आफुलाई दैनिक आवश्यक पर्ने अफिमको मात्रा तोकी सोमध्ये एक मासा/लालसम्म अरूलाई कुनै

---

७ एड्रिन सेभर, नेपाल अण्डर द राणाज, न्यूदिल्लीः अक्स्फोर्ड एण्ड आइ वि एच पब्लिशिङ को., ई.सं. १९९३, पृ. १६४ ।

८ अफिम खेती व्यवस्थित गरी खरिद/बिक्री गर्नका सुझाव दिंदै १० वर्षका लागि खरिद/बिक्रीको ठेक्का पाउनका लागि लेखिएको बिन्तिपत्र । मिति तथा लेख्ने व्यक्तिको नाम उल्लेख नगरिएको भए तापनि बिन्तिपत्र सुब्बा गणेशदास रत्नदासले श्री ३ महाराज समक्ष पेश गरेको हुनुपर्दछ । विस्तृत जानकारीका लागि लेखकको संकलनमा रहेको यो पत्रको नमूना परिशिष्टमा दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पनि किसिमले नदिने भन्ने बेहोराको दरखास्त लेखी जिल्ला गोश्वारामा दिने र जिल्लाका बडाहाकिमबाट त्यस्तालाई जति मात्रामा दिनु भन्ने सदर भएर आउँछ सोही बमोजिम मुल्य लिएर अफिम विक्री गर्ने,

- अफिम खरिद/बिक्री गर्न सरकारका तर्फबाट ठेक्का लिएका ठेकेदारले पनि आफ्नो इच्छाबाट कुनै पनि मानिसलाई तथा बजारमा बिक्री गर्न नपाउने व्यवस्था गर्नु पर्ने । जिल्लाका बडाहाकिम तथा सरकारबाट जसलाई जति दिनु भन्ने अर्डर आउँछ सोही बमोजिम मात्र दिन पाउने,
- सरकार र बडाहाकिमको अर्डरबाट विभिन्न व्यक्तिहरूलाई दिइएको अफिमको परिमाण कट्टागरी ठेकदारसँग मौजदात रहन गएको अफिममात्र ब्रिटिश तर्फका कन्ट्याक्टवाला ठेकेदार जो छ उसैलाई प्रचलित दरमा बिक्री गर्ने,
- ब्रिटिश तर्फका कन्ट्याक्टवाला ठेकेदारलाई सरकारका तर्फबाट मुन्सिखाना मार्फत लेखापढी गराइ नेपाली ठेकेदार मार्फत आएको भन्दा बाहेक अफिम बिक्रीका लागि आएमा त्यस्ता बिक्रेतालाई ठाना, पुलिसबाट पक्राउने व्यवस्था गर्ने,
- अफिम खेती गराउनलाई रैती, दुनियाँलाई पेस्की सापटी जो दिनु पर्ने हो सो ठेकेदार आफैले दिनु पर्ने र असुल गरी लिनु पर्ने । यसमा सरकारसँग पेस्की सापटी नपाइने,
- लुकी, छली अफिम खरिद/बिक्री गर्दा गिरफ्तार परेमा सेर १ को कम्पनी रु. २५/३० सम्ममा खरिद/बिक्री गरिने व्यवस्था रहेकोमा अब यो ठेक्काको बन्दोबस्त भएपछि ठेकेदारले रैतीबाट खरिद गरी लिँदा पक्रिएमा सेर १ को कम्पनी रु ५/-, बिक्री गर्दा काँचो सेर ३ पाको हुँदा १ सेरमात्र ठहर हुने हुनाले पाको पक्कि रु २५/-, ब्रिटिश क्षेत्रमा बिक्री गर्दा नेपालको दरमा नलिने हुनाले चलेको दरले बिक्री गर्ने प्रस्ताव गरिएको,
- अफिम खेतीको काम एकैचोटी सबै जिल्लामा गराउँदा पुरा बन्दोबस्त हुन नसक्ने हुनाले पहिलो वर्ष १/२ जिल्लामा र दोस्रो, तेस्रो वर्षदेखि १/२ जिल्लामा बढाउँदै ५/६ वर्षमा सबै जिल्लामा खेती गराउने बन्दोबस्त गर्ने,
- अफिम खेती गर्न पाएपछि थोरै खेतमा धेरै रुपैयाको माल उब्जनी भइ रैती दुनियाँले समय समयमा मालपोत पनि बुझाउन सक्ने, आफ्ना सरहदका रैती दुनियाले पैसा कमाउन पाएर उनीहरू पनि सम्पन्न हुन जाने हुनाले अफिम खेती गराउँदा कसैलाई पनि नोक्सान नहुने,
- अफिम खेतीको काम नयाँ हुनाले देहायमा लेखिएअनुसारको दरमा ऐनबमोजिम किस्ताबन्दिमा ठेक बुझाउने भन्दै बिन्तीपत्र दिने व्यक्तिले यो ठेक्का दिनका लागि सरकारलाई म्याद टाँस गरी बढाबढ गर्नु नपर्ने व्यवस्था गर्न अनुरोध गरेको देखिन्छ । म्याद भने पहिलो/दोस्रो दुई वर्षका लागि एक वर्षको मोरु. १०००/-, तेस्रो/चौथो दुई वर्षका लागि एक वर्षको मोरु. ३०००/- र पाचौँ वर्षदेखि एक वर्षको मोरु. ५०००/- प्रस्ताव गरियो ।
- ठेकेदारको पास/पुर्जी लिएर खेती गर्नेहरूले अन्यत्र खरिद/बिक्री गरेमा तथा पास/पुर्जी नलिएर अफिम खरिद/बिक्री गरेमा पक्राउ भएमा पहिलो पल्ट देहायमा लेखिएअनुसार सजाय गर्ने । दोस्रा पटक पहिलो पल्टको भन्दा डबल र तेस्रो पल्टदेखि दण्ड, जरिवानामा कैद गराउने व्यवस्था हुनु

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पर्ने । खेती नगर्नेले बिक्री गरेमा बिगो जफत गरी बिगोको चौवर जरिवाना गर्ने । खेती गर्ने तथा नगर्ने मानिसबाट खरिद गरी लिने मानिसलाई बिगो जफतगरी बिगोको चौवर जरिवाना गर्ने । पहिलो, दोस्रो पल्ट खरिद/बिक्री गरेको कुरामा सावित भएका मानिसले लेखिएअनुसार दण्ड जरिवाना नबुझाई धीगऱ्याही (धिङ्ऱ्याहा-अटेरी)[१] भइ बसेकालाई जिल्ला, अमिनिमा ठेकेदारका लेखोटसाथ बुझाइदिने र अमिनिले पनि त्यस्ता मानिस बुझाउन ल्याएका खण्डमा बुझिलिइ सात दिनसम्म खोलीमा थुन्नु पर्ने प्रस्ताव गरियो ।

- यसरी थुन्दा बुझाउनु पर्ने दण्ड जरिवाना बुझाएमा बुझिलिइ स्याहामा आम्दानी बाँधी छाडिदिने । सात दिनसम्ममा पनि रुपैया नबुझाएमा भने दण्ड या कैदको म्याद ठेकी झयालखानामा पठाउने । तेस्रो, चौथो पटकसमेत गिरफ्तार गरिएका व्यक्तिलाई बुझाउन ल्याएमा तुरुन्त बुझि सरकारबाट तोकिएअनुसार कैदको म्याद तोकी झयालखानामा पठाइदिन जिल्ला गोश्वारा अमिनीलाई सनद पुर्जी हुनु पर्ने,
- पट्टा कबुलियत नाघेर काम गर्नेलाई र चोरी खरिद/बिक्री गर्ने मानिसलाई पक्राउ गर्न आफ्नो मद्दतबाट नसकी थप मद्दत आवश्यक परेको भनी ठेकेदारले दरखास्त दिन आएमा मद्दतका लागि नजिकका ठाना, पुलिस, चौकी, जिमदार, पटवारी समेतलाई मद्दत दिन पुर्जी गरिदिन गोश्वारा अड्डालाई सनद हुनु पर्ने र
- आफ्ना सरहदका रैतीले सरहदमा नै अफिम जम्मा गरी ठेकेदारलाई नबुझाइ मोगलानामा लगी बिक्री गर्न लागेको आफ्ना सरहदमा पत्ता लागे पक्री बिगो जफत गरी बिगोको चौवर दण्ड गरी ठेकेदारले लिने । मोगलाना पुऱ्याई बिक्री गरिसकेको रहेछ भने बिक्री गरेको ठाउँ पत्ता लगाई सबुदी पुगेका खण्डमा त्यस्ता मानिसलाई पनि पक्राउ गरी बिक्री गरेको बिगोको चौवर दण्ड गरी लिने र नतिरेमा अमिनिमा बुझाइदिने ।

नेपालमा सरकारले अफिम खेती गर्न रोक लगाएपछि नै यो बिन्तिपत्र लेखिएको देखिन्छ यद्यपि सरकारबाट अफिम खेतीमा कहिलेदेखि रोक लगाएको थियो भन्ने पनि लिखतमा स्पष्ट पाइँदैन । यस्तो अवस्थामा यदि अफिम खेती हुने क्षेत्रका किसानलाई व्यवस्थित रूपमा खेती गराएर माथि प्रस्ताव गरिए जस्तै बिक्री गरेका खण्डमा किसान, व्यापार गर्ने ठेकेदार तथा सरकारलाई पनि राम्रो आर्थिक फाइदा हुने देखिन्छ । यस बिन्तिपत्रअनुसार खासगरी नेपालको तराई क्षेत्रमा अफिमको खेती गरिने तथा उत्पादित सम्पूर्ण अफिमलाई भारतका बजारमा लगेर राम्रो मूल्यमा बिक्री गर्न छुट दिइनु पर्ने आवश्यकता थियो ।

बिन्तिपत्रबाट अन्य कुराका अतिरिक्त अफिमलाई किसान, राज्य एवम् ठेकेदारको आम्दानीको प्रमुख स्रोत गराउनु पर्ने कुरामा जोड दिइएको थियो । यसका साथै एक तोला अर्थात् ज्यादै सानो मात्रा अफिम पनि नेपालमा बिक्री नगरी मोगलान अर्थात भारतमा बिक्री गर्ने कुरालाई जोड दिइयो । त्यस्तै कुनै व्यापारिले अवैध रूपमा नेपाल भित्र खरिद/बिक्री गरेका खण्डमा कडा दण्ड/सजाय दिने व्यवस्था गर्न सुझाव दिइएको थियो । यसका अतिरिक्त कुनै व्यापारिले भारतमा लगेर अफिम बिक्री गरेको थाहा भएमा त्यस्तालाई भारतमा गएर नै कारबाही गर्ने अख्तियार दिनका लागि पनि नेपाल सरकारसमक्ष प्रस्ताव राखिएको थियो । पछिल्लो सन्दर्भ नेपालको परराष्ट्र सम्बन्धमा एउटा नौलो देखिन्छ यद्यपि यो प्रस्तावका सम्बन्धमा

१ पराजुली, पाद टिप्पणी नं. २, पृ. ६९३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सरकारबाट के कस्तो कदम चालिएको थियो भन्ने सन्दर्भ भने प्रकाशमा आएको पाइँदैन ।

जहाँसम्म वैधानिक रुपमा अफिमको खेती एवम् व्यापार गर्न सरकारले ठेक्का दिने सन्दर्भ हो सो प्रयोजनका लागि सम्बन्धित जिल्ला गोश्वारा कचहरीमा कार्यरत कर्मचारीबाट काम गराउने व्यवस्था थियो । यस्ता कर्मचारीमा डिढ्ढा, मुखिया, तहविलदार, नौसिन्दा, फौजदार, डंडीदार, मुन्सी, परखिया, कारखनिया र टहलुवा हुन्थे । त्यस्तै ठेकेदारले भने वंसुवार, अमला, चौधरी, कानुगोय जस्ता कर्मचारीलाई आर्थिक कारोबारको जिम्मा दिने गरेको पाइन्छ ।

परिशिष्ट

अफिम खेती व्यवस्थित गरी खरिद/बिक्री गर्नका सुभाव दिँदै १० वर्षका लागि खरिद/बिक्रीको ठेक्का पाउनका लागि लेखिएको बिन्तिपत्र-नमूना



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

घरजग्गा बिर्तासम्बन्धी प्रतापसिंह शाहको लालमोहर

- डा. गोपाल धौबन्जार*

विषय प्रवेश

विर्ता व्यवस्था नेपालको पुरानो परम्परा हो । राजाले कुनै ब्यक्ति विशेषलाई उनले राज्य वा राजालाई पुऱ्याएको विशेष योगदानको निमित्त निश्चित सिमाना तोकेर सरकारी जग्गा जमिन निशुल्क रूपमा उपलब्ध गराउने चलन थियो । त्यसरी दिएको जग्गा जमिनलाई बिर्ता भनिन्छ । देशको निमित्त वीरतापूर्ण र इमान्दारी साथ कुनै क्षेत्रमा विशिष्ट योगदान दिएमा वा कदर गर्न लायक काम गरेमा त्यस्तो व्यक्तिलाई उसको कामको सम्मान गरी कदर स्वरूप जग्गा बक्स दिने परम्पराबाट बिर्ता जग्गा व्यवस्थाको चलन चलेको पाइन्छ ।[१] नेपालमा यसको प्रचलन कहिले देखि सुरु भएको हो यकिनसाथ भन्न सकिने अवस्था छैन । यद्यपि आधुनिककालमा यो चलन व्यापक रूपमा चलेको पाइन्छ । नेपालमा प्रचलित विभिन्न विर्ताहरू मध्ये सुनाबिर्ता धेरै चलेको प्रथा हो । यस लेखमा तत्कालीन राजाको लालमोहर छाप लागेको सुना बिर्तासम्बन्धी एउटा अप्रकाशित लिखत प्रस्तुत गरिन्छ । जसलाई परिशिष्ठमा दिइएको छ ।[२]

लालमोहरको पाठ

परिशिष्ठमा दिइएको लिखतको पूर्णपाठ निम्नअनुसार छ ।

श्रीदुर्गा सहाय

स्वस्तिश्रीगिरिराजचक्रचुडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्मतश्रीमन्महाराजाधिराजश्रीश्री श्रीमहाराजेप्रतापसिंहशाहसाहवाहादुरसमसेरजङ्देवानामसदासमरविजयीनाम ----------

आगे मडुटोल टौढिक तमोटको र गुनलक्ष्मीको धर पुनधरको घरदेषि पश्चिम जंवरको वारिदेषि दषिन रुद्रसिंको वारिदेषि पूर्व चुकुधिको घरदेषि उत्तर एति साधभित्र घरषा ६ भोटमा बस्न्यासमेत पुन आगम देउताको घरषा १ जवा २ पातालषा २ अघिको सुनाविर्ता हामिले पाको गरिबक्स्यौ बेचुन किन्नु देवताको वाहिक मनोग्य गर्नु

* त्रि-चन्द्र बहुमुखी क्याम्पसमा अध्यापनरत हुनुहुन्छ ।

१ कृष्णबहादुर थापा, पार्थिवेश्वर तिमिल्सिना र मदनकुमार दाहाल, आधुनिक नेपालको आर्थिक इतिहास, काठमाडौंः नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५४, पृ. २४४

२ काठमाडौं ढल्को निवासी स्व. पूर्णकाजि ताम्राकारको संरक्षणमा रहेको लिखत ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

तस्को भेट रूपैया ९।।४। (नौ रूपैँया चारपैसा) लिन्नुं आफ्ना षातिर जमासंग सुनाबिर्ता जानि भोग्य गर इतिसम्वत् १८३३ कार्तिक वदि ९ रोज २ सुभम् ----------------

लिखतसम्वन्धी विवेचना

प्रस्तुत ऐतिहासिक लिखत तत्कालीन राजा प्रतापसिंह शाहले वि.सं. १८३३ मा लालमोहर गरी दिएको हो । यसको शिरानीमा श्रीदुर्गा सहाय उत्कीर्ण गरिएको छ। त्यसको मुनि राजाको प्रशस्ति र प्रशस्तिभन्दा माथि लालमोहर छाप लागेको छ । प्रशस्तिको तल लिखतको पेटबोली अर्थात् मूल कुरा उल्लेख भएको देख्न सकिन्छ । प्रतापसिंह शाह पृथ्वीनारायण शाहका उत्तराधिकारी थिए । पृथ्वीनारायण शाहको मृत्यु पछि यिनी सन् १७७५ को जनवरी महिनामा राजा भए । यद्यपि यिनले धेरै समय शासन चलाउन पाएन । गद्दीमा बसेको लगभग पौने तीनवर्ष पछि अर्थात् सन् १७७७ को नोभेम्बर महिनामा नै मृत्यु भयो ।[३] त्यस छोटो शासन अवधिमा यी राजाले जारी गरेका विभिन्न लालमोहरहरूमध्ये उल्लेखित सुनाबिर्ताको लालमोहर एउटा हो ।

लालमोहर शब्द नेपालमा धेरै प्रचलित थियो । राजतन्त्रात्मक शासन व्यवस्था कायम रहेको बेला यसको चलन चल्ती उल्लेख्य मात्रामा रह्यो । राजाबाट जारी हुने सबै किसिमका कानून, आदेश, सुचना, नियुक्ती, दान दातव्य, बक्स, ज्यान सजाय, सर्वस्व हरण, मिन्हा मोजरा वा अन्य लिखतहरूमा रातो रङ्गको छाप लगाउने चलन थियो । बाटुलो आकारको त्यस छापको छेउमा वरिपरि थोप्लाहरू र बीचमा दायाँ वायाँ तेर्सो परेको खड्ग तथा खड्गको माथी श्री दुर्गा र तलतिर भवानी उत्कीर्ण गरिएको हुन्छ । त्यस्तो छापलाई लालमोहर भनिन्छ । यसको प्रयोग राजाको हस्ताक्षरको सट्टामा गरिएको हुन्थ्यो । राजाबाट जारी हुने उल्लेखित सरकारी कागजपत्र र लिखतहरूले लालमोहर छाप लागेपछि मात्र आधिकारिकता पाउथ्यो । प्रस्तुत लिखतमा पनि सोही लालमोहर छाप लागेको छ ।

लालमोहरको ऐतिहासिकता खोतल्ने क्रममा यसको स्पष्ट जानकारी दिने स्रोत हामीसित छैन । मध्यकालमा काठमाडौं उपत्यका र गोरखा राज्यमा समेत यसको प्रचलन रहेको पाइँदैन । आधुनिककालको शासन, प्रशासन तथा न्याय क्षेत्रमा प्रयोग हुँदैआएका हुकुम, जाहेर, बकस, इस्तिहार, दाखिल, मुल्तवी, फिराद आदि धेरै यस्ता शब्दहरू छन्, जसलाई उर्दुभाषाबाट अनुकरण गरेर लिएका छन्। त्यसरी नै लालमोहर शब्द पनि सोही भाषाबाट अनुकरण गरिएको देखिन्छ। त्यस भाषामा लालमोहर भन्नाले रातोछाप भन्ने जनाउँछ । राजाबाट जारी हुने लिखतहरूमा उनको हस्ताक्षरको सट्टामा रातो रङ्ग (मसी) को विशेष छाप लगाइने भएर त्यसलाई लालमोहर भनिएको हो । नेपालमा यसको प्रचलन काठमाडौं उपत्यकामा शाहकालीन शासन व्यवस्था प्रारम्भ संगसंगै अर्थात् पृथ्वीनारायण शाहको पालादेखि मात्र प्रयोग भएको देखिन्छ। उनलाई काठमाडौं उपत्यका विजय गरी सकेपछि दिल्लीका मुगल बादशाह शाहआलम द्वितीयले सन् १७७१ मा बहादुर समसेर जङ उपाधी प्रदान गरिएको थियो । यस विषयमा तल छुट्टै चर्चा गरिने छ । सोही क्रममा लालमोहर लगाउने परम्परा पनि विकास भएको अनुमान गर्न सकिन्छ । यसरी पृथ्वीनारायण शाहको पालादेखि प्रचलनमा आए अनुरूप प्रतापसिंह शाहले गरी दिएको उल्लेखित लिखतमा पनि लालमोहर छाप लागेको छ ।

नेपालमा प्रचलित लालमोहरहरूमध्ये नयाँ नियम, नयाँ विधान, रीति-रिवाज कायम गराउने सर्वोच्च राजआज्ञाहरूमा श्री ५ महाराजाधिराजको

[३] बाबुराम आचार्य, श्री ५ प्रतापसिंह शाह, काठमाडौंः श्रीकृष्ण आचार्य, वि.सं. २०६०, पृ. १२३ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सम्पूर्ण प्रशस्तिसहित रातो छापको लालमोहर लगाउने र साधारण लिखतहरू जस्तो बक्स, दान दातव्य, ज्यान सजाय, सर्वस्व हरणमा श्री दुर्गा भवानी अंकित लाल छापमात्र लगाउने परम्परा रहेको उल्लेख गरिएको पाइन्छ ।[४] यस भनाइभन्दा प्रतापसिंह शाहले गरी दिएको उल्लेखित लिखत बेगलै किसिमको परम्परालाई इङ्गित गर्दछ। त्यस लिखतबाट सरकारले सम्वन्धित ब्यक्तिसित नौ रूपैँया चार पैसा नगद लिई घरजग्गा बिर्ता लेखी दिएको छ। यसले सो लिखत बक्स र दान दातव्यसित सम्बन्धित रहेको स्पष्ट हुन्छ । त्यस्तो लिखतमा पनि तत्कालीन राजा प्रतापसिंह शाहको पूर्ण प्रशस्तिसहित बाटुलो आकार र त्यसको छेउमा वरिपरि थोप्लाहरू भएको बीचमा तेर्सो परेको खड्ग र सो खड्गको तल माथी क्रमशः श्री दुर्गा र भवानी उत्कीर्ण भएको सर्वोच्च राजआज्ञाको लालमोहर छाप लागेको छ । त्यसबाहेक एउटा ब्यक्ति विशेषले जंगलबाट समाएर ल्याएको हात्ती सोही ब्यक्तिले पालन पोषण गर्ने र सवारीको बेलामा प्रयोग गर्ने गरी बक्स दिएको लिखतमा समेत सर्वोच्च राजआज्ञाको लालमोहर छाप लागेको छ ।[५] यस्तै अन्य धेरै लिखतहरूमा पनि सोही किसिमका लालमोहर छाप लागेका छन् । यसले समय परिस्थिति र आबश्यकताअनुसार पनि सर्वोच्च राजआज्ञाको लालमोहर छाप लगाउने परम्परा रहेको बुझिन्छ ।

राज्यले गरी दिएको लिखतमा सम्बन्धित राजाको छाप लगाउने चलन अन्य राज्यहरूमा पनि थियो । खासगरी विजयपुर, मकवानपुर, पाल्पा आदि राज्यका सेन शासकहरूले यसलाई प्रचलनमा ल्याएको देखिन्छ । मध्यकालको अन्ततिर वर्तमान नेपालको पूर्वतिर विजयपुर र चौदण्डी अलग अलग दुई राज्यहरू थिए । त्यसमध्ये विजयपुरमा महीपति सेन (वि.सं. १७६४-१७८५) ले शासन चलाउँदा उनले जारी गरेको वि.सं. १७८३ को एउटा लिखतमा मोहरछाप लागेको छ । यी राजाले आफ्ना पूर्वहरूले जस्तै तराईमा बस्ती बसाइ आवाद गराएर राज्यको आयश्रोत वढाउने नीति अनुरुप रणपाल चौधरीलाई दस्तुर उठाउने गरी बिर्ता दिई सो लिखत गरी दिएका थिए ।[६] सो लिखतको मोहरछाप धमिलो भएको हुँदा स्पष्ट रुपले पढ्न सक्ने अवस्था छैन । यद्यपि यसको स्वरुपलाई हेर्दा बाटुलो आकारको सो छापको वरिपरि थोप्लाहरू देखिन्छन् । त्यसको भित्रपट्टि वरिपरि नौवटा कोष्ठहरू छन् । त्यस कोष्ठहरूभित्र गोलो बनाइ सम्बन्धित राजाको नाम उत्किर्ण गरिएको अनुमान गर्न सकिन्छ । छापको मध्यभागमा पनि केही अक्षरहरू लेखिएका छन् ।

मकवानपुरका अन्तिम सेन राजा दिग्वन्धन सेनले गरी दिएको एउटा लिखतमा उनको मोहर छाप परेको छ। यो राज्य पृथ्वीनारायण शाहको ससुराली राज्य थियो । तर त्यस राज्यसित पृथ्वीनारायण शाहको विवाहकै समयदेखि वैमनस्यता रहन गयो । ससुरा हेमकर्ण सेनको मृत्युपछि उनकै छोरा अर्थात् पृथ्वीनारायण शाहका जेठान दिग्वन्धन सेन मकवानपुरका राजा भए । पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकाका मल्ल राज्यहरूमाथि आफ्नो अधिपत्य जमाएपश्चात् मकवानपुर राज्य विजय गर्ने सूरमा लागे । यसको निमित्त उनले आफ्ना भाईहरूको नेतृत्वमा सैनिक पठाइ आक्रमण गर्न लगाए । दिग्वन्धन सेन पराजित भइ भागेको हुँदा गोर्खालीहरूले मकवानपुर राज्यलाई नेपालमा गाँभे ।[७] यी दिग्वन्धन सेनले आफ्नो छोटो शासनकालमा गरी दिएका विभिन्न लिखतहरू मध्ये

४ साफल्य अमात्य (सं.), स्रोत पुस्तिका माला नं. २, काठमाडौंः राष्ट्रिय इतिहास निर्देशन समिति (नेपाल), पुरातत्व विभाग, वि.सं. २०४५, पृ. ३ ।

५ टेकबहादुर श्रेष्ठ (सं.) नेपालका राजाहरु तथा तराईका थारू, कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५८, ऐतिहासिक पत्र नं. ५ ।

६ ऐजन, ऐतिहासिक पत्र नं. १ ।

७ बाबुराम, आचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, काठमाडौंः श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार, वि.सं. २०२५, पृ. ४०४-४०५ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वि.सं. १८१७ मा बलीरामलाई बान्ह बिघा जमीन जागीर स्वरुप प्रदान गरेको एउटा लिखत पनि हो ।[८] सो लिखतमा लगाइएको मोहरछाप बाटुलो आकारको र त्यसको भित्र वरिपरि गोलो बनाइ श्रीदिग्वन्धनसेन नामसहित त्यस भन्दाभित्र वरिपरि थोप्लाहरू छन् । मोहर छापको बाहिरी भागमा ८ आठवटा त्रिकोणामत्क बुट्टाहरू एकआपसमा जोडेर रहेका छन् । त्यसलाई अष्टमङ्गल चिन्हको रुपमा राखिएको देखिन्छ ।

पाल्पा राज्यमा पनि राज्यद्वारा गरी दिएको लिखतहरूमा राजाको मोहरछाप लगाइने चलन थियो । त्यहाँका राजा पृथ्वीपालसेनको मोहरछाप लागेका लिखतहरू प्रकाशित भएका छन् । यो राज्य धेरै पछि मात्र नेपालमा गाँभिएको थियो । पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूले आफ्नो राज्य विस्तारको क्रममा नेपालको सिमाना पूर्वमा टिष्टा तथा पश्चिममा गढवालसम्म पुऱ्याएको भए तापनि मध्य क्षेत्रमा रहेको पाल्पा राज्य राजा रणबहादुर शाहको शासनकालका नायवी बहादुर शाहको समयसम्म पनि स्वतन्त्र नै थिए । नेपालको राजनैतिक स्थायित्व तथा शान्तिको लागि यो राज्यमाथि विजय प्राप्त गर्नु आबश्यक थियो । यस कार्यका लागि मुख्तियार भीमसेन थापाले विशेष चासो देखाए । उनले पाल्पाका तत्कालीन राजा मुकुन्दसेनलाई उनकी बहिनीसित नेपालका राजा रणबहादुर शाहको विवाह गर्ने कुरा उठाइ छल गरी काठमाडौंमा बोलाए । उनी काठमाडौं आउने बित्तिकै कैद गरी दिए । त्यसको लगत्तै भीमसेन थापाले आफ्ना पिता अमरसिंह थापालाई पाल्पामा आक्रमण गर्न पठाए । उनले सो राज्यमाथि आक्रमण गरी नेपालमा गाँभी दिए । रणवहादुर शाहको हत्यापछि सोही काण्डमा मुछेर मुकुन्दसेनको पनि हत्या भयो ।[९] यिनै मुकुन्दसेनले गरी दिएका वि.सं. १८५२ (फसली संवत् १२०३), वि.सं. १८५३ (फसली संवत् १२०४) र वि.सं. १८५८ (फसली संवत् १२०९) को लिखतमा उनको नामसहितको मोहरछाप लागेको छ ।[१०] बाटुलो आकारको सो मोहरछापको वरिपरि थोप्लाहरू छन् । सो थोप्लाहरूभन्दा भित्र गोलो बनाइ स्वस्ति श्रीइष्टदेवता चरणरेणु श्री मन्महाराजाधिराज श्रीमत् पृथ्वीपाल सेन देवानां उत्किर्ण गरिएको छ । त्यसभन्दा भित्र अर्थात बीचमा शङ्ख, चक्र, डमरु, त्रिशुल, खड्गलगायत विभिन्न शुभ चिन्हहरू कुदिएका छन् ।

यसरी सेन राज्यहरूमा पनि राजाको मोहरछाप लगाउने गरेको पाइन्छ । तर उल्लेखित सबै छापहरू कालो रङ्गमा हुन्थ्यो । ती कालो छापहरूलाई स्याहामोहर भन्ने चलन थियो ।[११] अर्कोतिर ती राज्यहरूमा प्रत्येक राजाको आफ्नो अलग मोहरछाप बनाइ लगाउने चलन थियो भन्ने कुरा मोहरमा लागेका राजाको नामबाट थाहा हुन्छ । नेपालका शाहवंशी राजाहरूको छाप त्यो भन्दा बेगलै किसिमको थियो । शाह शासकहरूको छाप रातो रङ्गको हुने हुँदा त्यसलाई लालमोहर भनिन्छ भन्ने कुरा माथि उल्लेख भइसकेको छ । लालमोहरमा राजाको नाम हुँदैन । यसबाट लालमोहर गद्दिनसिन राजाको प्रतीकमात्र नभई सिङ्गो राजतन्त्रको प्रतिनिधत्व गरेको सङ्केत गर्दछ । त्यसकारण एउटा राजाले चलाएको छापलाई पछिल्लो राजाहरूले पनि प्रयोग गर्ने गरेको पाइन्छ । यद्यपि यसलाई आबश्यकतानुसार पहिलेकै ढाँचामा समय समयमा परिस्कृत र परिमार्जनसहित नयाँ बनाउने गरेको पाइन्छ । आधुनिकालको परिस्कृत लालमोहर वि.सं. १९६९ देखि प्रचलनमा आएको मानिन्छ ।[१२] त्यसमा बान्ह राशिको विशेष चिन्हसमेत

---

८ श्रेष्ठ, पूर्ववत्, पाटटिप्पणी संख्या ५, ऐतिहासिक पत्र नं. २५ ।

९ फ्रान्सिस बुचनान हेमिल्टन, एन एकाउण्ट अफ दि किङ्डम अफ नेपाल, न्यू दिल्लीः मञ्जुश्री, सन् १९७१, पृ. १७५-१७६ ।

१० श्रेष्ठ, पूर्ववत् पाटटिप्पणी संख्या ५, ऐतिहासिक पत्र नं. ३७, ३८ र ४४ ।

११ मोहनप्रसाद खनाल, अभिलेख संकलन, ललितपुरः साझा प्रकाशन, वि.सं. २०२८, पृ. ६८, संवत् ८९९ को महवानपुरका राजा हेमकर्ण सेनको स्याहा मोहर ।

१२ अमात्य, पूर्ववत् पाटटिप्पणी संख्या ४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अङ्कित गरिएको छ । राजा महेन्द्रले वि.सं. २०२८ सालमा श्री रमानन्द प्रसाद सिंहलाई महान्यायाधिवक्तामा नियुक्ती गरी दिएको लालमोहरमा स्पष्ट रुपले आधुनिकता देख्न सकिन्छ ।[१३]

राजाबाट गरी दिने लिखतको शिरानीमा दुर्गा सहाय लेख्ने गोरखाली शाहवंशको पुरानो परम्परा हो । शाहवंशीय शासकहरूले शाक्तस्वरूपेनी दुर्गालाई ठूलो महत्व दिँदै आएका थिए । यस वंशका शासकहरूले प्रारम्भदेखि नै आफ्ना मुद्राको अग्रभागमा दुर्गा भवानी उत्कीर्ण गर्नु यसको ज्वलन्त उदारहण मान्न सकिन्छ । त्यस्तैगरी लालमोहरमा पनि खड्ग र श्रीदुर्गा भवानी उत्कीर्ण गरिएको छ । सोही परम्परालाई कायम राख्दै राजाको प्रशस्ति गाएको उल्लेखित लिखतको शिरानीमा पनि श्रीदुर्गा सहाय लेखिएको थाहा हुन्छ । यस परम्पराले गोर्खालीहरू मातृशक्ति उपासनामा आसक्त रहेको देखाउँछ ।

गद्दिनसिन शासकको प्रशस्ति गाउने परम्परा नेपालमा पहिलेदेखि चल्दै आएको थियो । प्राचीन तथा मध्यकालका शासकहरूले त्यसरी प्रशस्ति गाएका घेरै उदाहरणहरू हाम्रो सामू छन् । सोही प्रचलन शाहवंशीय शासकहरूमा पनि चलेको थियो । तर प्रशस्तिको स्वरूपमा समयअनुसार परिवर्तन हुँदैआएको पाइन्छ । पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नु अघि जारी गरेका विभिन्न लिखतहरूमा उनको प्रशस्ति गाएका उदाहरणहरू छन् ।[१४] तर उनले नेपाल उपत्यकामा आफ्नो शासन कायम गरिसकेपछि परम्परागत प्रशस्तिमा केही परिवर्तन गरेका थिए । परिमार्जित प्रशस्तिअनुसार राजाको नाम पछाडि बहादुर समसेर जङ लेख्ने परम्पराको थालनी भयो । पृथ्वीनारायण शाहलाई सो उपाधि काठमाडौं उपत्यका विजय गरी सकेपछि उनीसित सम्बन्ध सुधार्न दिल्लीका मुगल बादशाह शाहआलम द्वितीयले सन् १७७१ मा प्रदान गरिएको थियो ।[१५] सोही विकसित परम्परा प्रतापसिंह शाह र उनी पछिका सबै शाह शासकहरूले प्रचलनमा ल्याएका थिए । यस लिखतमा पनि प्रतापसिंह शाहको प्रशस्तिमा उनको नाम पछाडि बहादुर समसेर जङ जोडिएको छ ।

राजा प्रतापसिंह शाहले काठमाडौं मरु टोलका टौढिक तमोटको र गुनलक्ष्मीलाई स्थानीय क्षेत्रको धरजग्गा लगायत आगम देवताको घरजग्गा सहित बिर्ता दिएर सो लालमोहर गरिदिएको थियो । त्यसमा उल्लेखितअघिको सुनाविर्ता हामीले पाको गरिबक्स्यौँ ... ... बेचनु किन्नु ... ... मनोग्य गर्नु भन्ने वाक्य उल्लेख भएको छ । यसबाट सो घरजग्गा निजहरूले त्यसभन्दा अगाडि नै बिर्ताको रूपमा प्राप्त गरी सकेको बुझिन्छ । सो घरजग्गालाई अघिदेखि उपभोग गर्दैआएको भए तापनि आफ्नो इच्छाअनुसार बेच्न सक्ने अधिकार नभएको बुझिन्छ । प्रस्तुत लालमोहरबाट त्यो प्रतिबन्धलाई फुकुवा गरी निजहरूले सो घरजग्गा तथा पातालमध्ये देवीदेबताको बाहेक अरु सबै ब्यक्तिगत सम्पत्ति सरह किनबेच गर्न पाउने अधिकार दिइएको छ । लालमोहरबाट दिइएको सो घरजग्गा र पातालमध्ये एउटा घर, दुईवटा जवा र दुईवटा पाताल सम्बन्धित ब्यक्तिहरूको आगम देवताको भएको हुँदा त्यसलाई खरीद बिक्री गर्न नपाउने गरी केवल स्वमित्व मात्र ग्रहण गर्ने गरी दिएको छ । सो बिर्ता पाए बापत सम्बन्धित ब्यक्तिहरूले सरकारलाई भेटको रूपमा नौ रूपैञा चार पैसा तिरेका थिए ।

बिर्ताको चलन संस्कृत शब्द बृत्तिबाट विकास भएको हो । यसको सम्बन्ध भूमिसित छ । राज्यलाई विशेष योगदान पुऱ्याएका व्यक्ति बिशेषलाई आदर वा सम्मान स्वरूप उसको जीवन निर्वाहको निमित्त वृत्ति

---

१३ श्रेष्ठ, पूर्ववत् पाटटिप्पणी संख्या ५, ऐतिहासिक पत्र नं. २३ ।

१४ आचार्य, पूर्ववत् पाटटिप्पणी संख्या ७, पृ. ४६२, ४८७, ५२२, ५२३, ५२८ र ५२९ ।

१५ बाबुरामआचार्य, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ४, काठमाडौँ: श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार, वि.सं. २०२६, पृ. ७११-७१२ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अर्थात् भत्ता स्वरूप राज्यको अधिनमा रहेको निश्चित जग्गा जमिन प्रदान गर्ने चलनबाट बिर्ता प्रथाको विकास भएको हो ।[१६] बिर्ता दिने कार्य राजाले मात्र गर्न सक्दथ्यो । सामन्ती प्रथामा आधारित राजतन्त्रात्मक शासन व्यवस्थामा राज्यको सम्पूर्ण शक्ति र अधिकार राजाको अधिनमा हुन्थ्यो । राज्यभित्र रहेका सबै सरकारी जग्गा जमिन पनि राजाको निजी सम्पत्ति सरह मानिन्थ्यो । त्यसकारण राजा महाराजाहरूबाट मात्र बिर्ता दिने चलन थियो । बिर्ता दिँदा विभिन्न नामबाट दिइन्थ्यो । जुन कार्यको निमित्त बिर्ता दिइएको हो त्यसलाई सोही नामबाट सम्बोधन गर्ने प्रचलन थियो । त्यसरी विभिन्न नामबाट दिइएको जग्गा जमिनलाई विर्ताको प्रकार भनिन्छ । तत्कालीन समयमा प्रचलित बिर्ताहरू सुना बिर्ता, कुशैबिशै विर्ता, घरबारी बिर्ता, किनुवा बिर्ता, खुवा बिर्ता, मनोचामल बिर्ता, पोल बिर्ता आदि हुन् ।[१७] त्यसमध्ये यहाँ उल्लेख गर्न चाहेको बिषयवस्तु सुनाबिर्ता हो । आफ्ना रैतीसित केही सुन सलामी लिई त्यसको बदलामा दिएको जग्गालाई सुनाबिर्ता भन्ने चलन छ ।[१८] तर प्रस्तुत लालमोहरबाट सुन सलामी लिएको देखिँदैन । राजालाई नौ रूपैँञाँ चार पैसा नगद भेटको रूपमा बुझाएर सम्बन्धित ब्यक्तिले सो बिर्ता पाएको देखिन्छ । यसबाट तत्कालीन समय सुना बिर्ता वापत राजालाई निश्चित रकम भेटको रूपमा तिर्नु पर्ने प्रचलन रहेको थाहा हुन्छ ।

नेपाली समाजले धर्मलाई आफ्नो जीवन दर्शनको रूपमा अंगाल्दै आएका छन् । समाजमा धर्म, धार्मिक क्रियाकलाप तथा धार्मिक क्षेत्रलाई ठूलो महत्व दिने नेपाली परम्परा हो । देवी देवताको नाममा रहेको श्रीसम्पत्ति संरक्षण र सम्र्द्धन गर्नु पर्ने धार्मिक तथा सामाजिक मान्यता हो । प्राचीनकालदेखि त्यस काममा ब्यक्ति, समाज र राज्य नै समर्पित हुँदै आएको पाइन्छ् । त्यस परम्परालाई उल्लेखित लालमोहरले समेत प्रष्ट्याएको छ । प्राप्त बिर्तामध्ये आगम देवताको घरजग्गा पाताल किनबेच गर्न नपाइने गरी केवल संरक्षणमा मात्र रहने गरी जिम्मा दिएको थियो ।

यसप्रकार लालमोहर छाप लागेको उल्लेखित लिखतले तत्कालीन समयमा प्रचलित राजनैतिक, सामाजिक, सांस्कृतिक आदि क्षेत्रको वस्तुस्थितिलाई प्रकाश पार्नमा सहयोग पुऱ्याएको छ ।

उपसंहार

विगतका दिनमा समाजभित्र विभिन्न घटनाहरू घटेका हुन्छन् । त्यस्तो घटना सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक, धार्मिक आदि कुनै पनि क्षेत्रसित सम्बन्धित हुनसक्दछ । समाजमा त्यसको प्रभाव प्रत्येक्ष वा परोक्ष रूपमा पर्दछ । त्यसकारण त्यसको जानकारी वर्तमान र भावी पिढीँ सबैले राख्नु आबश्यक छ । तर पहिले घटेका घटनाहरू सबैले देखेका हुँदैनन् । त्यसलाई स्पष्ट रूपमा चित्रण गरी विश्लेषणसमेत गर्ने कार्य इतिहासले गर्दछ । इतिहास भनेको मानव समुदायको आरोह अवरोहको चित्रण हो । त्यस्तो महत्वपूर्ण विषयको लेखन कार्य तत्कालीन समयका ऐतिहासिक स्रोतहरूको आधारमा हुन्छ । स्रोतको अभावमा मानव समुदायको इतिहास अधुरो रहन्छ । त्यसकारण हामीले ऐतिहासिक स्रोतहरूलाई यथासक्य प्रकाशमा ल्याउन सक्नु पर्दछ । यहाँ प्रस्तुत लालमोहर लागेको लिखत आधुनिककालको प्रारम्भिक समयको हो । त्यस लिखतको अध्ययनबाट तत्कालीन समाजमा प्रचलित बिर्ता प्रथाबारे जानकारी प्राप्त गर्न सकिन्छ । त्यस लिखतबाट सम्बन्धित ब्यक्तिलाई बिर्ता प्राप्त गरेको घर, जग्गा तथा पाताललाई स्वतन्त्र रूपले किनबेच गर्न सक्ने अधिकार दिइएको छ । यद्यपि

[१६] महेश सी. रेग्मी, ल्याण्ड टेन्यूर एण्ड ट्याक्साशन् इन नेपाल, काठमाडौंः रत्न पुस्तक भण्डार, सन् १९७८, पृ. २५३ ।

[१७] कृष्ण बी. थापा, सोसियल, इकोनोमिक एण्ड आडमिनिस्ट्रेटिभ हिष्ट्री अफ मोड्रन नेपाल, काठमाडौंः अम्बिका थापा, सन् १९८८, पृ. १६१ ।

[१८] थापा, तिमिल्सिना र दाहाल, पूर्ववत्, पादटिप्पणी संख्या १, पृ. २४६-२४७ ।[१२] अमात्य, पूर्ववत् पाटटिप्पणी संख्या ४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

नेपाली समाजमा ऐतिहासिककालदेखि प्रचलित धार्मिक क्षेत्रलगायत देवीदेवताको सम्पति कसैले किनबेच गर्न र स्वामित्व हस्तान्तरण नपाउने मान्यता प्रचलित हुँदैआएको छ । त्यस्तो सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्नु सम्वन्धित ब्यक्ति विशेषको नैतिक कर्तब्य हो । सोही परम्परागत मान्यतालाई जिवन्तता प्रदान गर्दै बिर्ता पाएका अन्य घरजग्गा तथा पाताललाई बिक्री वितरण गर्न छुट दिइए तापनी बिर्ता पाएको देवी देवताको घरजग्गा तथा पाताल बेच्न नपाउने आदेश दिइएको छ । त्यसकारण सामाजिक तथा धार्मिक दृष्टिकोणबाट उल्लेखित लिखतको आदेश स्मरण योग्य छ ।

सन्दर्भग्रन्थ सूची

अमात्य, साफल्य (सं.), स्रोत पुस्तिका माला नं. २, काठमाडौं: राष्ट्रिय इतिहास निर्देशन समिति (नेपाल), पुरातत्व विभाग, वि.सं. २०४५ ।

आचार्य, बाबुराम, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ३, काठमाडौं: श्री ५ महाराजाधिराजका प्रमुख संवाद सचिवालय, राजदरवार, वि.सं. २०२५ ।

आचार्य, बाबुराम, श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग ४, काठमाडौं: श्री ५ महाराजाधिराजकाप्रमुख संवाद सचिवालय, राजदरवार, वि.सं. २०२६ ।

आचार्य, बाबुराम, श्री ५ प्रतापसिंह शाह, काठमाडौं: श्रीकृष्ण आचार्य, वि.सं. २०६० ।

खनाल, मोहनप्रसाद, अभिलेख संकलन, ललितपुर: साझा प्रकाशन, वि.सं. २०२८ ।

थापा, कृष्ण बी,.सोसियल, इकोनोमिक एण्ड आडमिनिस्ट्रेटिभ हिष्ट्री अफ मोड्रन नेपाल, काठमाडौं: अम्बिका थापा, सन् १९८८ ।

थापा, कृष्णबहादुर, तिमिल्सिना, पार्थिवेश्वर र दाहाल, मदनकुमार, आधुनिक नेपालको आर्थिक इतिहास, काठमाडौं: नेपाल एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५४ ।

रेग्मी, महेश सी., ल्याण्ड टेन्यूर एण्ड ट्याक्साशन् इन नेपाल, काठमाडौं: रत्न पुस्तक भण्डार, सन् १९७८ ।

लालमोहर लागेको लिखत, काठमाडौं ढल्को निवासी स्व. पूर्णकाजि ताम्राकारको संरक्षणमा रहेको ।

श्रेष्ठ (सं.), टेकबहादुर नेपालका राजाहरू तथा तराईका थारु, कीर्तिपुर: नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं. २०५८ ।

हेमिल्टन, फ्रान्सिस बुचनान, एन एकाउण्ट अफ दि किङ्गडम अफ नेपाल, न्यू दिल्ली: मञ्जुश्री, सन् १९७१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

परिशिष्ट

श्रीदुर्गासहाय

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत
श्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजप्रतापसिंहसाहबहादुरसम्सेरजङ्‌देवानांसदासमर
विजयिनाम् = = = = = = = =
आगंमधुटोल टौदिकतवाटकेशगुन्तलिषुरस्ये घर पुनधरको घरदेषिपश्चिम अंबरको वारिदे
षिरषिलस्पतिको वारिदेषिपूर्वचन्द्रधिको घरदेषिउत्तर रहनित्साध भिन्नघरसाद भीटगा
वरन्वासमेत पुन आगमद्येउनाको घरमा १ जग्गा २ पातालमा २ आघकोसुनाविर्ता
मिलेयाकोगरिवक स्यौवैरजु किनु देवताको वार्षिक भनोयाम गर्नुलस्को भै दस्पैसा ४
॥ लिखंआफनामानितिजमासंगकुनाविर्ताजानि भोग्यगर इति सम्वत १८२३ साल कार्ति
कवदि १ रोज २ शुभम् =

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यौटा परित्यक्त अभिलेख

- डा. पुरुषोत्तमलोचन श्रेष्ठ*

पूर्वप्रसङ्ग

भक्तपुर शहरको वडा नं ६ स्थित इनाचोटोलबाट दक्षिणतिर लागेपछि हनुमानघाटमा पुगिन्छ । र, सो घाट नपुग्दै सोही टोलको खँचा भन्ने उपटोलमा पहिले पुगिन्छ जहाँ 'मुनि विहार' नामको एक सुन्दर विहार छ । सो विहारमा ने.सं. ७८७ को एक शिलालेख छ । सो शिलालेख अध्ययनका लागि भक्तपुर दरबार हेरचाह कार्यालयका प्रमुख मङ्गला प्रधानज्यूले मलाई अनुरोध गर्नु भएको थियो । उहाँलाई पनि सोही विहारका विपस्सीले अनुरोध गर्नुभएको रहेछ । म शिलालेख अध्ययनका लागि २०७०, मंसीर ५ गते मुनि विहारमा पुगेँ । विपस्सीले मलाई उक्त शिलालेख देखाइदिनु भयो । सोही क्रममा उहाँसित चिनजान भयो । अनि उहाँकै अनुरोधमा मुनि विहारको सिङ्गो इतिहास नै बताउने सो शिलालेखबारेको अनुसन्धानात्मक लेख लेख्न बसेँ । यसै क्रममा मुनि विहारमा आउने जाने क्रम पनि चलि रह्‍यो । ...२०७१, वैशाख ५ गते । शिलालेख बारेको लेखलाई प्रकाशमा ल्याउने बारेमा छलफल गर्न विपस्सीलाई भेट्न गएको दिन । उहाँको कोठाभित्र पस्ने क्रममा कोठाबाहिरको बरण्डामा अन्त कतैबाट ल्याएर राखिएको एउटा नौलो शिलालेखमा मेरो ध्यान गयो जुन अहिले यस लेखको मूल अभीष्ट भएको छ । उहाँको अनुमति लिएर मैले सो नौलो शिलालेखको पाठ पढेँ, त्यसको नापो र फोटो लिएँ । १७.५ से.मि.चौडा र २९ से.मि. लम्बा यस शिलालेखको शिर्षभागमा दायाँ बायाँ सूर्य चन्द्र र मध्यभागमा शिवलिङ्गको चिन्ह अङ्कित छ । अभिलेखको लिपि नेवारी र भाषा नेपालभाषा रहेको छ । यहाँ संवत् ७९३ दिइएको छ । यसको पाठ पढीसकेपछि यो बौद्ध विषय वा मुनि विहारसित



* प्राध्यापक, भक्तपुर बहुमुखी क्याम्पस, भक्तपुर ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सम्बद्ध नरहेर अर्कै विषयसित सम्बद्ध रहेको कुरा ज्ञात हुन आयो । अनि विपस्सीसित 'कसरी यो शिलालेख यस मुनि विहारमा आयो' भनी सोध्दा उहाँले बताउनु भयो 'यो मुनि विहारको धर्मशालाको छिँडीमा रहेको थियो । सो धर्मशालाको जीर्णोद्धारको क्रममा अहिले यहाँ ल्याएर राखिएको हो । ६ वर्ष अघि यसै विहारका तीर्थरत्न शाक्यले आसपासको खेतमा मिल्किएर रहेको अवस्थामा देखेपछि उनले यस धर्मशालामा ल्याएर राखेका हुन् ।'

मूलपाठ

१. ॐ सम्वत ७९३ चैत्र(?)वदि २ खापिस
२. अमिसिंङन, थव भाग जुको, केवा
३. वाखा खोहोदोया, मसिचा माहादे-
४. देवयाके गुसीप्व(?)दुता जुरो । थ्याकेम-
५. मोचके मदु, फेनेमदु, लुदानेमदु,
६. वाम्हन मोचकलस शिवद्रोंस या-
७. ङाया पाप पञ्चमहापाप लाक उ-
८. ग तनयाके म्हायां दथति वाप्वचाक
९. स्वान दको माहादेवयाके च्छा मार
१०. वेव नाम्हां पुजायाता ओम्हांसि-
११. ता यायमाल ।। दुतावम्हाया, ...
१२. ओ..के ङनो हिनोनयाया री ..
१३. ..केव जुरो ।। शुभमस्तु ।।

भावानुवाद

ने.सं.७९३ मा खापिका अमिसिंले खोहोदोमा रहेको आफनो भागको बारी, आधा घर समेत गरी मसिचा महादेवलाई गुसिप्व (लास जलाउनका निमित्त दाउरा राख्ने घर) चढायो । गुठीयारहरूलाई हुने नहुने भेद गर्न पाइँदैन, गुठीको नियम भङ्ग गर्न पाइँदैन, घर बाहिर बस्न पाइँदैन ('लुदाने मदु' अर्थात् आफनो कुल घरबाट बाहिर बस्न पाईन्न) यदि नियम भङ्ग गरेमा ब्राम्हण मारेको, शिवध्वंश गरेको पाप र पञ्चमहापाप लाग्नेछ । नियम अनुसार गर्नेले बारीका फूल महादेवलाई चढाउनुपर्ने भयो । नियम अनुसार आलोपालो यो काम गर्नु पर्ने भयो । गुठीमा प्रवेश गरेका नयाँ गुठीयारसंग पनि नियम अनुसार दस्तुर लिनुपर्ने भयो । सबैको कल्याण होस् ।

व्याख्या

हनुमानघाटको वर्तमान नेवारी रूप 'खोंद्द' हो । त्यसको पूर्वरूप 'खोहोदो' रहेको तथ्य यस अभिलेखले पुष्टि गरेको छ । यस्ता 'दो' हरू भक्तपुरभेकमा निकै रहेको देखिन्छ । **इखुडो, इसिंडो, तेखाडो, इचाडो**, आदि उदाहरणस्वरूप छन् । दुई खोलाको संगम भएको स्थान 'दो' हो । हुनमानघाटमा उत्तरबाट दक्षिण बहने 'वीरा' नदी र दक्षिणबाट उत्तर बहने 'भद्रा' नदीको संगम 'खोहोदो' हो । ती दुई नदीको सङ्गममा हनुमानले आङ्नो पुच्छरले पातालगंगा तानी हात धोएको तीर्थलाई यहाँको धार्मिक सांस्कृतिक जीवनले 'तमसा' भनी मान्दै आएको छ । यसरी त्रिवेणी आविर्भाव भएको कथा **नेपालमाहात्म्य**मा पनि छ । यसैले यस तीर्थको नाम **हनुमानघाट** भनी प्रख्यात रही आएको कुरा जानिन्छ ।

यो अभिलेख राख्ने **खापि**का अमिसिं हुन् । जुन आशयले उनले यो अभिलेख राखेका छन् त्यताबाट उनी मानवधर्मप्रति समर्पित उदार मन भएका धार्मिक व्यक्ति रहेछन् भन्ने थाहा पाइन्छ । हनुमानघाटपरिसरमा अमिसिंको आङ्नो भागको घर र बारी रहेछ जसको आधा भाग घर र बारीलाई उनले 'गुसिप्व' बनाई मसिचा महादेवलाई चढाएका रहेछन् । र, त्यसबारेको यो अभिलेख पनि सोही महादेवस्थानमा राख्न लगाएको जानिन्छ ।

यस अभिलेखमा आएको 'खापि'ले तत्कालीन भक्तपुर शहरबाहिरको दक्षिणपूर्वीभेकको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

भौगोलिक अवस्थानलाई संभाएको छ । ऐतिहासिक दृष्टिले समेत सो स्थान महत्त्वपूर्ण देखिन आएको छ । **खापि**का अमिसिंको बारी र घर **खोहोदो** (हनुमानघाट) मा पनि रहेछ भन्ने कुराले **खोहोदो** र **खापि** समीपवर्ती स्थान रहेछन् भन्ने कुराको पत्तो हुन्छ । हनुमानघाटदेखि पारिपट्टिको इलाका वा डोलेश्वर महादेवस्थान जाने बाटो आसपासका फाँट आज पनि 'खापि' नामले प्रख्यात रही आएको छ । **खापि**को पहिलो ऐतिहासिक उल्लेख पूर्वमध्यकालका प्रसिद्ध राजा जयस्थिति मल्ल (ई.सं.१३८२-१३९५) को पालामा रचिएको **गोपालराजवंशावलीमा** आएको छ भने दोस्रोपल्ट यसै अभिलेखमा र शिलालेख प्रमाणका आधारमा भने यो नै पहिलो उल्लेख हुन आएको छ ।

पूर्वमध्यकालमा नेपालको राजधानी भक्तपुर रहेको थियो जहाँ यसको हृदयस्थलमा बसेको 'त्रिपुर' (मध्यकालीन नेपालको पहिलो राजदरबार) राजकुलबाट शासन चल्दथ्यो ।[१] ईस्वीको बाह्रौं शताब्दीको मध्यतिर आइपुग्दा केन्द्रमा आएको राजनैतिक कमजोरीका कारण पश्चिम कर्नालीप्रदेशमा सिञ्जालाई राजधानी बनाएर खस राज्य र दक्षिण पूर्वी तराइभेकमा सिमरौनगढलाई राजधानी बनाएर डोय (तिरहुत) राज्य खडा हुन पुगेका थिए । सैनिक दृष्टिले समेत अत्यन्त बलिया यी नवोदित राज्यहरूले लगातार भने जस्तै पुरानो केन्द्र माथि पालैपालो भने जस्तै आक्रमण गरिरहन्थे । र, यहाँका जनताहरूलाई आतङ्कित पार्दै सबैसित कर उठाएर फर्कन्थे । यसै प्रसङ्गमा ने.सं.४२० मा डोयहरूले त्रिपुर राजदरबारलाई निशाना बनाउँदै भक्तपुरका विभिन्न भागहरूमा आक्रमण गरेको महत्त्वपूर्ण घटना वर्णन गर्ने सिलसिलामा गोपालराजवंशावलीमा (गो.वं.) **खापि**को उल्लेख यस प्रकार हुन आएको छ :

स ४२० प्वसल गाक्व अमावस्या को नु चा असनिमण्ये जारवा दिवस क्वाठ डंङा मशिलासल गाक्व द्वादशी को≈नु डोय हाथारण भङ्गरपं ववः तिपुर दल वयि ।। असनिमम्भङ्ग, चेतला, थोव पञ्चमी भरणि वृहस्पतिवार क्व≈नु खण्ड खरिधाया खापींथली नयेम् मितिलीं नये फास्यं डोय हाथार ज्वोंङ वो दिवस । संती चुनिगल दुंपुंङवव मचाल्व । वाद्यनिमं व खुरिविहिरिस डोय म्वण्ड डय्यंङा ≈म ७ त्यंखा द्वल ≈म ३ वलुंखा जलधुनिं नया ब्रम्हपुरये दुंपुंङ्ना । थ्वतेस तिपुरण डण्ड मन्द्रपाल गु ..प्रजायाके हस्यकं विलं रोव प्रति दम्म ६ सार विल दम्म ३ छेंखाप्रति द्रम्म ४ चङ्गुणला थोव सति को≈नु डोय लास्यं वंग्व वटकढिया दल ...'

(ने.सं. ४२०)वि.सं.१३५६)पौषकृष्ण अमावास्याको दिन राति डोयहरू असनिमंमा लड्न आए । त्यहाँ ठाना हालियो । माघकृष्ण द्वादशीको दिन डोयहरू लड्दै जित्दै आए ≤ त्रिपुर र असनिमं दखल गरे । फाल्गुन शुक्ल पञ्चमी भरणीनक्षत्र वृहस्पतिवारको दिन खण्डखुरी भन्ने ठाउँबाट खापिंथली कब्जा गरी मितिली कब्जा गर्न डोयहरू लड्दै आए । भोलिपल्ट चनिगलमा पस्न खोजे ≤ तर खुलेन । वाद्यंनिमं बखुरिबहीमा सातजना डोयहरू काटिए । त्यंखाडोलमा तीनजना काटिए । बलुखा जलधुनी कब्जा गरी (डोयहरू) ब्रम्हपुरमा पनि पसे । यति भएपछि तिपुरले दण्ड तिऱ्यो । मन्द्रपालले ...रोपनीपिच्छे ६ द्रम्म, घरपिच्छे ४ द्रम्मको दरले प्रजासंग उठाई (डोयहरूलाई बुझाइदिए । चैत्रशुक्ल सप्तमीको दिन लड्न आएका डोयहरू फर्के ।)[२]

यसरी डोयहरूले भक्तपुर आक्रमण गर्न आएको घटना वर्णनप्रसङ्गमा **खापि** लगायत यस भेकको शहरभित्र र बाहिरका अन्य अनेक स्थानहरूको उल्लेख **गो.वं.**मा आएको छ । यताबाट सांग्रामिक सुरक्षाका दृष्टिले यस्ता इलाकाहरू त्यसबखत निकै संवदेनशील रहेछन् भन्ने कुरा समेत जानिन्छ । नेपालको पूर्वमध्यकालको सिङ्गो इतिहास नै बोकेको यस वंशावलीमा आएका अनेक स्थाननामहरु बढ्ता भक्तपुरभेककै छन् । यस कुराको एउटा उदाहरण उक्त घटनावर्णनलाई नै लिउँ । त्यस घटना वर्णनका प्रसङ्गमा आएको **असनिमं**ले अहिलेको भार्वाचोटोलको दक्षिणपट्टिको भार्वाचोध्वाका अवशेष रहेको इलाकास्थित बजिगांचा हिटी, घुरुघुरु

---

१ डा. पुरुषोत्तमलोचन श्रेष्ठ, त्रिपुर र युथुनिमम् राजकुल, भक्तपुर नगरपालिका, भक्तपुर : २०५८, पृष्ठ ९-२० ।

२ Dhanavajra Vajracharya, Kamal P. Malla, **THE GOPALRAJVAMSAVALI**, Franz Steiner Verlag Wiesbaden GmbH, Kathmandu: 1985, folio 41, pp.97.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

अजिमासंगैको 'असगहिटी' इलाकालाई, **चनिगलले** अहिलेको सुकुलढोका, टिबुक्छें-चासुखेल इलाकालाई, **तिपुरले** त्रिपुरसुन्दरी हृदयस्थलमा रहेको तुलाछें इलाका, **बलुखा जलधुनी** र **ब्रम्हपुरले** वुलुचा र वलंपु लायकु इलाका र त्यसैगरी हाम्रो अभीष्ट विषय रहेको **खापिले** हनुमानघाटपारिका दक्षिणी फाँटहरूलाई संभाएको छ । खापिका अमिसिंले राखेको अभिलेखमा आएको **खापिले** पनि **गो.वं.**का आएका घटनावर्णन लगायत स्थाननामहरूको विश्वसनीयता र तिनका अवस्थानलाई तुलनात्मक-परीक्षण गरी प्रामाणिक रूपले औँल्याउन प्रत्यक्ष प्रकारान्तरमा थप सहयोग मिलेको छ ।

यस अभिलेखमा आएको 'गुसिप्व' ले पनि तत्कालीन भक्तपुरको सांस्कृतिक जीवनको एक भलक मिल्छ । यसको वर्तमान रूप 'गुसिपक्व' हो । लास जलाउन दाउरा राख्ने घर **गुसिपक्व** हो । भक्तपुरमा आज पनि यस्ता गुसिपक्वहरू छन् । यस्ता घरहरू एकतले/दुईतले हुन्छन् । गुसिपक्वहरू मूल शहरीबस्तीको सीमाबाहिर मसानघाट आसपासमा बनेका हुन्छन् । कतै कतै गुठीका खेत छन् भने त्यस्ता खेतमा पनि यस्ता गुसिपक्व बनेका हुन्छन् ।[३] यसरी गुसिप्व-संस्कृति अपरिहार्य रूपमा आज पनि वर्तमान रही आएको पुष्टि मिल्छ ।

अभिलेख राष्ट्रको अमूल्य निधि हो । इतिहास, सभ्यता र संस्कृतिको पहिचान गराउने दसीप्रमाण अभिलेख पनि हुन् । अतीतको मननले वर्तमानलाई सही मार्गमा डोऱ्याएर सुनौलो भविष्यको समृद्ध संसार सुनिश्चित गराउने अतीतको असली आँखा हो अभिलेख । खेतमा मिल्किएर रहेको अभिलेखलाई जसरी मुनि विहारका हाम्रा तीर्थरत्न शाक्यले उद्धार गरी मुनि विहारको धर्मशालामा ल्याएर संरक्षण गरी राखे त्यसले यहाँनेर राष्ट्रिय अभिलेखालयबाट प्रकाशित हुने **अभिलेख** मार्फत नेपाल सरकार पुरातत्त्व विभागको निम्न उद्घोष भल्भली स्मरणीय हुन आउँछ : 'ऐतिहासिक तथा सांस्कृतिक महत्त्वका संवाहक अभिलेखान्मक सामग्री मानवीय ज्ञान सम्पदा हुन् । यसको जगेर्ना गर्नु हाम्रो कर्तव्य हो । अभिलेखको संरक्षण गरी राष्ट्रको गौरव जोगाई राखौँ ।' तीर्थरत्न शाक्यलाई सलाम ! अभिलेखको जगेर्ना गरी राख्ने यस विहारका विपस्सी लगायत मुनि विहार परिवारलाई साधु-साधु !

---

[३] भक्तपुर इपाछेंटोलका विनोदराज शर्मा (६१)बाट प्राप्त जानकारी ।
फल्चा (पाटी) भन्दा पनि सानो 'पक्व' हो भन्ने बुझिन्छ । यसको भुईतला पाको इटाले बनेको हुन्छ । त्यो भन्दा माथिल्लो तला उठाउनु परेमा त्यसको गारो काँचो इटाले बनाई पराल/छ्वालीले छाना छाएको हुन्छ । यस्तो पक्व हेर्दा छाप्रो जस्तो देखिन्छ । पक्व अस्थायी रूपको पनि हुन सक्छ । किनकि आवश्यकता परेमा, गुठियारहरूको सहमति भएमा खेर गएको वा बालि नलाग्ने ठाउँमा यस्ता पक्वलाई सार्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

एकीकृत नेपालको मुद्रा तिब्बतमा प्रचलन: ऐतिहासिक विवेचनाको नवीन धार

- देविचन्द्र श्रेष्ठ*

नेपालका कान्तिपुर ललितपुर भक्तपुर राज्यहरु उखेलिएर फेरि एकीकृत नेपालको निर्माण पछि नेपाली मुद्रा तिब्बतमा प्रसार गर्न पहिलेभन्दा सहज भयो । यसलाई गोर्खा मुद्राको निरन्तरता पनि मान्न सकिंदैन । गोर्खा राज्य नै नेपालमा स्वत: विलय भएको अवस्था देखापरेको थियो । पहिलेको संकीर्ण नेपालका स-साना राज्यहरु तीन वटैको पछौटे गोर्खा राज्य समेत तिब्बतमा आफ्ना मुद्रा निर्यात गर्ने चारै राज्यहरु मासिएर एउटै सवल, विस्तृत र सुदृढ राज्य संगठनको रुपमा नेपाल अधिराज्यको उदय भएपछि नेपाली मुद्राको हैसियत पनि तिब्बतमा एकदमै निक्खर मौद्रिक व्यवस्थाको प्रतिनिधि भएर प्रवेश पाउन थालेको अवस्था देखापर्छ ।

यसको पृष्ठभूमि भने निक्खर चाँदीको मुद्रा ढालेर तिब्बतमा निर्यात गर्ने सम्बन्धमा गोर्खाका राजाको रुपमा पृथ्वीनारायण शाहले तिब्बती धर्मगुरु रिन्जिन छिम्वो लामासित सं. १८११ मा एउटा संझौता गरी सोही साल आफ्नो गोर्खा मोहर छाप्ने टक्सार आफ्नो राजधानी नुवाकोटमा स्थापित गरी नेपालका राजाहरु सरह तिब्बतसित मौद्रिक व्यापारमा सरिक भएका हुन् । यसले उनलाई नेपालका राजाहरुसित युद्धको खर्च उठाउन एउटा बलियो आर्थिक स्रोतको प्रवन्ध भएर सं. १८२५-२६ सम्ममा मल्ल राज्यहरु तीनैओटा पृथ्वीनारायण शाहको हस्तामा परेपछि उनी नेपालका राजा भए ।

अब, तिब्बतले नेपालको मुद्रा स्वीकार गर्ने सम्बन्धमा अर्को प्रस्ताव राखे । यस अघि नेपालका राजाहरुले तिब्बतमा पठाई त्यहाँ चलन चल्तीमा रहेका पुराना मुद्राहरु खिचेर तिनका वदला नेपालको नयाँ मुद्रा सोधभर्ना गरिदिन माग गरे । तर त्यसो गर्दा निक्कै आर्थिक भार पर्ने भएर पृथ्वीनारायण शाहले तिब्बती माग स्वीकार नगरी आफ्नो नयाँ नेपाली मुद्रा मात्र निर्यात गर्न खोजे । यसमा तिब्बतीहरुले विमति जनाएर नेपालबाट हुने व्यापारको कुती-केरुङ नाकामा अवरोध खडा गर्न थाले । यसको पछाडि नेपालमा गोर्खा अधिकारको अव्यक्त विरोध पनि हो जसको चूरो पृथ्वीनारायण शाहले त्यतिखेर बुझ्नै सकेनन् । तर तिब्बतसित विद्यमान देखावटी यस मौद्रिक झमेलाको निराकरण गर्न नपाउँदै सं. १८३१ मा पृथ्वीनारायण शाहको नुवाकोटमा नै मृत्यु भयो । अब यस समस्याको भार नेपालको नयाँ राजा प्रतापसिंह शाहको काँधमा आइपर्‍यो ।

* अनुसन्धानकर्ता, स्वयम्भू ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

यता नेपालमा शासकीय सत्ताको परिदृश्य फेरियो । राजा प्रतापसिंह नवप्रवेशी भारदारहरुका प्रभावमा पर्न थाले । ती नयाँ भारदारहरु तिब्बतलाई चिढाउने पक्षमा थिएनन् । तिनीहरुकै सल्लाहमा राजा प्रतापसिंहले छिटै सं. १८३२ लाग्दो अवस्थामै वार्ता चलाई तिब्बतसित नयाँ सन्धि गरे । यस सन्धिका निम्ति नेपालतर्फ अगुवाइ गर्ने भारदार हुन् काजी स्वरुपसिंह कार्की । पूर्वका सेनराज्यहरु नेपालमा विलय गर्ने प्रक्रियासित सहायक भएर नेपालमा नयाँ भारदारीखडा गर्दै यिनले पनि प्रवेश पाएका हुन् । उनले आफ्ना भाइ रुपनारायण कार्कीलाई तिब्बतको मामलामा नेपालको तर्फबाट वकिल नै नियुक्त गरेको देखिन्छ । यिनै वकिलले तिब्बतसित सन्धि वार्तामा नेपालको पैरवी गर्दै निस्कर्षमा पुगेको भन्न सकिन्छ ।

यस सन्धिको लागि तिब्बती अधिकारीहरु सित त्यतिखेर नेपालकै भू-भाग खासामा वार्ता गर्ने तय भयो । वार्तामा तिब्बतीहरुले खासगरी मुद्राको चास्नीमा नै पहिलेदेखि विवाद रहेको कुरा उठाएको पाइन्छ । त्यसैले अब तिब्बती पक्षबाट निर्धारित चास्नी अनुसार नेपालको मुद्रा ढालेर मात्र पठाउने प्रस्ताव राखे । त्यसै प्रस्तावलाई नेपालले मानेर सन्धि अनुसार खासामा तिब्बती अधिकारीहरुले तय गरेको चास्नी अनुसार नेपाली मोहर ढालेर पठाउनु पर्ने भयो । त्यसभन्दा घटी गरी नेपालले आफ्नो मुद्राको टकमरी गर्न नपाउने भयो । यस्तो मानक मुद्रा तिब्बतभर चलाउने गरी सन्धिपत्र भएको हो ।

प्रस्तुत सन्धिमा तिब्बतले कुती र केरुङका दुइटा मात्र व्यापार नाका खुल्ला राख्ने नेपालको प्रस्ताव पनि स्वीकार गरेको पाइन्छ । नेपालको प्रचलित मध्यस्थ व्यापार मार्ग चिरकालसम्म कायम राख्न यस्तो प्रस्ताव राखिएको हो । यो प्रावधान पृथ्वीनारायण शाहको उपदेश अनुकूल पनि छ । यसले नेपालको तिब्बतसित हुने चालू व्यापार मार्गमा अवरोध नआउने मात्र होइन, यसै नाकालाई प्राथमिकतामा राखेर तिब्बतले अन्य नाकाहरु खुल्ला राख्न नपाउने समेत भए । यसले नेपालको तात्कालिक राजनीतिमा पनि प्रभाव पार्ने भयो । नेपालको पश्चिमतर्फ त्यतिखेर स्वतन्त्र लमजुङ, पर्वत, जुमला आदि राज्यहरुसित हुने व्यापार नाकाहरु तिब्बतले चालू राख्न नपाउने भए । त्यसका साथै नेपालले पनि लामबगर, किमाथाङ्का आदि पूर्वी नाकाहरु चालू राख्न नपाउने भए ।

यस सन्धिपत्रको अर्को मुख्य विशेषता भनेको यसअघि मल्लकालमा नेपाल र तिब्बतका बीच कायम रहेका साँधसिमाना तथा परम्परा रीतिरिवाजलाई दुवै देशले अब पनि निर्वाह गर्न वचनवद्ध भएका छन् । तिब्बती पक्षबाट भएको यस्तो प्रतिवद्धता नेपालको निम्ति उतिखेर कम महत्वको मान्न सकिंदैन । यसै परम्परालाई कायम राख्न नेपालको तर्फबाट राजकीय प्रतिनिधि तिब्बतमा रहेका व्यापार नायकलाई नियुक्त गर्ने प्रथालाई नेपालको तर्फबाट अब पनि कायम राख्ने कुरा सन्धिपत्रमा नै स्वीकार गरिएको छ ।

उतिखेर नेपालको भूमि खासामा बसेर यो सन्धिपत्र भएकाले यसले 'खासा सन्धि' का नामले प्रसिद्धि पाएको छ । यसका प्रावधानहरु जस्ताको तस्तै अध्ययन गर्नु पनि उत्तिकै महत्वको हुनाले तल प्रस्तुत गरिएको छ :

खासा सन्धिपत्र
(सं. १८३२ ने.सं. ८९५)

स्वस्तिश्री बुद्धश्रीधर्म श्रीसंघ त्रिरत्न सहित थव थव श्री इष्टदेवता श्रीकुल देवता श्री धर्म्मपाल क्षेत्रपाल
ध्वते देवता साक्षी तयाव

स्वस्तिश्री निखिल मुनि गणाधिष्ठित हिमाचलाद्रि निर्भर दूरीकृत दुरितेषु
निखिल दिग्विलासिनी कर्णपूरीकृत कीर्तिलता पल्लवेषु
समस्त दिक्स्तम्वेरम

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

कर्ण तालास्फालन वहल पवन नर्तित प्रतापेषु श्रीश्रीश्री ग्यालछाप रिंपोछे लामाजुस्त,
स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादिविविध विरुदावलि
विराजमान मानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्री महाराज प्रतापसिंह साह
बहादुर सम्शेरजङ्ग देवानां सदा समर विजयिनां धर्मपत्रगच्छ ।।

न्हापा श्री राम साह श्री थांचो ष्यम्वा लामाजु व न्हापा नेपाल व ल्हासा व
घा याङाव धर्म सच करार सहि धामय् याङ्या खासास ल्हासान वव
भारा वकिल श्रीयांजि रिंपोछे अवतारी लामाजु पटेला श्री लामाजुया
हजूरी स्यालु खेंपो चमुया सरदार ढेवा याछाल भारादार छाछाङ
दोभाषी छिरिं ढुंडुप नाम्मा छेरिङ सुखिमया थुहि तंदुल लेवोन् चंदुर थ्वते,

गोर्खा नेपालया भारादार वकिल काजी स्वरुपसिंहया किजा रुपनारायण काजी वंशराज पाँडेया कायचा जगत्धर पांडे, टक्सारी भंसारी प्रतापसिंह जशराम थापा वैजनाथ उपाध्या लक्ष्मीनारायण उपाध्या, समन्तभद्र लक्ष्मीसिंह दामोदर उपाध्या रत्न वत्तीसकोठिया महाजन जयकुशल वीर महंत पंच वालकृष्ण दत्त सिंह भाजुदेव थ्वते आद्मी खासास चोङाव याङागु घा सच करार थामय् याङाव धर्म्मपत्र चोस्यंविया सम्वत् ८९५ साल मिति श्रावण शुदि १३ वुधबार थ्व कुन्हु ।

श्रीजिनेन्द्र मञ्जुश्री समुद्ररत्न लामाजु श्रीग्यालछाप रिम्पोछें लामाजुया वकिल व गोर्खा नेपालया महाराज श्रीश्रीश्री महाराज प्रतापसिंह साह बहादुर समसेरजङ्ग देवस वकिलं निखेया खं मिलय् याय धुनकाव निखेयातं तय जुया पत्रया अर्थ

नेपालनं वगु मोहर नेपाल राज्ये नेपालया राजा राजाया पालास चलय् याङागु मोहरया चासनि भाव नेपाल व ल्हासा व वारंवार करार यातसां करारस मचोस्यं चासनि घटिवढि याङाव सेनकाव हल. गो वेलसं भिनकं चासनि जुक चिंयाव हल थ्वतेया कारण लुं वहया भाव मिलय याय मजियाव नेपालस लुं वह थिके जुल. लंपु चलय मजुल.

आवनलि मोहर छाप राजाया मनोग्य चासनिया खं खासासं वानकि हयाव चिनं तिनाव ठेकना याङाव तयागु चासनि मसेनक अदिक भरति याङाव मोहर दयकाव नेपाल यें देशन छोय मोहरया चासनि वानकिसं घटय याय मदु. चासनि भिनके मालसा आमकनं व थन भिनके. थ्वते धुंस्यलि ल्हासा सर्कार भ्रुम देश देशया महाजन वंजाल क्वाथ क्वाथया जिमिदार सकलसेन चलय याय माल ल्हासा सर्कारन हुकुम दयकाव पत्रविया.

थुगुजात मोहर देशदेशया राजा पनिसेन छाप खुयाव छाप दयकाव मोहर दयकाव चलय यात वलसा चलय याय मदु. कदाचित् सुनान हलसा ल्हासा सर्कारन निरख याङाव गोर्खा नेपाल राजायात सोंपय यायमाल. लुं वह चीजवीज उत्तर हनम चोङ भाव दयके मफुथास थासया महाजन वंजालन थवथव मनोमाननं भाव मिलय यानाव कायविय याय. लुं वह पूर्व पश्चिम मधेश पर्वत लंपुन संन्यासि मधेसे महाजन पनि कुती केरुं थो निगुलि लपुनविना मेव लपुनंचलय याय मदु. गोर्खा नेपालया अंवलस गोर्खा नेपालन छेकययाय ल्हासाया अंवलस ल्हासान छेकय् याय

ल्हासा भिका छैं प्रमुख संदेश चोङ नेवार महाजन वंजालया खं न्हापा नेपालया मर्यादथें नेपालया न्हापा नायक याय. न्हापाया मर्याद वसय् याङ.

आव सर्वज्ञ श्रीकोसांदाता व तवधङ लामाजु वागीन्द्र समुद्र व नेपाल देशया न्हापा राजाराजाया समयस जुयाव चोको साधसिवाना थितिविति वसय याय. अर्को तरह याय मदु. थ्वते खंया वाचा घराङस गुम्हस मचोन

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

वम्हयाके ङ्येधानि ५० लुं गच्छ काय. सम्वत् ८९५ साल मिति भाद्र पद शुक्ल ६ शुभम् ।। यस संधिपत्रको फ्याक्सिमिलि लेखको अन्त्यमा दिइएको छ ।

सं. १८३२ मा तिब्बतसित भएको यस सन्धिपत्रको आर्थिक र राजनैतिक व्याख्या नेपालमा अफ सम्म हुन सकेको छैन । नेपाल एकीकरणको सिलसिलामा यसका आफ्नै मौलिक चिनारीका पक्षहरु र परम्परा कायम राख्ने शर्तलाई पृथ्वीनारायण शाहले सकार गरेपछि मात्र उनलाई नेपालको राजा मानेका हुन् । तसर्थ, उनी नेपालकै पद्धति र परम्पराको निरन्तरताका निमित्त स्थापित राजा हुन् । यिनै राजनैतिक शर्तलाई अम्वल गर्दै तिब्बतसित भएको यस सन्धिपत्रमा 'नेपाल सम्वत्' प्रयोग गरी सं. ८९५ भनेर एक मात्र नेपाली राष्ट्रिय सम्वत्लाई मान्यता दिएको पाइन्छ । अघिदेखि गोर्खामा प्रचलित 'शक सम्वत्' अथवा 'विक्रम सम्वत्' लाई यहाँ प्रचलनमा ल्याएको छैन । अर्को महत्वपूर्ण पक्ष यो सन्धिपत्र लेख्दा विशुद्ध नेपाल लिपि र नेपाल भाषामा (नेवारी भाषा) लेखिएको छ । यसको तिब्बती संस्करण भएको संकेत पनि कतै छैन । यसले के जनाउँछ भने तिब्बतमा नेपाल लिपि र नेपाल भाषा (नेवारी) लाई अन्तराष्ट्रिय मान्यता समेत दिँदै आएको कुरा सिद्ध हुन्छ । नेपालमा गोर्खाली सत्ता आएर पनि नेपालको अन्तरराष्ट्रिय सम्पर्क भाषा तिब्बतका लागि नेपाल भाषा र नेपाल लिपिमा 'नेपाल संवत्' लाई नै परम्परागत निरन्तरता दिएको यो उदाहरण मान्न सकिन्छ । अतः नेपालको विशुद्ध राष्ट्रिय चरित्रमा सम्पन्न यस सन्धिले हाम्रो इतिहासमा नै विशेष स्थान पाउँछ ।

तिब्बतमा रहेका 'नेवार व्यापार नायक' लाई नेपालको राजकीय प्रतिनिधि नियुक्त गर्ने मल्लकालिक प्रथालाई पनि यसै सन्धिद्वारा अनुमोदन गरिएको छ । यसै प्रावधान अनुसार आफ्ना प्रतिनिधि 'नायक' सित नेपाल सर्कारको तर्फबाट लेखापढी गर्दा पनि 'नेपाल भाषा' मा नै गर्ने गरेका पाइन्छन् । ती पत्रहरुको खोजी र संग्रह साथै तिनको अध्ययन समेत हाम्रा लागि अत्यन्त आवश्यक देखापर्छ ।

अन्त्यमा, यस सन्धिपत्रको व्याख्या गर्ने काम नेपालको इतिहासकारहरुका काँधमा आइराखेको धेरै समय वित्दा पनि यसको समुचित आर्थिक र राजनैतिक पक्षमा व्याख्या गरी ऐतिहासिक सार निःसृत हुन सकेको छैन । यसलाई त राष्ट्रिय तहमै वडो दुःखको कुरा मान्नु पर्ने छदैछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

पशुपतिमा कीलित नेसं ५७३ को नेवाभाषाको तम्बशासन

- काशीनाथ तमोट*

१. सामान्य जानकारी

प्रस्तुत ताडपत्र मध्यकालीन राजा यक्ष मल्ल (ई. १४२८-८८)ले आफ्नो राज्य नेपालमण्डलका सीमान्त सामन्त शासकहरु दक्षिण भेग मानिगल (ललितपुर)का महापात्र, उत्तर भेग गुंबहार (सांखु)का नायक र पश्चिम भेग फर्पिङका रावुतसंग सहमति गरी महत्वपूर्ण सार्वजनिक स्थल पशुपति मन्दिरको भित्तामा किला ठोकी राखिएको थियो। पशुपतिको जीर्णोद्धारको क्रममा कुनै वेला ताम्रपत्रहरु सबै पशुपति गोश्वारा भण्डारमा थन्क्याइए। तीमध्ये यो एउटा हो। यो सुवर्णलेपित ताम्रपत्र (सुवर्णपत्र)को नाप ३८च्च१३.५ सेन्टिमिटर छ। नेवालिपि र नेवाभाषामा १४ लहरमा लिखित यस तामापत्र राम्ररी सफा नगरीकन नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजना (१९७०-२००१)ले पीएन २/२४ संख्यामा ई. १९९८ सेप्टेम्बर १७ मा छविचित्र लिएको छ। यस तामापत्रलाई राम्ररी सफा गरी लिएको छापा प्रतिलिपि वज्राचार्य (२०११:३३६)मा प्रकाशित छ।

प्रस्तुत तामापत्रको पाठ सर्वप्रथम रेग्मी (१९६६:७२-७३)ले प्रकाशित गरेका हुन्। त्यसलाई मूलैबाट पढी केही अंश वज्राचार्य-श्रेष्ठ (१९७४:२१)ले पादटिप्पणीमा छपाए। पेटेक (१९८४:१७२)ले यो "धेरै महत्वपूर्ण" अभिलेख हो भनी प्रायः पूर्ण पाठ रोमन आलेखन दिएका छन्। टण्डन (१९९९:१३१-१३३)ले मूल तामापत्रैबाट पढी यसलाई नेपाली अनुवाद सहित प्रकाशित गरेका छन्। यहाँ राष्ट्रिय अभिलेखालयस्थित माइक्रोफिल्म डिजिटल प्रतिबाट गहिरिएर पढी पाठ प्रस्तुत गरिएको छ।

यहाँ पूर्वसूरिहरुको पाठभेद र अर्थभेद दिने आवश्यक ठानिएको छैन।

इतिहासकारहरुद्वारा आ-आफ्नै ढंगले व्याख्या गरिएका यस उत्कीर्णलेखका कतिपय प्रसङ्गहरु अझै अस्पष्ट छन्। यहाँ प्राचीन नेवाभाषाका शब्दहरु आत्मसात गर्न आधुनिक नेवाभाषामा पनि अनुभूत गरी अनुवाद प्रस्तुत गर्न वाञ्छनीय भएकोले त्यसो गरिएको छ। इतिहासकारहरुमा फरक धारणा हुँदा यहाँ प्रयुक्त अर्थ खुलाउन तल कतिपय शब्दको स्पष्टीकरण पनि दिइएको छ।

२. मूल पाठ

? ॐ नमः श्रीश्रीश्रीपशुपतये ।।

प्रमुखनृपगणाद्याश्चागतास्ते त्वदग्रे
शकलवचनमेकीस्वीकृतं सत्यमुक्तं
यदि कथितविलोप पापलब्दं भवेयुः (२)
विदित पशुपते त्वं साखिभूतस्त्वमेव ।। ।।

* नेवारी विशेषज्ञ, नेपाल जर्मन हस्तलिखित ग्रन्थ सूचीकरण परियोजना।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

श्रीश्रीश्रीपशुपतिभट्टारकस्य, श्रीश्रीश्रीउभयभैरवस्य

अग्रस श्रीधर्म्मशिलास थिरारपा, अठि

(३) भाषा थ्वते जुरों,

श्रीतिपुरराजकुल श्रीश्रीजयजक्ष मल्लदेव प्रभुठाकुरट्वं प्रमुखन, श्रीमानीगल, येथबहार, उदय भारोट्वं प्रमुखन गुंबहारया(४)वुं, थवथव सकुडा सकुडावुं, शिखरपट्टन, फनपिं शक्तिसिंहङ रावुतट्वं प्रमुखन,चवभयस सकुडावुं,थ्वतेवुं मनमेलरपं,थवथव(५)स, साषोनसाख पुटानपुट, निस्तरपे, आत्मश्रीदिव्य थिरारपा भाषा थ्वते जुरों,

भाषा

चंपारान, लोहावर, थ्व नेगुडि आदिन, कोकि (६) परचक्र खंस हिरवोर वव द्वाकाकाले ओ खं मङेल्यं महेयकं, येंने पस्तननो, कोके हाथार, यु लं वं लं आदिन गोन लं ववरस (७)नो, लिं खंस जास्यं, मजास्यं चोंङा पस्थाव जुरसनो, कोके खंस, थमथम धंको मुङान, गनान धायो, अनान, थमथम पर्जंतवुं वंङन (८) ह्रङ फर वने पस्तननो ह्रङ फर वने खंस लिसालन हेलिक याङन, मचोंने पस्तननो ह्रङ फे ठायस उर्गावन ते ठायस उर्गावन तस्यं (९) थम चोंने ठायस थम चोङन अर्थ सामर्थन चोंल्यं वोल्यं डेड जुव सोस्यं येंने पस्तननो जदि क्रदाचित पिंपंत याङ दिक्वट्वं द्वाकाले दु वनान (१०) दिक्वस्यं दुं बोङ येंने माल्व

थ्वते, अठि भाषास, मनिस्तरपा द्वाकाले श्रीश्रीश्रीपशुपतिट्वं फोडरपा महापातक लाक्व जुरों, निसाष जुयेमाल थ्व(११)ते तंबसासनस, चोस्यं तको अठि भाषा, निस्तरपकास, जनधनलक्ष्मी संतति संतान, पुत्रपौत्र वृद्धि, आयुआरोग्य, थ्वते पुं जुये माल्व जदि (१२) कदाचित कोके खं डेंङन लं जुस्यं हव द्वाकाले, कोके खं मटेंक्व, उ खं जूस्यं कोके खं डेङ लं तस्यं हवसके छुस दिस्यंनो उपद्रव जुको काव टेव जु(१३)रों,

थ्वते तंबसासनस, चोस्य थिरारपाको भाषाया, दृष्ट साखि श्रीश्रीश्रीचंडपितामहट्वं ।। ।।

श्रेयोऽस्तु संवत् ।। ५७३ जेष्टकृष्णदश(१४) म्यां तिथौ, रेवतिनक्षत्रे, शोभनजोगे, शुक्रवासरे ।।

शुभमस्तु ।।

३. नेवाभाषानुवाद

(सिद्धि चिं) ॐ जोजलपा स्वकःहना पशुपतियात ।

छिगु न्ह्योने वःपिं मू जुजुपिं आदि, सत्य बचं ल्हाःपिं, छसलं नालाःकापिं इमिसं छुंकथं थःगु धापू मनालधाःसा पापया भागी जुइ । थुपिं खँ थूम्ह हे पशुपति, छि हे थुकिया साक्षी खः ।

स्वकःहना पशुपति व स्वकःहना निम्ह (कीर्तिमुख व उन्मत्त) भैरवया न्ह्योने हनेबहगु धर्मशिलाय् पाफयाः न्ह्यथना ब्यहोरा थुपिं जुल ।

नांजाःगु (ख्वपया पुलांगु) त्रिपुर लाय्कूया हनेबहम्ह जुजु यक्ष मल्ल थकुजु मूम्हं, नांजाःगु मनिगल (यल लाय्कूया शासक) येथ(दक्षिण)बहालया हनेबहम्ह उदय भारो मूम्ह जुयाः, गुंबहाल (संक्व)या नं, थःथःगु क्षेत्रक्षेत्रं, फम्पि (शिखरपट्टन)या हनेबहम्ह शक्तिसिंह रावुत मूम्हं प्यम्ह शासकतय् क्षेत्रं थुमि मन उलानाः थःथःगु सन्तान कचां कचा, पुस्तां पुस्ता निष्ठापूर्वक नाले धकाः आत्मश्रीदिव्य कबोल याःगु खँ थुपिं जुल ।

ब्यहोरा

चम्पारन (विहार, भारत), लोहावर (उत्तरप्रदेश) थ्व निगू आदिन कोके (कोवने/कोबि) शत्रुतय् खँय्, इपिं बारंबार चाःह्यू वल (अथवा) वःगु दःसा इमि खँ मन्यंसे, मह्यसे (लिउ मजूसे) खुशीसाथ च्वनेमाः । कोकेयापिनि हताः योता(पश्चिम)या लं (फम्पिं), वंता(पूर्व)या लं (ख्वपया सिन्धुलि आदि थासं) गुगुं लं वःसां लिये (प्रत्याक्रमण) खँय् (थःपिं) जानाः (वा) मजासे च्वंपिं प्रस्थान जुइत तयार जुयाच्वंपिं जूसां कोकेतय् खँय् थःथःके लिधना

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

च्वंपिं (फौज) मुनाः गनं धाल अनं थःथःहे नं वनाः न्ह्योने खुशीसाथ (हताः) फः वनेमाः । न्ह्योने फः (भिडे जू) वने खँय् लिसा (हाकनं) हेलचक्राइ यानाः थः यःथे च्वने मज्यू । न्ह्यो फये (सामाना याये) थासय् उर्गावन (भाडाया सैनिक) तय्माः थाय् उर्गावन तयाः, थः च्वने माःथाय् थः च्वनाः ध्यबां समर्थ जुयाः च्वनाच्वंसा (शत्रु) वःसां खुशीसाथ दृढ जुयाः च्वनेमाः । यदि छुं जुयाः विपक्ष जुयाच्वंगु दःसा दुने यंकेमाःपिंत दुने ब्वना यंके माल ।

थुपिं न्ह्यथना ब्यहोराय् निष्ठा तइमखुपिं दःसा स्वकःहना पशुपति तछ्याःगु महापातक लाइगु जुल साखासंतान नाश जुइमा । थुगु तम्बशासन (सिजलय् च्वयातःगु जुजुया उजं) च्वयाः तको न्ह्यथना ब्यहोरा तयाः निष्ठा तयाः पालन याःसा जन, धन, सन्तान, काय् छय् अप्पोय् माल, थुपिं पूवनेमाः । यदि छुं जुयाः कोकेतय् खँ न्यनाः, उगु लँय् जुयाः हःगु अवस्थाय् कोकेतय् खँय् मवंम्ह, उकथं जुयाः कोकेतय् खँ न्यनाः लँय् लानाः हःम्हसिके छुं नं दःसा उपद्रव (नोक्सानी) जक काय् त्यःगु जुल ।

थुपिं तम्बशासनय् च्वयाः कबुलयाःगु ब्यहोरा खंम्ह साक्षी स्वकःहना पशुपति प्राङ्गणया चण्डेश्वर व ब्रह्मा जुल, बांलाय्मा ।

नेपालसंवत् ५७३ तछलागा दशमी तिथी (१ जून १४५३) रेवतीनक्षेत्रय् शोभनयोगय् शुक्रवारय् । भिनेमा ।

४. नेपाली अनुवाद

(सिद्धि चिह्न) ॐ श्री ३ पशुपतिलाई नमस्कार ।

तिम्रो सामु आएका प्रमुख राजाहरु आदि, सत्य भाकी एक भई (आफ्नो वचन) मानेका (यिनीहरुले) यदि (ती) सबै भनाइलाई नअपनाए (ती शासकहरु) पापका भागी हुनेछन् । यी कुरा बुझेका हे पशुपति तिमी नै साक्षी छौ ।

श्री ३ पशुपतिभट्टारक (र) श्री ३ उभय (कीर्तिमुख, उन्मत्त) भैरवको अगाडि रहेको धर्मशिलामा छोई कबुल गरेका व्यक्त व्यहोरा यी हुन् ।

(भक्तपुरको पुरानो) श्रीत्रिपुरदरवार, राजा यक्ष मल्लदेव प्रभुठाकुर प्रमुख, श्री मानिगल (ललितपुरको शासक) येथ(दक्षिण)विहारका उदयसिंह भारो प्रमुख, गुंबहाल (साँखु) आआफ्नो क्षेत्र, फर्पिङ (शिखरपट्टन)का शक्तिसिंह रावत प्रमुख भई, यी चार जनाको क्षेत्रमा, यिनीहरुको मन मिलेर आआफ्नो शाखा-सन्तान, पुस्तौं पुस्ता निष्ठापूर्वक मान्नेछौं भनी आत्मश्रीदिव्य कबोल गरेका व्यहोरा यी हुन् ।

व्यहोरा

चम्पारन, लोहावर यी दुई, आदिले कोके (मधेशी) परचक्र (शत्रु)को कुरामा (तिनीहरु) घुम्न आएमा उनीहरुको कुरा नसुनी, लहैलहैमा नलागी आफू खुशीसाथ रहनु पर्छ । कोकेको हमला चाहे पश्चिमको बाटोबाट होस् वा पूर्वको बाटोबाट, (ती) जुनसुकै बाटोबाट आए पनि प्रत्याक्रमण गर्ने कुरामा आफू मिलेर वा नमिलेर रहे पनि प्रस्थान गर्न तयार हुनुपर्छ । कोकेको कुरामा आफ्ना आश्रयमा रहेकाहरु (फौज) जम्मा गरी जहाँबाट भन्यो त्यहाँबाट आफू समेत गएर खुशीसाथ भिड्न जानुपर्छ । भिड्न जाने कुरामा पछि हटेर हेलचक्राइँ गरी बस्नु हुँदैन, खुसीसाथ भिड्न ठाउँमा जानुपर्छ । (त्यसको लागि) उर्गावन (भाडाको सैनिक) राख्नु पर्ने ठाउँ (ठाना)मा उर्गावन राख्ने, आफू बस्नु पर्ने ठाउँमा आफू बसी, आर्थिक रुपले समर्थ भइरही खुशीसाथ दृढ भइरहनु पर्छ, यदि कदाचित नमिली बसेको अवस्थामा (तिनीहरुलाई) भित्र्याउनु (मिलाउनु) पर्छ । यी व्यक्त व्यहोरामा निष्ठा राखी नमानेमा श्री ३ पशुपति फोडेको महापातक लाग्नेछ, निःसन्तान हुनेछ । यी तम्बशासनमा लेखे जति व्यक्त व्यहोरामा निष्ठा राखी पालन गरेमा जन, धन, सन्तान,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

छोरा नाति वृद्धि आयुआरोग्य पूर्ण हुनुपर्छ । यदि कदाचित कोकेका कुरा सुनेर बाटो हिड्नेलाई ल्याए, कोकेका कुरामा नलागेका, उनीहरुका कुरामा लागी, कोकेका कुरा सुनेर बाटोबाट ल्याएकाले केही कुरा गरेको भए उपद्रव (नोक्सानी) मात्रै लिन पाउनेछ ।

यस तम्बशासनमा लेखिएका, कबोल गरिएका व्यहोराको देखेका साक्षी (पशुपति प्राङ्गणस्थित) श्री ३ चण्ड (चण्डेश्वर) र पितामह (ब्रह्मा) छन् । राम्रो होस् ।

नेपालसंवत् ५७३ ज्येष्ठ कृष्ण दशमी तिथि (१ जून, १४५३ ई.)मा, रेवतीनक्षत्रमा, शोभनयोगमा, शुक्रवारका दिन । (सबैको) भलो होस् ।

५. स्पष्टीकरण

अठि- यस उत्कीर्णलेखमा 'भाषा'को विशेषण रुपमा तीन पटक प्रयोग भएको छ -"अठि भाषा" भनेर । यसको व्युत्पति संस्कृत अस् 'हुनु, रहनु' धातुमा ति, तिङ प्रत्यय जोडिएको 'अस्ति' (छ, हो) भन्ने बुझिन्छ । यहाँ क्रियार्थक नभई अर्थ विस्तार भएर विशेषणात्मक 'लिखित उल्लिखित' हुन गएको बुझिन्छ ।

आत्मश्रीदिव्य - यो कुनै संस्कृत पाठ्यको वाक्यांश बुझिन्छ । यसले के भन्न खोजेको हो बुझिएको छैन । नेसं ६६८ को पशुपतिको उत्कीर्णलेख (रेग्मी १९६६:१०८-१११)मा "आत्माशिरदिव्य" यसै प्रसंगमा लेखिएको छ ।

उर्गावन - नारदस्मृतिको नेवाभाषा टीका न्यायविकासिनीमा उरगावन/उद्गावनि संस्कृत भृत(ज्यालामा काम गर्ने)को पर्याय रुपमा प्रयोग भएको पाइएको छ । (पन्त, २००८:९४) भुत तीन प्रकारको हुने, उत्तम-शास्त्र समात्ने काम गरी जीवन निर्वाह गर्ने, मध्यम-कृषि काम गर्ने र अधम- मानिस बोक्ने काम गरी जीविका गर्ने । यहाँ उत्तम भृतको अर्थका ठाना विशेषमा खटी शत्रुपक्षको निगरानी गर्ने भाडाको सैनिक (Mercenary-Apte) अर्थमा उर्गावन प्रयोग गरिएको छ । यसबाट तत्कालीन सैन्य व्यवस्थासम्बन्धी झलक बुझन सकिन्छ ।

कोके/कोकी - यो शब्दको अर्थ स्पष्ट बुझिएको छैन । नेपाल तराइ तथा भारतीय भूभागलाई बुझाउन नेवाभाषामा यस समयमा 'कोवने' (तलतिर, गो.वं. ४६५४ र कोबि (नेसं.५७४) प्रयोग भएको पाइएकोले यहाँ यसको अर्थ 'तलतिरको' (मधेशी) होला भन्ने थानिएको छ । संशोधनमण्डलका इतिहासकारहरु (धनवज्र वज्राचार्य २०११, ज्ञानमणि नेपाल १९९७, महेशराज पन्त २०१३)ले भने यसलाई एक अलग राज्य सम्झेका छन् । पेटेक (१९८४:१७७)ले भने यो कुनै पारिवारिक नाम मानेका छन्, जसले चम्पारन, लोहावरमा शासन गरे ।

चण्ड-पितामह - यस उत्कीर्णलेखको शुरुमा धर्मशिलाको स्थान परिचय पशुपतिभट्टारक र उभयभैरवको अग्र (अगाडि) भनी पशुपतिमा रहेको प्रमुख देवताहरु पशुपति, कीर्तिमुखभैरव (जनसाधारणले पातालभैरव) र उन्मत्तभैरव देवताहरुको उल्लेख गरेको छ । अन्तमा भने चण्ड-पितामहलाई साक्षी राखिएको छ । वज्राचार्य (२०११:३२५)ले यसको अर्थ सूर्य (चण्डांशु) मानेका छन् । अरु मौन छन् । वास्तवमा यहाँ पशुपतिकै 'श्री ३' चण्ड र पितामह देवता साक्षी राखेको हुनुपर्छ । पशुपति प्राङ्गणको पूर्वोत्तरमा रहेको चण्डेश्वर (शिव) र पश्चिमोत्तर कुनामा रहेको ब्रह्मा (पितामह) यी हुन सक्ने देखिन्छ । यी दुई देवता साक्षीको रुपमा पशुपतिमै टाँगिएको शासकहरुबीच भएको नेसं. ६१५ र ६६८को तम्बशासनमा पनि परेको छ ।

उन्मत्त भैरव पशुपति प्राङ्गणको नेसं ५९१ को शिलापत्रमा नारायण भट्टले नेसं. ५८८ चैत्रकृष्ण ११ मा बनाइयो (क्रियते) भनिएको छ । (टण्डन, १९९९:१३४-१३५) प्रस्तुत तम्बशासनले ५ वर्ष अघि नै यहाँ उन्मत्त भैरव रहेको संकेत गरेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

चम्पारन - प्राचीन मिथिला क्षेत्र, भारतको विहार प्रान्तको जिल्ला पूर्वी चम्पारन जिल्लाको सदरमुकाम बेतिया र पश्चिम चम्पारन जिल्लाको सदरमुकाम मोतीहारी वर्तमान नेपालको सीमासंग जोडिएका प्राचीन राज्य हो ।

तंबशासन

धर्मशास्त्रमा राजकीय लिखतलाई 'शासन' र जनसाधारणको लिखतलाई जानपद/लौकिक भनी उल्लेख गरिएको छ। (पन्त, २०००:११) यहाँ तामामा लेखिएको राजकीय उत्कीर्णलेख अर्थमा तंबशासन शब्द प्रयोग भएको छ । तामापत्र शब्दले दुबैथरि उत्कीर्णलेख बुझिन्छ ।

पस्तननो - यो शब्द नेवाभाषामा संस्कृत 'प्रशन्नत:' (खुशीसाथ)बाट विकास भएको हो कि जस्तो छ ।

पस्थाव - यो संस्कृत प्रस्तावको विकसित रुप मानिएको छ र अर्थ 'शुरुआट' लगाइएको छ ।

भाषा - बोली अर्थ बुझाउने यो शब्द लिखतहरुमा वयान गरिएको ब्यहोरा, विवरण बुझाउने गर्छ, वंशावली आदिमा भने संस्कृतइतर बोलीचालीको मातृभाषा (नेवाभाषा, खसभाषा आदि) बुझाउँछ ।

मंगलस्तुति - यक्ष मल्लले आफ्ना सामन्तहरुलाई पशुपतिको धर्मशिला छुवाई धर्म भाकेको कुरा परेको र पशुपतिलाई साक्षी राखेको यो पन्ध्र अक्षर पाउको मालिनी छन्दी श्लोक अत्यन्त मार्मिक छ । यो मंगलस्तुति मूलत: यक्ष मल्लका छोराहरुबीच भएको नेसं. ६१५ (ईं १४९५) सहमतिपत्रमा पनि उत्कीर्ण गरिएको छ। (टण्डन, १९९९:१३७)

महापातक - ब्रह्महत्या, सुरापान, चोरी, गुरुमासंभोग र यीसंग संगत गर्ने पाँच ठूला पापी (अपराधी) मानिएको छ।

यु लं वं लं - भोट-बर्मेली नेवाभाषाका दिशावाची मूल शब्द वं (पूर्व) ये (दक्षिण) यो (पश्चिम) यं (उत्तर) प्राय: उपसर्ग जोडी प्रयोग गरिन्छ । यहाँ युलं वंलं उपसर्ग सहित दिशावाची शब्द हुन सक्छ, तर लं-को अर्थ स्वतन्त्र 'बाटो' पनि हुने हुँदा यहाँ यु (यो-पश्चिम) र वं (पूर्व) स्वतन्त्र प्रयोग मानिएको छ। यं (उत्तर) र ये (दक्षिण) दिशा "गोन ल" (कुनै पनि बाटो) शब्दले संकेत गरेको छ । यी संकेत गरेको । यी दिशावाची शब्दले काठमाडौं उपत्यका "चार भञ्ज्याङ"लाई संकेत गरिएको छ । यी चार भञ्ज्याङ समय अनुसार फरक फरक स्थानमा रहेको बुझिन्छ । यक्ष मल्लको पालामा चार भञ्ज्याङ साँगा (भक्तपुर अन्तर्गत बनेपा), लेले (मनिगल अन्तर्गत), फर्पिङ, साँखु रहेको देखिन्छ ।

लोहावर - प्राचीन कोशल क्षेत्र, उत्तरप्रदेशको बल्लिआ जिल्ला, रास्रा तहसिल, प्रधानपुर पञ्चायतका तीन मध्ये एक गाउँ । यो स्थान पन्ध्रौं शताब्दिमा नेपालमण्डलबासीको दक्षिणतिरको व्यापार केन्द्र रहेको बुझिन्छ । आशा सफूकुथिस्थित नेपाल-जर्मनी हस्तलिखितग्रन्थ संरक्षण परियोजनाद्वारा छविचित्रित (ई ५१३५/१३) पन्त (२०००:२८-२९) द्वारा प्रकाशित नेसं ५७१ (ई. १४५१)को "लोहाभर वनेया संप्रधार" (लोहावार जाने सहमति) लिखतमा काठमाडौं तेदोबहार (टेबहाल)का पाँच श्रृंखलीकार (सिखराकार)ले यो सहमति गरी त्यहाँ पालोपालो जाने व्यवस्था गरेका थिए । त्यस व्यवसायमा लाग्दा 'नायक'लाई दिने 'बा तंका' (आधा टंका) बाहेक अरु सबै आम्दानी मधकार (मंका:/साझा सम्पति) हुने व्यवस्था गरिएको छ । (पन्त, २०१३:२३-३०)ले "तात्कालिक नेवारीभाषा राम्ररी नबुझिएको" स्वीकारी "अघिबाटै लोहावरसँग मुठभेद भइसकेको" ठान्नु भएको छ। ब्याम्ब्रिजमा रहेको हिरण्यसप्तक ग्रन्थको अन्तमा टिपिएको टिपन अनुसार नेसं. ५७४ (ई. १४५४)मा लोहावर (ल्वाह्वावरि), सप्तरी (सपथरि) र रायगढ (रायगड)का लडाकुहरु संयुक्त रुपमा नेपालमण्डलमाथि आक्रमण गर्न आएका थिए । (हेर्नुहोस् - परिशिष्ट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

सकुडा - यसको स्पष्ट अर्थ र उत्पति बुझिएको छैन । प्रस्तुत तम्बशासनको वाक्यांश "थव थव सकुडा सकुडावु", "चवभयस सकुडावु" बाट यसको भावार्थ स्थान, क्षेत्र, प्रदेश बुझिन्छ ।

हाथार - प्रस्तुत तम्बशासनमा "कोके हाथार" प्रसंग आएको अर्थपूर्ण छ । नेपालमण्डल कोवने/कोके (मध्येशी) राज्यको आक्रमण धेरै पहिलेदेखि हुँदै आएको हो । गोपालादि राजवंशावलीमा नेसं २३१ देखि ४३२ सम्म दुइ सय वर्ष नेपालमण्डलमा डोय (मैथिलहरु)बाट निरन्तर आक्रमण भएको वर्णन छ । तर रुद्र मल्लले आफ्नी बहिनी देवलदेवीको विवाह तिरहुती (मैथिली) राजा हरसिंहदेवसंग गरिदिए पछि त्यो साम्य भएको थियो । परन्तु अर्को मैथिलक्षेत्रीय राज्य चम्पारन र लोहावर यस प्रयासमा लागिरहेको देखिन्छ । यहाँ हाथार (संस्कृत हन्तृ 'मार्ने', नेवाभाषा हता: 'आक्रमण') प्रसंग त्यसैको प्रमाण हो ।

यक्ष मल्लले आफ्नो समयमा कतै आक्रमण गरी राज्यविस्तार गरेको प्रमाण पाइएको छैन । उनी रक्षात्मक स्थितिमा रहन सामन्त शासकहरु बीच सहमति बनाएको र त्यसको पचासौं दिन नेसं. ७५३ श्रावण शुक्ल पूर्णिमा ख्वपगढ (भक्तपुर किल्ला) बनाउन शुरु गरेको देखिएको छ । वज्राचार्य, २०११:३२७-३३१) तर इतिहासकारहरु यक्ष मल्लले नेपालमण्डल राज्यविस्तार गरे भन्ने ठान्छन् । यसको कारण हो यक्ष मल्लका सातौ पुस्ताका युवराज जगज्ज्योति मल्ल (राजा ई. १६१६-३६)ले शसं १५३६ (ई. १६१४)मा यक्ष मल्ल बितेको १३२ वर्षमा रचेको स्वरोदयदीपिका (नरपतिजयचर्याटीका)मा आफ्नो वंशावली बयान गर्दा उनीबारे बढाइँ गरी लेखेको प्रशस्ति । यहाँ उनले यक्ष मल्लले पूर्वमा बङ्गदेश (बङ्गाल), पश्चिममा पालपा (पाल्पा), दक्षिणमा सुरनदी (गङ्गा) र उत्तरमा सप्ताहगम्याभूमि (सात दिनमा पुग्ने भूमि) सम्म आफ्नो राज्यविस्तार गरेको चर्चा गरेको छ । (शास्त्री, १९०५:१०७)

हेलिक - यसको स्पष्ट अर्थ बुझिएको छैन । यहाँ पूर्व अध्येताहरुकै अर्थ्याइ 'हेलचक्राइँ' नै मानिएको छ ।

स्रोत सामग्री

टण्डन, गोविन्द, ई.१९९६/१९९९
पशुपतिक्षेत्रको सांस्कृतिक अध्ययन, एक भाग (परिचय), दुइ भाग (अभिलेख) । काठमाडौ : झरेन्द्र शम्शेर ।

नेपाल, ज्ञानमणि, ई.१९९७
नेपालको पूर्वमध्यकालको इतिहास । कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, विसं २०५४ ।

पन्त, दिनेशराज (सं), ई.२००८
न्यायविकासिनी । काठमाडौ : कानूनी व्यवसायी क्लब, बिसं २०६५ ।

पन्त, महेशराज, ई.२०००
ताडपत्रमा लेखिएका, वि.सं १४८७ देखि १५१२ सम्मका, ... ५२ वटा लिखतपत्र" पूर्णिमा, १०० (विसं २०५७ आश्विन) १-३७ । लिखतपत्र ३९ संख्या, पृ.२८-२९ ।

पन्त, महेशराज, ई.२०१३
"नेवारराज्यको कानूनी लिखत" । कानूनी आयोग पत्रिका (काठमाडौ : नेपाल कानून आयोग, विसं २०७०, पृ.२८-२९ ।

वज्राचार्य, धनवज्र, ई.२०११
पूर्वमध्यकालका अभिलेख । कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, विसं २०६८ ।

वज्राचार्य, धनवज्र र टेकबहादुर श्रेष्ठ, ई.१९७०
दोलखाको ऐतिहासिक रुपरेखा । काठमाडौ : नेपाल र एशियाली अध्ययन संस्थान, विसं २०३१ ।

Apte, Vaman Shivaram, 1986
The Practical Sanskrit-English Dictionary. Kyoto: Rinsen Book Company.

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

Bendall, Cecil, 1992
Catalogue of the Buddhist Sanskrit Manuscripts in the university Library, Cambridge. Reprint. Stuttgart: Franz Steiner Verlag. (first ed. 1883)
Malla, Kamal P. (chief ed.), 2000
A Dictionary of Classical Newari Compiled from Manuscript sources. Kathmandu: NBDC, Cwasapasa.
Nepal German Manuscript Preservation Project, 1970-2001
Manuscripts and documents microfilmed in the name of PN (Pashupatinath) during 1998.
Petech, Luciano, 1984
Medieval History of Nepal (c.750-1482). Revised 2nd ed. Rome: IsIMEO.
Regmi D.R., 1966
Medieval Nepal, Part III. Calcutta: Firma K.L. Mukhopadhyay.
Sastri, Hara Prasad, 1905,
A Catalogue of Palm-leaf & Selected Paper MSS Belonging to the Durbar Library, Nepal. Calcutta: Baptist Mission Press.
Vajracarya, Dhanavajra and Kamal P. Malla, 1985
The Gopālarājava?śavalī. Wiesbaden: Franz Steiner Verlag.

परिशिष्ट

हिरण्यसप्तक (नेसं. ३१६)को पुष्पिकोत्तर टिपन

मूल पाठ

१. ? सम्वत ५७४ फाल्गुनि शुद्धि १२ थ्व संवछरस कोबिन ल्वाह्वावरिया, प्रभितन : सपथरिया : रायगडया : थ्व स्वंह्मं राजा मुङन : द्वलषास : दिकोत्वं

२. श्रीकीर्तिसिहङत्वं ।। यंधुनिया जगता मभि ।। थुति मुङन ।। श्री जक्ष मल्लदेव राजात्वं उपर वव, ।। थुति वव, डल ङिनिचोस संग्राम ।। श्री २ जक्ष मल्लदेवस्यं फुङ हंङा ।।

(क्याम्ब्रिज विश्वविद्यालय पुस्तकालय, लगत संख्या १६९१, क्याम्ब्रिज डिजिटल लाइब्रेरीबाट साभार, ६ जनवरी २०१५)

नेपाली अनुवाद

(सिद्धि चिह्न) नेपालसंवत् ५७४ फाल्गुन शुक्ल १२ (ई. १४५४ फेब्रुवरी १०) कोबि (तलतिर = मधेश)बाट लोहावर (मूल- ल्वाह्वावरि/उत्तरप्रेदेश, भारत) आदि (प्रभिृति)ले सप्तरी (मूल-सपथरि/नेपाल तराई?)का, रायगढ (मूल- रायगड/उडिसा, भारत) का, यी तीन (स्थानका) शासक(राजा)हरु जम्मा भई (नेपालमण्डल आक्रमण गर्न आए) । (तिनीहरुलाई परास्त गर्न) दोलखामा रहनु भएका (सामन्त पात्र) श्रीकीर्तिसिंह, यंधुनि (सिन्धुली ?)का मभी (मध्यस्थ, स्थानीय प्रशासक) जगता - यिनीहरु जम्मा भई श्री यक्ष मल्लदेव राजालाई उपर (युद्ध शान्त गर्न)को लागि आए । (यिनीहरुको) यहाँ (कोबि)बाट आएका (लडाकु) दल(संग) ङिनिचो(?)मा सङ्ग्राम (भयो) । राजा यक्ष मल्लदेवले (तिनीहरुलाई) जितेको थियो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.



CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

महायोगी मिलारेपाको काठमाडौं उपत्यकाको यात्रा

- कल्पना पराजुली*

तिब्बती भाषी हिमाली क्षेत्रमा सर्वाधिक चर्चामा रहेका योगी मिलारेपा (सन् १०४०-११२३) को जन्म चीनको स्वशाषित क्षेत्र तिब्बतको उचाङ् प्रान्त अन्तर्गत क्याङाचा गाउँमा भएको थियो । बौद्ध धर्म अभ्यास गर्ने क्रममा नेपालका हिमाली भूभाग र काठमाण्डू वरपरका क्षेत्रमा समेत तपश्या गरेका मिलारेपाको जीवनी र गीतहरुको संग्रह तिब्बती र अङ्ग्रेजी भाषामा प्रकाशित छन् । १ नेपालको राष्ट्रिय अभिलेखालयमा काठेछापा (xylograph) को रुपमा सङ्कलित दुई पुस्तकको आधारमा उनको नेपालको केही भागको यात्रासम्बन्धि प्रसङ्ग यहाँ उल्लेख गरिएको छ ।

राष्ट्रिय अभिलेखालयको तिब्बती शाखामा रहेको पोका संख्या ६५७ र ६७९ मा रहेका दुईवटा पुस्तकहरुमा मिलारेपाको जीवनी र गीतहरुको विस्तृत सङ्कलन दिइएको छ । अन्य पोकाहरुमा कहीँ सँगसँगै र कहीँ अलगअलग रुपमा यी रचनाहरु रहेका छन् । तीमध्ये पोका संख्या ६५७ मा रहेका दुई पुस्तकहरुलाई सन्दर्भग्रन्थको रुपमा लिइएको छ । रुपे ग्येन्चेन (चाङ् न्योन हेरुक) विरचित १२१ पन्ना भएको नाल्ज्योर घ्यी वाङ्छ्युग धाम्पा जेचुन मिलारेपे नाम पार थार्पा धाङ् थाम्चे ख्येन्पाई लाम्तोन श्युग्सो (सद् योगेश्वर भट्टारक मिलारेपाको विमोक्ष तथा सर्वज्ञताको मार्गनिर्देशिका) ग्रन्थमा मिलारेपाको पूरै जीवनी दिइएको छ । यो ग्रन्थ माइक्रोफिल्म रिल नं. AT २७/२ मा पनि उपलब्ध छ ।

त्यस्तै चाङ्न्योन हेरुकाद्वारा सङ्कलित २९२ पन्ना भएको जेचुन मिलारेपे नाम्थार ग्येपार छ्ये वा गुर्बुम शुग्सो (भट्टारक मिलारेपाको विस्तृत जीवनी र सहस्रगीत) मा मिलारेपाले नेपाल र तिब्बतको विभिन्न क्षेत्रमा गाएका गीतहरु पृष्ठभूमिसहित छापिएका छन् । माइक्रोफिल्मको AT २७/३ रिलमा यी गीतहरु उपलब्ध छन् ।

मिलारेपाको संक्षिप्त जीवनी

हिमाली क्षेत्रमा एकदमै प्रसिद्ध बौद्ध योगी तथा दोहा गायक मिलारेपाको बाल्यकालको नाम थोपागा थियो । अत्यन्त धनी परिवारमा सन् १०४० मा जन्मेको थोपागाको कुल मिला थियो । तिनै मिला कुलमा जन्मेका व्यक्ति पछि सुतीको बर्को (रे) मात्र ओडेर हिमालमा बस्न सक्ने व्यक्ति (पा) भएपछि मिलारेपा नामले चिनिए । उनको नामअगाडि भट्टारक (जेचुन), योगेश्वर (नाल्ज्योर घ्यी वाङ्छुग) जस्ता पदवी पनि जोडेर जेचुन मिलाजस्ता शब्दले पनि उनलाई सम्बोधन गरिन्छ ।

चाङ्न्योन हेरुक अर्थात् रुपे ग्येन्चेन (सन् १४५२-१५०७) ले पन्ध्रौं शताब्दीमा लेखेको मिलारेपा

---

* तिब्बती भाषा सहायक, राष्ट्रिय अभिलेखालय ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

Digitized by Sarayu Trust Foundation Delhi and eGangotri.

विमोक्ष (नाम्थार) को नौ अध्यायमा आधारित भएर सङ्क्षिप्त परिचय यहाँ दिइन्छ । मिलाशेराव ग्याल्छेन र कार्मो ग्येनका पुत्रको रुपमा तिब्बतको क्याङाचामा जन्मेका थोपागालाई सात वर्षको उमेरमा पितृशोक पर्‍यो । आमा र बहिनीसँगै उनी काका र फुपूको घरमा नोकरको रुपमा काम गर्न बाध्य भए । सोह्र वर्षको उमेरमा पैतृक सम्पत्ति आफन्तहरुबाट प्राप्त गर्ने क्रममा असाध्यै अपमानजनक रुपमा पिटिए । सम्पत्ति नपाएको रिसमा आमाले मिलारेपालाई टुनामुना सिकेर काकालगायतका आफन्तहरुलाई मार्न झाँक्रीहरुकहाँ पठाइन् । खुलुङ्पा योन्तेन ग्याछोबाट मार्ने कुविद्या सिकेर काकाको छोराको बिहेमा भोज खान लागेका ३५ आफन्तहरुलाई एकै चिहान बनाइएदिए । काका र फुपू संयोगवश बाँचे । फेरि आमाको आग्रहमा युङ्तोन ठोग्याल नामक झाँक्रीबाट असिना पार्ने विद्या सिकेर आफ्ना मामाको जग्गाको बाहेक सबै गाउँलेहरुको बाली उठाउन ठिक्क पारेको उवा नष्ट पारिदिए। यस्ता कुकृत्यहरुबाट पछुतो मानी बुद्ध धर्म सिकाउने सद्गुरुको खोजीमा पुर्ख्यौली गाउँमा नफर्किकन लोढाग भन्ने ठाउँतिर लागे ।

